# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालको संविधान २०७२ को धारा ३ मा नेपाल राष्ट्र बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विशेषता युक्त भौगोलिक विविधतामा रहेका समाज आकङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता र राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आवद्ध सबै नेपाली जनता समष्ट्रिमा नेपाल राष्ट्र हो भनी उल्लेख गरिएको छ । समाज भनेको सामाजिक सम्बन्धको जालो हो । समाजभित्र विभिन्न जातजाति, धर्म, संस्कार, मूल्य मान्यता, प्रथा, परम्परा बोकेका मानिसहरू एक आपसमा अन्तर्क्रिया र अन्तर्सम्बन्ध स्थापित गरेर बसेका हुन्छन् । एउटै रहनसहन, व्यवस्था, धर्म आदि अँगाल्ने वा एकै स्थानमा सँगै बसोवास गर्ने मानिसहरूको समूहलाई समाज भनिन्छ । मानिस एक्लैले सबै आवश्यकता पूरा गर्न सक्दैनन् । यिनै आवश्यकता पूरा गर्ने सन्दर्भमा समाजको निर्माण हुने गर्दछ अर्थात् आवश्यकताले नै मानिसलाई सामाजिक बनाउँछ । यी आवश्यकताहरूको परिपूर्ति संस्कृतिले गर्दछ । यसकारण समाज निरन्तर अगाडि बढेको हुन्छ । पृथ्वीमा मानवको उपस्थिति भइसकेपछि हरेक मानिसहरू विभिन्न कार्यमा सहभागी हुन थ ाले । यसरी कार्यमा विशिष्टीकरण हुँदै जाँदा समाज आजको आधुनिक तथा वैज्ञानिक युगमा प्रवेश गरेको हो । पछिल्ला समयमा कार्यका आधारमा सहभागी वर्गमा विभाजित गरियो । वर्गसँगै जात, थर र गोत्र आदिको प्रचलनको पनि विकास भयो । नेपाल परम्परादेखि नै विभिन्न जाति, जनजाति, दलित, अल्पसङ्ख्यक रहदै आएका छन् । वि.सं.२०५८ को जनगणनामा १०१ वटा जातिहरू उल्लेख गरिएको छ । यी विभिन्न जातिहरूका भाषा, धर्म, संस्कृतिमा विविधता भए पनि प्रकार्यात्मक रूपमा एकता पाइन्छ । हिन्दु वर्ग व्यवस्थामा आधारित मूल जाति ब्राहमण, क्षेत्रीभन्दा बाहेक ५९ वटा आदिवासी जनजातिलाई सूचीकृत गरिएको छ । आदिवासी जनजाति महासंघको स्थापना सँगै अझ थपिने क्रम जारी छ । शेर्पा, तामाङ, राई, लिम्बू, सुरेल, जिरेल, चेपाङ, पहरी, थारू, ह्याल्मो, मार्फाली, बाह्रगाउले लगायतका ५९ वटा जनजातिलाई सूचीकृत गरिएको छ । वि.सं.२०६८ को जनगणनाअनुसार नेपाल १ सय २५ वटा जातिहरू भएको उल्लेख गरिएको छ ।

प्राचीन काल, मध्यकाल र आधुनिक कालमा पनि शिक्षाको महत्व विशाल रहेको इतिहासमा पाउँदछौ । महिला, पुरूष, दलित, जनजाति, पिछडिएका वर्ग सबैको लागि शिक्षा आवश्कीय पक्ष हो । शिक्षाको विकासविना कुनै पनि जाजाति, वर्गको विकास असभ्व हुनेमा दुई मत छैन । सबै जाजाति जस्तै नेवार जातिको पनि आफ्नै धर्म, संस्कृति र परम्परा र समाज रहेका छन् । नेपालमा कुल १२५ जातजातिहरू रहेका र तिनीहरूले बोल्ने भाषाहरू १२३ रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कअनुसार कुल जनसङ्ख्या मा ५ प्रतिशत अर्थात् १३,२१,९३३ जना नेवार जातिको बसोवास रही आएको छ । उक्त गणनाअनुसार ३.२ प्रतिशत अर्थात् ८,४६,५५७ जनाले नेवारी भाषाको रूपमा मातृभाषा बोल्ने गर्छन् । कुल जनजातिमध्ये नेवार जातिलाई उन्नत जातिको रूपमा नेपाल जनजाति महासंघले सूचीकृत गरिएको छ । नेवार जाति हिन्दु धर्म मान्ने भए तापनि परापूर्वकालदेखि नै यिनीहरूको आफ्नै छुट्टै किसिमका रीतिरिवाज, परम्परा, मूल्य मान्यता र सांस्कृतिहरू रहेका छन् । नेवार नेपालका विभिन्न जनजातिहरूमध्ये एक उन्नत र उच्च वर्गको रूपमा रहेको जाति हो । नेवारहरूको बसोवास पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका पहाडी जिल्लामा फैलिएको छ । नेवार जाति मुख्य गरेर काठमाडौं, भक्तपुर, ललितपुर लगायतका जिल्लाहरूमा छरिएर बसोवास गर्ने गर्दछन् । नेवार जाति मुख्य रूपा शहर केन्द्रित भई बसोवास गर्ने गर्दछन् ।

तत्कालीन सरकारले पञ्चायत कालमा सेता मगुराली अर्थात् शेर्पा, तामाङ, गुरूङ र पछि गएर थारू समेत गरी ७ वटा जातिलाई आदिवासी भन्दै आएको थियो भने प्रजातन्त्रको पुनर्स्थापना पश्चात गम्भीरतापूर्वक विचार नगरी जनजातिकै दबाबमा परेर ६१ जातिलाई आदिवासी भनी घोषणा गऱ्यो । नेपाल सरकारले उनीहरूलाई आदिवासी घोषणा गर्दा के विचार पुऱ्याएन भने स्थान विशेषको आधारमा आदिवासी नामकरण गरिनु हुँदैन थियो । सरकारले आदिवासीले सूचीमा राखेको छ ? जातिलाई आदिवासी भनी घोषणा गऱ्यो । सरकारले आदिवासीको सूचीमा राखेको छ ? जाति निम्न छन् - शेर्पा, तामाङ, मगर, गुरूङ, राई, लिम्बू, कुमाल, कुसुण्डा, राउते, सुरेल, जिरेल, मेचे, बोटे, दुरा, सतार, दनुवार, चेपाङ, पहरी, राजवंशी, नेवार, लेप्चा, झांगडा, धिमाल, थकाली, भोटे, स्याङतन, हायु, माझी, किसान, दरै, सुनुवार, तोङव, मनाङे, थामी, डोल्पो, थारू, ल्हीमी, व्यासी, ह्यानुक, ह्याल्मो, कुसवाडीया, गनगाई, चिम्तन, इन्तयाल, हैरोतन, ठीन्तन, ताजपुरिया, ताप्केगोला, युदुमफी,

वनकिरिया, भुजेल, मुगाली, वराम्, मार्फाली, वाह्‌गाउले, राजी, लाकै, ल्होपा, सियार र वोलुङ रहेका छन् (पाण्डे, २०६३) ।

नेपालको जनजातिहरू हेर्ने हो भने धर्मग्रन्थ र पुराणसम्म पुग्न सकिन्छ । प्राचीन समयमा यहाँ उत्तर र दक्षिणबाट आएका विभिन्न जातिहरू बसोवास गरेका कुराहरू इतिहासमा उल्लेख गरेका छन् । नेपाल एउटा बहुजाति (मंगोल, किराँत, खस, आर्य) र बहु धर्म, बहु संस्कृति (बौद्ध, हिन्दु, इस्लाम, झाक्री) भएको मिश्रित समाजको संगम स्थल हो । यसरी बहुजाति, बहुभाषा र बहुधर्म संस्कृतिबाट बनेको सिङ्गो नेपाली समाज अनेकताबाट बनेको एक राष्ट्र हो । यस एकता भित्रमा अनेकता पाइन्छ ।

नेपालको प्रीचन निवासीबारे विभिन्न विद्वानहरूले आ-आफ्नो किसिमले तर्क प्रस्तुत गरेका छन् । एक थरिका अनुसार नेपालमा बसोवास गर्ने पहिलो जाति तिब्बतबाट आएका थिए र उनीहरू मंगोलियन थिए । अर्को थरिका अनुमानअनुसार नेपालमा बसोवास गर्ने पहिलो दक्षिणबाट आएका थिए । उनीहरू आर्य जातिका थिए । नेपाली समाज लाई धरातलीय स्वरूपअनुसार हेर्ने हो भने मंगोल र आर्य अर्थात् उत्तर र दक्षिण दुवै क्षेत्रबाट नेपालमा प्राचनि मानिस आएको हुन सक्छ ।

प्राचीन समयमा चीनबाट आएको मन्जुश्रीले पहाड काटी उपत्यकाको पानी बाहिर पठाई बस्ती योग्य बनाएको र यस ठाउँमा मानिस बसोवास गर्न योग्य बनाएको र यस ठाउँमा मानिस बसोवास गराएको भन्ने प्राचीन कथामा छ । यस कथाअनुसार उपत्यकाको बसोवास गर्ने पहिलो जाति उत्तरबाट नै आएको हुन सकछ ।

त्यस्तै नेपाली समाजको ऐतिहासिक प्रमाणिक आधार खोज्ने हो भने हिन्दु, जैन, बौद्ध, ग्रन्थहरू कोटिल्यको अर्थशास्त्र र गोपाल वंशावलीलाई लिन सकिन्छ । यसबाट के देखिन्छ भने यस ठाउँमा गोपाल, महिषपाल, किराँत, शाकय, लिच्छवि र मल्ल आदि जातिहरूले शासन गर्दै आएको भन्ने देखिन्छ ।

गोपाल वंशावलीका अनुसार लिच्छवि राजाहरूले नेपाल राज्य गर्नु अघि ३२ किराँत वंशी जातिका राजाहरूको नाम उल्लेख भएको पाइन्छ । यसै क्रममा यो भन्न सकिन्छ कि पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियान पहिले जति पनि शासक आए ती सबै नेवारी समाजमा मिले ।

नेवारी समुदायको जातियताका सम्बन्धमा विद्वानहरूको मतभेद भएको देखिन्छ । केही वंशावलीअनुसार नेवारहरू ब्रम्हपुत्र क्षेत्रीय हुन् । यनको आदि निवासस्थान दक्षिणको छिमेकी राज्य नायर प्रदेश हो । अर्को वंशावलीअनुसार नेवारहरू तृतीय मल्ल शासक जयदेव मल्ललाई हराएर कर्नाटकवंशी नान्थदेव नेपालका राजा बने । नान्यदेव दक्षिण कर्नाट वंशी राजा भएकोले राजासँग आएका दक्षिणी भारतका नायर वा नैयारहरू नै नेवार भएका हुन् कारण नायर शब्द अपभ्रंश भएर नै नेवार बनेको भन्ने गरिन्छ ।

नेपालको जनजातिहरूको को हुन् र यिनीहरूको सामाजिक, सांस्कृतिक तथा आर्थिक स्थिति के कस्तो छ भन्ने सम्बन्धमा केही विद्वानहरूले अध्ययन गर्दा जनजाति भनेको आदिवासीहरू नै हुन् किनकि यिनीहरू आफ्नो समुदायभित्रको नातागोता र विवाहको आधारमा बनेको र छुट्टै भाषा, संस्कृति, धर्म भएको समाजलाई जनजाति समाज मानिएको छ । यिनीहरूले सामाजिक, सांस्कृतिक, आर्थिक, विवाहको स्थितिबारे हेर्ने हो भने कतिपय जनजातिहरूमा गतिशीलता पाइन्छ । कतिपय जातिहरूमा ब्राम्हण, क्षेत्रीय, खस, ठकुरीको प्रभाव परी आफ्ना मूल सामाजिक संस्कृतिलाई विस्तारै विस्तारै छाड्दै गएको पाइन्छ । यसैगरी सामाजिक र आर्थिक स्तर माथि उठेपछि कतिपय जातिहरूले आफ्ना जातीय चरित्रलाई बिर्सेको पाइन्छ । कतिपय थकालीहरू आफूलाई भोटे भन्न अप्ठ्यारो मान्दछन् । ठकुरी भन्न रूचाउँछन् । यसरी जातीय गतिशीलताले गर्दा कतिपय जातिहरू लोप हुने अवस्थामा पुगेको देखिन्छ । यसै कुरालाई दृष्टिगत गरी अध्ययन गरिएको हो ।

व्याकोफोनले (१९८६) चरणवद्ध रूपमा हुने विवाहको उत्पत्ति र विकास क्रमलाई उल्लेख निम्नअनुसार उल्लेख गरेका छन् ।

१. प्राथमिक अवस्थामा पारिवारिक जीवन अनिश्चित प्रकारको थियो । पति पत्नीको सम्बन्ध राम्रो थिएन । बाबुको सम्बन्धमा अनभिज्ञता थियो भने आमा र बच्चाको सम्बन्ध निश्चितता थियो । समूहमा सबै पुरूषले सबै महिलालाई संरक्षण दिने गर्दथे ।

२. समयको क्रमसँगै पारिवारिक संरचनामा पनि परिवर्तन देखा पर्‍यो । मानव समूहको पालन पोषण प्रकृतिमा निर्भर थियो । जीवन अति कठिन र सङ्घर्षपूर्ण थियो । पुरूषको तुलनामा महिलाको स्थिति कमजोर थियो । बालिकालाई कम महत्व दिने

चलन थियो । किनकि खाद्य सङ्ग्रहमा महिलाको भूमिका कमजोर रहन्थ्यो जसका कारण बालिकाको वध गर्ने प्रथा प्रचलित थियो । यसले समाजमा स्त्रीको सङ्ख्या कम गरायो । जसबाट बहुपति विवाह परिवारको सिर्जना हुन पुग्यो । महिलाहरू पनि जिविकोपार्जनका लाग र सुरक्षाका लागि केही पुरूषसँग आश्रित हुन थाले । जसबाट बहुपति विवाह परिवारको उत्पत्ति हुन थाल्यो ।

३. जब समाज आहार सङ्कलनबाट आहार उत्पादनतिर लाग्यो तब जिविकापार्जनका लागि साधनहरू वृद्धि हुँदै गए । बालिकाहरू मार्ने चलनमा कमी आयो । जसले बहुपति विवाह परिवारको समाप्त गरायो । कृषिका लागि अति मानव शक्ति चाहिने भएकोले फेरि समाजमा एक पुरूषले धेरै स्त्री विवाह गर्ने प्रचलन विकास भयो । जसअनुसार नै उत्पादन बढ्ने, सामाजिक प्रतिष्ठा बढ्ने भएका कारण बहुपत्नी विवाह परिवारको उत्पत्ति र विकास हुन पुग्यो ।

४. समाज परिवर्तनसँगै नयाँ नयाँ विचार देखा परे । स्त्रीले पनि पुरूषले जतिकै सामाजिक उत्तरदायित्व निर्वाह गर्न सक्दछ भन्ने मान्यताअनुसार एउटा महिला एउटा पुरूषसँग रहन थाल्यो जसले एक विवाह परिवारको सुरुवात हुन गयो ।

परिवर्तन प्रकृतिको एक शाश्वत एवं अटल नियम हो । मानव समाज पनि त्यहि प्रकृतिको एक अंश भएको कारणले परिवर्तनशिल छ । परिवर्तन एक त्यस्तो प्रकृया हो, जुन पहिलेको स्थितिमा केहि फेरवदल हुन्छ । यस प्रकार कुनै पनि वस्तुमा दुई भिन्दा भिन्दै समयमा देखिने भिन्नता नै परिवर्तन हो । यहा परिवर्तन शब्दले कुनै पनि चिज या वस्तुमा समय अन्तरालमा आउने फरकपन भन्ने बुझिन्छ । व्यक्तिमा भएको परिवर्तनको छाल परिवार, समुदाय हुदै मुलुक र विश्वमा ठोकिन्छ । त्यसैले परिवर्तनले सधैंभरि समयलाई आत्मसाथ गरेको हुन्छ । “समाज र समाजिक सम्वन्धबारे सवै भन्दा आम सत्य यिनको परिवर्तनशिलता नै हो । ” (मिश्र (२०६७)

समाज भनेको समाजिक सम्वन्धहरुको सञ्जाल हो । सामान्य रुपमा भन्नुपर्दा सम्पुर्ण समाज तथा त्यसको कुनै पक्षमा हुने परिवर्तनलाई नै सामाजिक परिवर्तन भनिन्छ । समाजिक परिवर्तन कुनै एक व्यक्तिको विशिष्ट मुल्य, मान्यता, कार्यविधि, व्यवहार तथा विश्वासको परिवर्तनसँग मात्र नभएर निश्चित समाजको सम्पूर्ण व्यक्तिहरुको व्यवहारमा आएको परिवर्तनको फलस्वरुप त्यस समाजको सम्पूर्ण पक्षमा हुने परिवर्तन हो । समाजिक

परिवर्तन मानविय सम्वन्ध, संगठन, ढाँचा र मानिसको कार्य र विचारमा आउने परिवर्तन हो । Bhusan and sachdeva (2008) समाजिक परिवर्तन भन्नाले समय अन्तरालमा समाजिक प्रकृया वा सम्वन्धमा आउने परिवर्तन भन्ने बुझिन्छ । भने मानिसले आफ्नो आवश्यकता परिपूर्ति गर्नको लागि सँस्कृतिको निर्माण गरेको पाईन्छ । संस्कृतिले मानिसको जिवनशैलि, रहनसहन, भेषभुषा आदिलाई बुझाउँछ । सँस्कृति स्थिर नभएर परिवर्तनशिल रहेको हुन्छ । भाषा, सम्पति, नैतिकता, सँगित, कला, नृत्य,  प्रथा, विश्वास, कानुन, ज्ञान आदि कुराहरुमा आउने परिवर्तनलाई साँस्कृतिक परिवर्तन अन्तर्गत राख्न सकिन्छ । Davis (1945) का अनुसार, “साँस्कृतिक परिवर्तनले सम्पूर्ण परिवर्तनहरु, जुन सँस्कृतिको कुनै भाग कला, विज्ञान, प्रविधि, दर्शन आदि लगायत सामाजिक सँगठनका स्वरुप र नियमहरुमा समेत अउने परिवर्तनहरुलाई समेट्छ ।

नेवार जातिमा पनि विवाह प्रथा आफ्नै किसिमको भएको पाइन्छ । यिनीहरूको समाजमा प्रचलित विवाह प्रथालाई विभिन्न प्रकारमा विभाजन गर्न सकिन्छ । जस्तो मागी विवाह, बहुविवाह, प्रेम विवाह आदि । यी विवामध्ये यस अध्ययन क्षेत्रको नेवारहरूमा प्रचलित रूपमा मागी विवाह नै प्रमुख रूपमा रहको छ भने प्रेम विवाह थोरै मात्रामा रहेको पाइन्छ । र यिनीहरूको विवाह संस्कारमा सानै उमेरमा वेल विवाह र गुफा राख्ने प्रचलन पनि रही आएको पाइन्छ । यिनीहरूको विवाह गर्न चलन सबै ठाउँमा लगभग एकै प्रकारको रहेको पाइन्छन तर ठाउँअनुसार विशेषगरी काठमाडौं उपत्यकाले नेवार जातिको भने अलि भिन्नै र खर्चिलो रहेको पाइन्छ ।

काठमाडौं जिल्लाको मनमैजु नेवार जातिको घनावस्ती भएकोले मनमैजुलाई मुख्य अध्ययन क्षेत्रको रुपमा लिइएको छ । यस मनमैजुलाई अध्ययन क्षेत्र बनाउनुको मुख्य कारण नेवार जातिहरु राजधानीको क्षेत्रमा नै रहेता पनि त्यस क्षेत्रका मानिसको जिवन शैली परम्परागत मौलिक संकार रहेको पाइन्छ । तसर्थ नेवार जातिको मौलिक संस्कार भएको हुनाले नेवार जातिको प्रतिनित्व हुनेगरी तार्केश्वर नगरपालिकाको वडा नं १९ मनमैजुलाई आफ्नो अध्ययन क्षेत्र छनोट गरिएको हो ।

## १.२ समस्याको कथन

सामाजिक परिवर्तनलाई एउटा सर्वव्यापी नियमको रूपमा लिने गरिन्छ । परिवर्तनको नियमसँग विश्वजगत र समाज पनि जेलिएको छ । यस मान्यताअनुसार

मान्यता, सभ्यताको सुरुवातबाट अहिलेसम्म समाज परिवर्तन हुँदै आएको छ । अहिले समाज पनि परिवर्तनकै उपज हो । सामाजिक परिवर्तन भनेको मानिसहरू बीचको सम्बन्धको स्वरूप, ढाँचा र विशेषताहरूमा आउने भिन्नता हो । सामाजिक परिवर्तन कुनै एक व्यक्ति वा विशिष्ट मूल्य मान्यता, विवाह, व्यवहार, दर्शन, विचार, आदर्शको परिवर्तन नभएर समाजमा समस्त संस्था, सङ्गठन र संरचनासँग सम्बन्धित हुने गर्दछ । सामाजिक परिवर्तनको प्रकृति भौतिक, जैविक र प्राकृतिक नभएर सामाजिक हुने गर्दछ । समाजशास्त्री Maciver (2003) ले भनेका छन् - “मानवका मानवीय सम्बन्धमा र मानव निर्मित जीवनका अवस्थाहरूमा हुने परिवर्तन नै सामाजिक परिवर्तन हो ।”

सामाजिक, आर्थिक र जैविकीय कार्यबाट परिवारको विकास सम्भव हुन्छ । परिवारको विकाससँगै गाउँ, वस्ती, शहर हुँदै राज्यको विकास भएको हो । मार्क्सवादी दृष्टिकोणमा विवाह एउटा अपरिसंरचना हो । जनु उत्पादन प्रणालीको प्रकृतिअनुसार निर्देशित भएर रहेको हुन्छ । मार्क्सवादी मान्यताअनुसार कुनै पनि सामाजिक संस्थालाई त्यसका ऐतिहासिक विशेषताहरूका आधारमा विभाजन गरेर तिनीहरूको ऐतिहासिक विशिष्टताका आधारमा व्याख्या गर्नुपर्दछ । आदिम समयमा स्वच्छन्द यौन सम्पर्क रहने हुनाले पितृत्व र पितृसत्ताको कुनै अर्थ थिएन । त्यस समयमा मानिसहरू सामूहिक रूपमा झुण्डमा बस्दथे । उनीहरूलाई जन्माउने कार्यमा बाबुको कस्तो भूमिका हुन्छ भन्ने जानकारी थिएन । वास्तवमा त्यस बेला मातृसत्तात्मक समाज व्यवस्था थियो । त्यस समयमा महिलाको स्थान उच्च थियो र महिला र पुरूष बीच समानता थियो । फ्रेडरिक एङगेल्सले भनेका छन् - “उत्पादन व्यवस्थामा परिवर्तन आउँदा विवाह संस्थाको स्वरूपमा पनि परिवर्तन आएको हो ।” एकात्मक परिवारको स्वरूप व्यक्तिगत सम्पत्तिको उत्पत्ति र विकासँग भएको हो । यसैगरी महिला अधीनताको सुरुवात पनि परिवारको विकाससँगै भएको हो ।

जब आदि साम्यवादी युगको अन्त्य भएर कृषि युगको सुरुवातसँगै परिवारमा महिलाको अवस्था नाजुक हुन पुग्यो । उत्पादन साधन र जमिनमाथि पुरूषको अधीनता बढेर गएपछि महिलाहरूमाथि अधिपत्यको स्थापना भयो । आफ्नो सम्पत्तिको संरक्षणका लागि दासहरू, स्त्रीहरू र छोराछोरीको भूमिका हुन थाल्यो । यस समयमा परिवारमा एउटा लोग्नेमान्छे, मालिक, उसका श्रीमती, छोराछोरी र दासहरू सेवकहरूको एकाईको रूपमा

स्थापना भए र लोग्ने मानिसहरू शक्तिशाली हुँदै जाने क्रममा उनीहरूले आफ्ना दासहरू कहिलेकाहीँ विशेष परिस्थितिमा आफ्नै छोराछोरी र श्रीमतीहरूलाई समेत मृत्युदण्ड दिने गर्दथे । प्राचीन रोमन र ग्रीक सामन्तहरूले आफ्ना श्रीमती, छोराछोरी र दासहरूलाई मृत्युको सजाय दिएका धेरै उदाहरणहरू छन् । मार्गरेट वेस्टनका अनुसार "पुँजीवादी समाजमा एकात्म्क परिववार महत्वपूर्ण स्थायी शक्ति हो ।" उत्पादन शक्तिमा पहुँच भएकाहरूले परिवारमा महिलाहरूलाई श्रमिकको रूपमा प्रयोग गर्ने, कम ज्याला वा ज्यालारहित उत्पादन प्रणालीमा समावेश गराएका छन् । यसरी महिलाहरूलाई कम मूल्याङ्कन गर्ने परिपाटीको विकास परिवारबाट नै सुरु भएको हो । मार्क्सवादी मान्यतामा भविष्यमा हुने क्रान्तिकारी आन्दोलनले निजी स्वामित्वको अन्त्य गरेपछि मात्रै महिलाले आर्थिक, सामाजिक र राजनीतकि अधिकारको प्रयोग गर्न पाउँछन् । अन्यथा महिलाको स्थिति सर्वहारा र पुरूषको बुर्जुवाको जस्तै स्थिति रही रहने छ । अहिलेको पुँजीवादी संरचनामा पनि श्रमको शोषण गर्ने परम्परा झन जटिल भएको छ । समाजका विभिन्न संरचनाहरूले प्रभुत्वशाली पुरूष वर्गको कार्य गरिरहेको छ ।

परिवार जस्तै विवाह पनि समाजशास्त्रमा एउटा महत्वपूर्ण सामाजिक संस्था हो । मानिस प्रकृतिको एउटा उतकृष्ट सिर्जना हो । सृष्टिलाई कायम राख्नु उसको कर्तव्य हुने गर्दछ । सृष्टिलाई निरन्तर दिनका लागि यौन सम्बन्ध आवश्यक हुने गर्दछ । मानिसका धेरै किसिमका आवश्यकता पनि एउटा अनिवार्य आवश्यकता हो । यस्तो अपरिहार्य र अनिवार्य यौन आवश्यकतालाई व्यवस्थित र नियन्त्रित ढङ्गबाट पूरा गर्न मानव समाजले अपनाएको स्वीकृत एवम् वैधानिक प्रचलन नै विवाह हो । विश्वका हरेक समाजहरूमा विवाहका आ-आफ्नै प्रचलन रहेका हुन्छन् । वास्तविक रूपमा भन्ने हो भने एउटा केटा र केटी बीचमा यौन स्वीकृत प्रदान गर्ने सामाजिक संस्कार नै विवाह हो । यस कार्यबाट नै सन्तान उत्पादन भएर सामाजिक व्यवस्थाको निरन्तरता हुने गर्दछ । विवाहका सम्बन्धमा मानवशास्त्री मिलरले भनेका छन् - "विवाहले दुई विपरीत लिङ्गहरू बीचको यौन अधिकार र कर्तव्य निहित हुन्छ साथै विवाहले श्रीमान श्रीमती बीचमा सन्तान उत्पत्तिको कार्य गरी आपसी अधिकार कर्तव्यको व्यवस्था गर्दछ ।" मानव समाजको व्यवस्थित गठनको प्रमुख आधार नै विवाह हो । विवाहले नै कर्तव्य र अधिकारको बोध गराउँछ । उत्तरदायित्वको भावनालाई नियमित एवम् नियन्त्रित गर्नु जीवनको प्रमुख आधार हो । त्यसैगरी विवाहले व्यक्तिमा सामाजिक अधिकार, कर्तव्य, दायित्वहरू आदान प्रदान गर्दछ । विवाहले परिवारको

स्थापना गर्दछ । परिवारमा रहेर नै नाना सम्बन्ध विकास हुन्छ । नाता सम्बन्ध दुई किसिमले विकास हुन्छ । वैवाहिक र रक्त समबन्ध यी दुवै प्रकारको प्रमुख आधार भनेको नाता सम्बन्धलाई पनि प्रभाव पारेको हुन्छ । वैवाहिक संस्थामा प्रक्रियागत परिवर्तन देखाउनाले महिला स्वतन्त्र देखिन्छन् त्यसकारण वैवाहिक किसिमको नाता बढी स्वतन्त्र हुन गई यो नाता विघटन पनि हुन सक्दछ वा टुट्न पनि सक्छ ।

विवाह र परिवारको संरचना तथा स्वरूपमा आएको परिवर्तनसँगै कुल गोत्र, भातृत्व, वंशानुक्रम, उत्तराधिकार जस्ता कुरा प्रभावित भई परम्परागत नाता सम्बन्धको महत्व र भूमिका घट्न गएको छ जसअनुसार व्यक्तिवादीता, राष्ट्रिय भाव, सहयोग जस्ता कुराले सम्पत्ति उत्तराधिकारको नियममा परिवर्तन आएको छ वा एकल परिवारमा रहेको व्यक्तिले सम्पत्ति तथा अन्य पद हस्तान्तरणमा वंशाणुक्रम वा तहको नियममा परिवर्तन आएको छ ।

मार्क्सवादी दृष्टिकोणको प्रमुख मान्यता भनेको सामाजिक संस्था र प्रक्रियाहरूलाई ऐतिहासिक विशिष्टताका आधारमा व्याख्या विश्लेषण गर्नुपर्दछ । विवाह पनि एउटा संस्था भएका कारण यसको प्रकृति बुझ्नका लागि मानव सभ्यताका विभिन्न चरणहरूसँग दाँजेर हेर्नुपर्ने हुन्छ । विगतदेखि वर्तमानसम्मका वातावरणलाई अध्ययन गर्दा विभिन्न किसिमका वैवाहिक पद्धतिहरू देखा परेका छन् । इतिहासका कालखण्डलाई नियालेर हेर्दा समाजमा मागी विवाह, प्रेम विवाह, धिुवा र विदुर विवाह, जारी विवाह, बाल विवाह, बहु विवाह, एक विवाह प्रचलनमा रहेको पाइन्छ । मार्क्सवादी दृष्टिकोणमा खास गरेर मागी विवाह, प्रेम विवाह र समाजवादी विवाह भनेर वर्गीकरण गरिन्छ । मागी विवाह सामान्तवादसँग जोडिएको छ । यस विवाह पद्धतिमा समान तहका सामन्त, कुल घराना, जातजाति आदिमा वैवाहिक सम्बन्ध स्थापित हुने गर्दथ्यो । विवाहमा बेहुला बेहुलीको प्रमुख भूमिका नभएर कुलका प्रमुख व्यक्ति र मुलीहरूको भूमिका प्रबल हुने गर्दथ्यो । पुँजीवादीको उदयसँगै यस्तो सामन्ती विवाह वा मागी विवाहको प्रचलन घटेर प्रेम विवाहको प्रचलन बढेको देखिन्छ । पुँजीवादी व्यवस्थाले सिर्जना गरेको औद्योगिक विकासले गर्दा मानिसहरूमा गतिशीलता बढेर शिक्षा, स्वास्थ्य, रोजगार आदिमा बाहिरी इलाकामा जाँदा व्यक्तिगत स्वतन्त्रताले प्राथमिकता पाएको हुनाले प्रेम विवाह फस्टाउन पुगेको हो । केही समाजहरूमा हालका वर्षहरू कम खर्चमा, थोरै मानिसहरूका बीचमा विवाह गर्ने प्रचलन पनि देखिन्छ । जसलाई प्रगतिशील वा समाजवादी विवाह भनिन्छ । यसलाई मागी विवाह र प्रेम विवाहभन्दा एक

कदम माथि बढेर समाजवादी विवाह नामकरण गरी समाजवादसँग सामीप्यता देखाउन खोजेको पाइन्छ ।

नेवार जातिमा पनि विवाह संस्कार आफ्नै किसिमको भएको पाइन्छ । अन्य जातिको तुलनामा नेवारी समुदायको विवाह संस्कार अलिक भिन्न किसिमको रहेको छ । यस समुदायमा प्रचलित विवाह संस्कार जस्तो बेल विवाह, सूर्य दर्शन, मागी विवाह, बहुविवाह, प्रेम विवाह, चर्च विवाह आदि । यी विवाहमध्ये अध्ययन क्षेत्रका नेवार जातिमा प्रचलित रूपमा मागी विवाह नै प्रमुख रूपमा रहेको छ भने बहुविवाह, प्रेम विवाह र चर्च विवाह थोरै मात्रामा रहेको पाइन्छ । यस अध्ययन क्षेत्रमा आफ्नै हाडनाताभित्र विवाह गर्ने चलन छैन । यिनीहरूले विवाह हाडनाताभन्दा बाहिरको नाता पर्नेसँग गर्दछन् । नेवारी जातिमा विवाह गर्ने चलन सबै ठाउँमा लगभग एकै प्रकारको रहेको पाइन्छ तर ठाउँअनुसार केही मात्रामा फरक रहेको पाइन्छ । यस समुदाय वा क्षेत्रमा मागी विवाह र प्रेम विवाह नै बढी मात्रामा प्रचलित रहेको छ । नेवार जातिको सामाजिक, आर्थिक अवस्था विवाह संस्कार, यसमा आएको परिवर्तनका पक्षहरूमाथि अध्ययन गरिएको छ । अतः प्रस्तुत अध्ययन निम्न प्रश्नहरूमा केन्द्रित रहेर यो शोध अध्ययन तयार पारिएको छ ।

(क) नेवार जातिको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था कस्तो छ ?

(ख) नेवार जातिहरूले विवाह संस्कार कसरी सम्पन्न गर्दछन् ?

(ग) नेवार जातिका विवाह संस्कारमा के-कस्ता परिवर्तन हुँदै आएका छन् ?

### १.३ अध्ययनको उद्देश्य

मानव समाजको विकास सरल अवस्थाबाट जटिल अवस्था हुँदै विकास भएको देखिन्छ । समय परिवर्तनसँगै कुनै पनि समाज तथा समुदायका मानिसहरूको विचारमा पनि परिवर्तन हुँदै जाने गर्दछ । मानिसहरूले पुराना सोच विचारलाई विस्थापित गरी समयअनुसार नयाँ-नयाँ सोच विचारलाई स्थापित गर्ने गर्दछ । नेपाली समाज हिन्दु धर्ममा आधातिर भएकोले गर्दा विवाह पद्धतिलाई महत्वपूर्ण संस्थाको रूपमा लिएको छ । परम्परागत रूपमा चल्दै आएको बाल विवाह, बहुविवाह, अनमेल विवाह, विवाहको छनोट, विवाहको उद्देश्यहरू आदिको समयअनुसार स्वरूप फेरिँदै आएको छ ।

यस अध्ययनबाट के प्रष्ट पार्न खोजिएको छ भने कुनै पनि जातजातिको अध्ययन अनुसन्धान गर्नु भनेको त्यस जनजातिको कुनै एक पक्षको मात्र अध्ययन गर्नुसँग सम्बन्धित नभएर समग्र राष्ट्रिय संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्नमा महत्वपूर्ण भूमिका खेल्नुसँग सम्बन्धित रहेको छ ।

काठमाडौँ जिल्लाअन्तर्गत पर्ने तारकेश्वर नगरपालिका वडा नं.१९ मनमैजुमा रहेका नेवार जातिको सामाजिक, सांस्कृति तथा आर्थिक र विवाह संस्कारका बारेमा प्रकाश पार्नु यस शोध अध्ययनको उद्देश्य रहेको छ ।

(क) नेवार जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था बारेमा प्रकाश पार्नु ।

(ख) नेवार जातिहरूको प्रचलित विवाह संस्कारबारे प्रकाश पार्न ।

(ग) नेवार जातिहरूमा विवाह संस्कारमा देखिएका परिवर्तनका पक्षहरूको खोजी गर्नु ।

## १.४ अध्ययनको औचित्य

नेपाल अधिराज्यमा विभिन्न जातजाति र भाषा भाषिका मानिसहरू बसोवास गर्दछन् । हरेक जातजाति वा सिँगो मानव समुदाय आ-आफ्ना संस्कृतिमा अवस्थित रहन्छन् । एक जातिको संस्कृति अर्को जातिको संस्कृतिमा भिन्न भएको देखा परेका छन् र संस्कृतिगत विविधताका कारणले हरेक जातजातिहरूको चालचलन, रीतिरिवाजमा पनि विभिन्नता पाइन्छ । यसरी हरेक जातिको संस्कृति, मूल्य मान्यता अन्ततः राष्ट्रिय संस्कृतिको अभिन्न अङ्ग बन्न पुग्दछ । भौगोलिक स्वरूपको रहनसहन लवाईखुवाई आदि कारणबाट पनि सामाजिक सांस्कृतिकमा विविधता आइरहेको हुन्छ । यस प्रकारका विविधताहरूलाई वैज्ञानिक ढङ्गले खोजमेल विश्लेषण तथा प्रकाशन हुन सके नै परम्पराको स्पष्ट दिग्दर्शन गराउन सकिन्छ । यस्ता विभिन्न संस्कृति र पहिचान भएका थुप्रै जातजातिहरू नेपालमा बसोवास गर्दछन् । त्यसैले नेपाली संस्कृति र पुरातत्वको लागि शताब्दीयौँ अघिदेखि नै धनी मानिएको छ । त्यही नेवार जातिले हाल नेपालको राजधानी काठमाडौँमा ठूलो र महत्वपूर्ण स्थान ओगटेको छ ।

नेपालको प्रजातिगत वैवाहिक क्षेत्रमा नेवार वर्गको विशेष भूमिका रहेकोले यस जातिको अध्ययन गर्नु अत्यन्त सान्दर्भिक हुन जान्छ ।

यसैगरी नेपालमा बसोवास गर्ने सबै जातिको आ-आफ्नै किसिमका सामाजिक संस्कार र संस्कृति छन् । नेपालको संस्कृति भन्नाले नेपालका सम्पूर्ण जनजातिको संस्कृति बुभ्नुपर्दछ । यहाँ बसोवास गर्ने सम्पूर्ण जनजातिको अध्ययनविना देशको समग्र राष्ट्रिय सामाजिक संस्कृतिको अध्ययन अपूर्ण रहन्छन् । यसै सन्दर्भमा नेवार जातिको संस्कृतिबारे विवेचना हुनु औचित्यपूर्ण छ ।

यसै सन्दर्भमा नेवार जातिमा गरिने तीन प्रकारका विवाह जस्तै इहि (वेल विवाह), बाह्रा (गुफा राख्ने) र विवाह अन्य नेवार जाति जस्तै तुलाधार र बलामी, श्रेष्ठ आदि जातिमा गरिने विवाहमा केही समानता तथा असमानता भएको कारण सो को समानता र असमानताबारे साधारण पाठकहरूलाई जानकारी गराउनु हो ।

नेपाल विभिन्न जनजातिहरूको विवाह सम्बन्धी Customs बारेमा धेरै अध्ययनहरू गरिएका छन् । त्यसैगरी नेवार जातिको बारेमा पनि यस सम्बन्धी अध्ययन गरिएको छ तर पनि अझ यसमा थप जानारी हासिल गर्न र प्राप्त गराउनको लागि यस नेवार जातिको बारेमा अध्ययन गर्नु महत्वपूर्ण हुन्छ । नेवार जातिहरू विवाह (इही, गुफा र विवाह) बारे हालसम्म गरिएको अध्ययनमा त्यति विस्तृत अध्ययन गरेको पाइँदैन । नेवार जातिमा पनि ठाउँअनुसार संस्कृतिमा फरक-फरक पाइन्छ त्यसैले नेवार समुदायका जातिहरूको विवाह प्रक्रिया फरक छ वा छैन भन्ने बारेमा यस अध्ययनले आवश्यक जानकारी उपलब्ध गराइने छ । उनीहरूको विवाह प्रथाले सामाजिक, आर्थिक तथा संस्कृति तवरमा के कति महत्वपूर्ण योगदान राख्न सक्दछ भन्ने जस्ता पक्षहरूमाथि गहन अध्ययन गर्नु अभिप्रायले प्रस्तुत अध्ययनलाई अगाडि बढाएको छ ।

यस अध्ययनले नेवार जातिको बारेमा जानकारी हासिल गरी नयाँ नीति निर्माण गर्न समेत सम्बन्धित पक्षलाई सघाउने छ भने नेवार जातिको बारेमा अध्ययन गर्न चाहने अनुसन्धानकर्ताको लागि मार्गदर्शन र अन्य जो सुकैको लागि पनि आवश्यक सहयोग पुग्ने छ । यसले नेवार समुदायको भाषा, संस्कृति, परम्परा, चालचलनको संरक्षण र सम्वर्द्धन गरी सामाजिक, आर्थिक अवस्थालाई सुधार पुऱ्याउन कोशे ढुङ्गा सावित हुनेछ भन्ने आशा एवम् विश्वास लिएको छु । यस शोध अध्ययनको महत्वपूर्ण बुँदागत रूपमा यसरी उल्लेख गर्न सकिन्छ ।

१. नेवार जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाका बारेमा जान्न सहयोगी हुने गर्दछ ।

२. नेवार जातिहरूले अवलम्बन गर्दै आएका सांस्कृति अभ्यासबारे जान्न चाहनेका लागि यो शोधपत्र मार्गदर्शन हुनेछ ।

३. नेवार जातिका परम्परागत विवाह संस्कारका बारमो जान्न सहयोगी हुने गर्दछ ।

४. नेवार जातिका विवाह संस्कारमा आएका परिवर्तनहरू बारेमा जानकारी हासिल गर्न उपयोगी हुने गर्दछ ।

## १.५ अध्ययनको सङ्गठन

प्रस्तुत शोध अध्ययनलाई ६ वटा अध्यायहमा विभाजन गरिएको छ । पहिलो अध्यायले अध्ययनको परिचय गराउँछ । पहिलो एकाईलाई पाँचवटा उपशीर्षकहरू अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनका उद्देश्य, अध्ययनको औचित्य र यसको सङ्गठनमा विभाजन गरिएको छ । दोस्रो अध्याय सन्दर्भ साहित्यको समीक्षासँग सम्बन्धित छ । यो एकाई पनि सैद्धान्तिक र व्यवहारिक समीक्षा गरी दुईवटा उपशीर्षकहरूमा विभाजित छन् । त्यस्तै तेस्रो अध्यायले यस अध्ययनको अध्ययन विधिको बारेमा व्याख्या गरिएको छ । यस एकाईमा अध्ययन क्षेत्रको छनोट र औचित्य, अनुसन्धानले ढाँचा, अध्ययनको समग्रता र नमुना छनोट विधि तथ्याङ्क सङ्कलन विधिहरू र प्रविधि तथा अध्ययनको सीमाको उल्लेख गरिएको छ । त्यसैगरी चौंथो अध्यायमा उत्तरदाताहरूको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाको बारेमा प्रकाश पारिएको छ । सामाजिक अवस्थाअन्तर्गत जाति । जनजाति, उमेर लिङ्ग, धर्म, पारिवारिक संरचना, वैवाहिक अवस्था शिक्षा, नारीको स्थान सम्बन्धमा प्रकाश पारिएको छ भने सांस्कृतिक अवस्थाअन्तर्गत भेषभुषा र गरगहना, भोजन, जीवन चक्र समावेश गरेको छ । पाँचौं अध्यायनमा नेवार जातिको विवाह संस्कारमा बेल विवाह, गुफा राख्ने, विवाहमा विभाजन गरिएको छ भने शोध अध्ययनको उद्देश्यअनुसार क्षेत्र अध्ययनबाट प्राप्त तथ्याङ्कहरूलाई सम्पादन तथा विश्लेषण गरिएको छ भने अन्तिम तथा छैठो अध्यायमा सारांश, निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ ।

# अध्याय : दुई

# साहित्यिक सिंहावलोकन

## २.१ सैद्धान्तिक समीक्षा

समाजशास्त्रमा विवाह एउटा सामाजिक संस्था हो । विवाहको उत्पत्ति र विकासका बारेमा विभिन्न समाजशास्त्री तथा मानवशास्त्रीहरूले फरक-फरक धारणा राखेको पाइन्छ । कार्ल मार्क्स र फ्रेडरिक एन्गेल्सले आर्थिक र यौन सम्बन्ध गरी दुईवटा आधारमा विवाहको विकास र परिवर्तन हुँदै आएको भनेका छन् । आदिम साम्यवादी युगमा हाडनाताभित्र यौन सम्बन्ध हुने गरेको, त्यसपछि घुमन्ते जीवनबाट उत्पादनमुखी कार्यमा विकसित हुँदै जाँदा हाडनाता सम्बन्धी विवाहलाई छोडेर पुनालुवा विवाहको प्रचलन विकास भएको हो भने तेस्रो चरणमा यौन सम्बन्धलाई अझ सीमित गर्दै केही पुरूष र स्त्री बीच मात्र यौन सम्बन्ध कायम रहने गरी युगल विवाहको सुरुवात गरियो । चोंथो चरणमा पितृसत्तात्मक समाजको विकास भएर एउटा पुरूषले धेरै स्त्रीसँग विवाह गर्ने चलन थालेको हो । त्यसपछि आधुनिक युगमा एक महिला र एक पुरूष बीच विवाह गर्न एकल विवाहको प्रचलन विकास भएको हो भनेका छन् (एन्गेल्स, १९८६) ।

अमेरिकन मानवशास्त्री लेविस हेनरी मोर्गानले चरणबद्ध रूपमा हुने विवाहको उत्पत्ति र विकासक्रमलाई उल्लेख गरेका छन् । जसअनुसार समाज विकासको पहिलो चरणमा एउटै बाबुआमाका सन्तान दाजुभाइ तथा दिदीबहिनी बीच हुने हाडनातामा आधातिर विवाह प्रचलन थियो । दोस्रो चरणमा गोत्र बाहिरका दाजभाइ र दिदीबहिनीहरू बीच हुने सामूहिक विवाहको सुरुवात भयो । तेस्रो चरणमा युगल विवा हगर्ने प्रचलन विकास भएको हो । जहाँ एक पुरूषले एउटै स्त्रीसँग मात्र विवाह गर्ने तर स्त्रीका सम्पूर्ण दिदीबहिनीसँग शारीरिक सम्पर्क राख्न पाउने प्रचलन थियो । त्यसपछि चौंथो चरणमा एउटा पुरूषले धेरै महिलाहरूसँग विवाह गर्न पाउने पितृसत्तात्मक विवाहको विकास भएको हो । अन्त्यमा एउटा पुरूषले एउटै महिलासँग विवाह गर्ने र तिनीहरूबाट जन्मेका सन्तानले सम्पत्तिको उत्तराधिकारी हुने किसिमको एकल विवाहको विकास भएको छ जुन आजको समाजमा पनि विद्यमान छ (मोर्गान, १८७७) ।

प्रकार्यवादी मानवशास्त्री मेलिनोस्कीले आवश्यकताको सिद्धान्तमा मानव जीवनका लागि सातओटा आधारभूत आवश्यकता र तिनको परिपूर्तिको लागि सांस्कृतिक प्रतिक्रियाका बारेमा उल्लेख गरेका छन् । उनका सातओटा उपायहरूमध्ये एउटा बुँदामा प्रजनन र त्यसको सांस्कृतिक प्रतिक्रियाका रूपमा शारीरिक सम्पर्कलाई नियमित र सुरक्षित गर्नु, सन्तानको उतपादन गर्नु र रेखदेख गर्नका लागि विवाह, परिवार तथा नाता सम्बन्ध जस्ता संस्थाहरूको निर्माण भएको हो भनेका छन् (रिट्जर, २०००) ।

परिवार जस्तै विवाह पनि समाजशास्त्रमा एउटा महत्वपूर्ण सामाजिक संस्था हो । मानिस प्रकृतिको एउटा उत्कृष्ट सिर्जना हो । सृष्टिलाई कायम राख्नु उसको कर्तव्य हुने गर्दछ । सृष्टिलाई निरन्तरता दिनका लागि यौन सम्बन्ध आवश्यक हुने गर्दछ । मानिसका धेरै किसिमका आवश्यकतामध्ये यौन आवश्यकता पनि एउटा अपरिहार्य र अनिवार्य आवश्यकता हो । यस्तो अपरिहार्य र अनिवार्य यौन आवश्यकतालाई व्यवस्थित र नियन्त्रित ढङ्गबाट पूरा गर्न मानव समाजले अपनाएको स्वीकृत एवम् वैधानिक प्रचलन नै विवाह हो । विश्वका हरेक समाजहरूमा विवाहका आ-आफ्नै प्रचलन रहेका हुन्छन् । वास्तविक रूपमा भन्ने हो भने एउटा केटा र केटी बीचमा यौन स्वीकृत प्रदान गर्ने सामाजिक संस्कार नै विवाह हो । यस कार्यबाट नै सन्तान उत्पादन भएर सामाजिक व्यवस्थाको निरन्तरता हुने गर्दछ । विवाहका सम्बन्धमा मानवशास्त्री मिलरले भनेका छन् - विवाहले दुई विपरीत लिङ्गहरू बीचको यौन सम्बन्ध्लाई वैधानिकता प्रदान गर्दछ । जसले गर्दा श्रीमान श्रीमती बीचमा आपसी यौन अधिकार र कर्तव्य निहित हुन्छ । साथै विवाहले श्रमिान श्रीमती बीचमा सन्तान उत्पत्तिको कार्य गरी आपसी अधिकार कर्तव्यको व्यवस्था गर्दछ । मानव समाजको व्यवस्थित गठनको प्रमुख आधार नै विवाह हो । विवाहले नै कर्तव्य र अधिकारको बोध गराउँछ (एन्गेल्स, १८८४) ।

## २.२ पूर्व अध्ययनको समीक्षा

नेवार जातिको अध्ययन गरेर विभिन लेख, रचना र समाचार बुलेटिनहरू स्थानीय लेख, रचना र समाचार बुलेटिनहरू स्थानीय तथा राष्ट्रिय पत्रपत्रिकामा पनि प्रकाशित भएका पाइन्छन् । विशेषगरी तिनीहरूको ऐतिहासिक परिचयको साथै उत्पत्ति सम्बन्धमा केही अनुसन्धानहरू पनि भएका छन् तर नेवार जातिको वर्णन गर्ने क्रममा ती सबै पूर्ण भने छैनन् । तिनीहरूको जीवन पद्धति, सांस्कृति, सामाजिक रहनसहन, धार्मिक, विश्वास एवम्

चाडपर्वहरू मनाउने तरिका, उत्पत्ति लगायत विगतदेखि वर्तमानका विभिन्न पक्षहरूको बारमो अध्ययन भए पनि कतिपय कुराहरू विरोधभाषपूर्ण छन् । काठमाडौं जिल्लाका विभिन्न शहरी र ग्रामीण क्षेत्रमा बसोवास गर्दै आएका यस नेवार जातिको बारेमा अध्ययन गर्न क्रममा अध्ययनको उद्देश्यलाई पूरा गर्नको लागि समाजशास्त्री, प्राचार्य, मानवशास्त्री, अन्वेषक, नेवार जातिको बारेमा लेखिएको शोधपत्र, पुस्तक लगायत प्राकशित समाचार, बुलेटिनलाई आधार बनाएर सत्य तथ्यलाई उजागर पारिएको छ ।

१. नेवार जातिको विषयमा खोज गरिएको कृति हो । यस कृतिमा नेवार जातिकै प्रतिनिधित्व गरी उनीहरूको सामाजिक परिवेशलाई प्रस्तुत गरिएको छ (१९६५) ।

२. काठमाडौं उपत्यकाका नेवार समुदायको मुख्य चाडपर्वहरूबारे प्रकाशमा ल्याउनु भएको छ । उहाँको नेवार जातिको चाडपर्वहरूबारे प्रकाशमा ल्याउने उद्देश्य लिई गरेका अनुसन्धानले काठमाडौं उपत्यकाकै नेवारहरूले मनाउँदै आइरहेका चाडपर्वलाई मुख्य रूपमा प्रकाशनमा ल्याउने प्रयास गरिएको छ । नेवारहरूले राष्ट्रको लागि र नेवारी समाजप्रति गर्दै आएको महत्वपूर्ण योगदान भएको कुरा उक्त शोध ग्रन्थमा उल्लेख गर्नु भएको छ (डंगोल २०३८) ।

३. काठमाडौं उपत्यकाको तारकेश्वर नगरपालिकाको मनमैजुमा नेवार समुदायमा हुने नेवार जातिको शोधपत्र पनि उल्लेखनीय देखिन्छ । अवस्थाबारे प्रकाशमा ल्याउने उद्देश्य लिई थालिएको उक्त अध्ययनले मनमैजुका नेवारहरूले मनाउने चाडपर्व र सामाजिक अवस्था बारेमा द नेवारी समाज प्रति गर्दै आएको योगदान महत्वपूर्ण भएको कुरा प्रकाशमा ल्याउने जमर्को गरिएको यस्तै कुरा उक्त शोध ग्रन्थको सारको रूपमा रहेको छ (श्रेष्ठ २०५५) ।

४. नेवारहरूको बारेमा उल्लेख गर्नु भएको छ । नेवारहरूले उपत्यकामा हुने सामाजिक, सांस्कृतिक गतिविधिहरूमा महत्वपूर्ण भूमिका खेलेको यस कृतिमा उल्लेख गर्नु भएको छ । यसको अलावा नेवारहरूले विशाल वर्गलाई सत् र असत् (अलि कमसल) शुद्रमा नेवार जातिलाई दुई वर्गमा विभाजन गर्नुपर्ने धारणा समेत व्यक्त गरिएको छ (रेग्मी, २०३५) ।

५. देशको राष्ट्रिय भावना राखी देश ज्ञान र परिस्थितीयअनुसार भूत, भविष्य र वर्तमानको विचार गर्दै समाजलाई विकास गर्न र राष्ट्रभित्रको अनेक तत्वलाई एउटै सूत्रमा बाँध्नको लागि चाडपर्वलाई ज्यादै महत्व दिई नेवार जातिले मनाउँदै आएको चाडपर्वहरूको विषयमा प्रकाशमा ल्याइएको पाइएको छ (बज्राचार्य, १०८४) ।

६. नेवार जातिको इतिहास केलाउँदै यसको उद्‌गम थलोको विषयमा प्रकाशमा ल्याइएको छ (शर्मा, २०४९) ।

उपरोक्त अध्ययनहरू भए तापनि नेवार जातिको सामाजिक, सांस्कृतिक र वैवाहिक अवस्थाको विषयमा अझ गहन अध्ययन नभएकोले सो अध्ययन गर्न तारकेश्वर नगरपालिकाका मनमैजुलाई छानिएको हो ।

# अध्याय : तीन

# अनुसन्धान पद्धति

कुनै पनि अनुसन्धानलाई सार्थक तुल्याउन वैज्ञानिक र व्यवस्थित पद्धतिलाई प्रयोगमा ल्याउनुपर्दछ । अनुसन्धान कार्यमा तथ्याङ्क सङ्कलन तालिकीकरण, विश्लेषण र प्रतिवेदन तयार पार्ने जस्ता विभिन्न कार्यहरू गर्नुपर्ने भएकोले यो कार्य शोधकर्ताका लागि जटिल र चुनौतीपूर्ण हो । सामाजिक अनुसन्धान आफैँमा जटिल कार्य भएकोले अनुसन्धानको महत्वपूर्ण पक्ष सामग्री सङ्कलन केवल एकल प्रयासबाट मात्र सम्भव छैन त्यसैले प्रस्तुत अध्ययनका लागि आवश्यक सामग्रीहरूको सङ्कलन गर्दा प्राथमिक र द्वितीय दुवै स्रोतहरू प्रयोगमा ल्याइएको छ ।

### ३.१ अध्ययन क्षेत्रको छनोट

यस शोधपत्रको अध्ययन गर्ने क्रममा मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत काठमाडौं जिल्लाको तारकेश्वर नगरपालिका १९ मनमैजुका नेवार समुदायका सामाजिक-आर्थिक अवस्था, विवाह संस्कार र विवाह संस्कारमा आएको परिवर्तनलाई आधार बनाइएको छ । यस बाहेक यो क्षेत्र अध्ययनको निमित्त छनोट गर्नुलाई निम्न औचित्यहरू पुष्टि गर्न सकिन्छ ।

१. अध्ययनकर्ताको रूचिको विषय भएको हुनाले ।

२. यस अध्ययनले नेवार जातिको विकासको लागि आधार स्तम्भ हुने हुनाले ।

३. यस अध्ययन पश्चात विकासे कार्यकर्ता तथा विद्यार्थीहरूलाई थप अनुसन्धान गर्न सहज हुने भएकोले ।

### ३.२ अनुसन्धानको ढाँचा

अनुसन्धान ढाँचा सिङ्गो अनुसन्धानलाई के कसरी सम्पन्न गर्ने भन्ने बारेमा प्रारम्भिक कार्य योजनाको पूर्व अनुमानित र प्रस्तावित विषय र खाका हो । एउटा अनुसन्धान ढाँचा तथ्य सङ्कलन र विश्लेषणका लागि यस्तो व्यवस्था हो जसको लक्ष्य अनुसन्धान

प्रयोजनको उपयुक्तताको साथै प्रक्रियामा मितव्ययीता ल्याउनु हो । त्यस्तै अनुसन्धान कार्यलाई व्यवस्थित रूपमा सम्पन्न गर्नका लागि अनुसन्धान पूर्व नै तयार पारिएको बृहत् योजनालाई अनुसन्धान ढाँचा भनिन्छ (योङ, १९६८) । कुनै पनि अनुसन्धानमा गरिने विषयको प्रकृति तथा उद्देश्यअनुसार सोध संरचना छनोट गरिनुपर्छ । परिकल्पना विकसित गर्दै लैजानु पर्ने हुनाले प्राप्त तथ्याङ्कहरूलाई आवश्यकताअनुसार नाप जाँच गर्न प्रमाणित गर्न सकिने खालको हुनुपर्छ । भूत र वर्तामनको अन्तर्सम्बन्ध भावी सम्भावनाहरूको अन्तर्निहित एक सान्दर्भिक तथा गुणात्मक तथ्यहरूको व्यापक खोजीबाट सुरु गरी विशिष्ट तर्फ जानु पर्ने भएकाले अध्ययन क्षेत्रबाट प्राप्त तथ्याङ्कहरूलाई वर्णानात्मक ढाँचामा प्रस्तुत गरिएको छ (योङ, १९६८) ।

### ३.३ अध्ययनको समग्रता र नमुना छनोट विधि

अनुसन्धान तथ्याङ्क सङ्कलन गर्न आधार बनाइने र अनुसन्धानको निष्कर्षलाई लागु गर्ने भनि निश्चित गरिएको समूहलाई नै त्यस अनुसन्धानमा समग्रता भनिन्छ । साथै अध्ययनमा समग्रतालाई लिन नसकिने हुँदा नमुना छनोट भनेको त्यो विधि हो जहाँ छनोट गरिएको इकाईले समग्रताको प्रतिनिधित्व गर्न सकोस् । यस अध्ययनमा तारकेश्वर नगरपालिका वडा नं.१९ मा २३२ घर परिवार नेवार जातिहरू रहको छन् । यस शोध अध्ययनका लागि यिनै २३२ घरधुरीबाट समान्य दैविक नमुना छनोटअन्तर्गत चिठा प्रणालीबाट ५६ घरधुरीलाई नमुना छनोट गरिएको छ ।

### ३.४ तथ्याङ्क सङ्कलन विधिहरू

अनुसन्धानको कार्यको योजना तयार भइसकेपछि अनुसन्धानको समस्या, उद्देश्य विषयवस्तु, अध्ययन क्षेत्रको परिस्थिति अनुसन्धान कर्ताको क्षमता र उपलब्ध स्रोत साधनलाई ध्यानमा राखेर अन्तर्वार्ता अनुसूची, अन्तर्वार्ता अवलोकन, मुख्य जानकार समूह छलफल आदि सँगको प्रत्यक्ष अन्तर्वार्ता माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

#### ३.४.१ अन्तर्वार्ता अनुसूची

अनुसन्धानकर्ताले अनुसन्धानको विषयमा उत्तरदातासँग प्रत्यक्ष रूपमा भेटघाट गरी आवश्यक सूचना सङ्कलन गर्न गरिने दोहोरो कुराकानीको पद्धतिलाई अन्तर्वार्ता भनिन्छ ।

अन्तर्वार्ता अनुसूची तथ्याङ्क सङ्कलन गर्न सबैभन्दा महत्वपूर्ण र प्रभावकारी विधि हो । यस विधिमा अध्ययन उद्देश्यसँग सम्बन्धित प्रश्नहरू पहिले नै तयार पारिन्छ । जसअन्तर्गत उत्तरदाताको व्यक्तिगत विवरण, सामाजिक, आर्थिक अवस्था र उद्देश्यसँग सम्बन्धित प्रश्नहरू तयार पारेर उत्तरदाताहरूसँगै बसेर दोहोऱ्याई दोहोऱ्याई प्रश्नहरू सोध र तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.४.२ अवलोकन

अनुसन्धानकर्ता यदि अनुसन्धानको विषयमा अध्ययन गर्ना लागि प्रत्यक्ष रूपमा कार्य क्षेत्रमा उपस्थिति भई समस्या के हो, कसरी घटिरहेको छ त्यसको प्रभाव र कारण के रहेछ भन्ने बारेमा निरीक्षण गरिने पद्धतिलाई अवलोकन भनिन्छ । समाजशास्त्रीय अध्ययनमा सूचना सङ्कलन गर्न प्रश्नावलीले मात्र र सबै प्रकारका तथ्याङ्कहरू पूरा नहुने हुँदा शोध अध्ययनलाई पूर्णता दिनका निम्ति उत्तरदाताहरूको पारिवारिक बनावट, भेषभुषा, चाडपर्व मनाउने तरिकाहरू, भौतिक वस्तुको प्रयोग र सुविधाहरू जस्ता पक्षलाई अवलोकन विधिद्वारा पूर्णता दिने प्रयास गरिएको छ ।

## ३.५ तथ्याङ्कहरूको विश्वसनियता र प्रमाणिकता

यस शोध अध्ययनमा समावेश गरिएका सम्पूर्ण तथ्याङ्कहरू अनुसन्धानकर्ता आफ्नै उत्तरदाताहरूको घर दैलोमा पुगेर उद्देश्य स्पष्ट पारेर सङ्कलन गरिएको हुनाले यी तथ्याङ्कहरू विश्वसनीय छन् भन्ने मानिन्छ । यस शोध अध्ययनमा प्रयोग गरिएका सिद्धान्त तथा विधिहरू वैज्ञानिकता परिक्षण भइसकेको हुनाले विश्वसनीय एवम् प्रमाण योग्य मान्न सकिने छ । यसरी अनुसन्धानकर्ता आफै सहभागी बनेर सूचना सङ्कलन गरिएको हुँदा तथ्याङ्क सङ्कलन गरी निकालिएको निष्कर्षहरू औचित्यपूर्ण र विश्वसनीय हुन गर्दछन् ।

## ३.६ तथ्याङ्कको सम्पादन, प्रस्तुतीकरण र विश्लेषण

अध्ययनको उद्देश्य अनुरूप अध्ययनको क्षेत्रबाट सङ्कलन गरिएका तथ्याङ्क आफैमा व्यवस्थित र अर्थपूर्ण हुँदैन जसलाई अर्थपूर्ण बनाउनको लागि तथ्याङ्कहरूलाई श्रेणीबद्ध, व्यवस्थित एवम् कुशलतापूर्वक प्रस्तुत गर्न जरूरी हुन्छ । यस प्रक्रियामा सम्पादन, वर्गीकरण तथा तालिकीकरण गर्ने कार्यहरू पर्दछन् । जहाँ सङ्कलित तथ्याङ्कहरूमा रहेका

गल्ती कमजोरीहरूमा बाँच्ने सम्भव भएसम्म सम्पादन गरेर सच्याइन्छ । समान र असमान प्राकृतिक विशेषताहरू जाति, लिङ्ग, वर्ग, उमेर, पेसा, आय आदि मिश्रितलाई बुझ्ने गरी श्रेणीबद्ध रूपमा वर्गीकरण गरेर खास आकार दिने गरी निष्कर्ष निकाल्न सजिलो बनाइन्छ । यसले दुई भिन्न वर्ग बीच तुलनात्मक अध्ययन गर्न र असल र खराब पक्षहरूलाई छुट्याउन मद्दत गर्दछ । प्रस्तुत गरिएको तथ्याङ्कहरूलाई सही तरिकाले विश्लेषण गर्दै सामान्यीकरण गर्नुपर्छ । यस अध्ययनमा पनि नेवार जातिसँग सम्बन्धित अनुसन्धानको उद्देश्य तथा आवश्यकताअनुसार तथ्याङ्कहरूलाई सकेसम्म तालिकीकरण गरी प्रतिशत औषत आदि तरिकाद्वारा प्रस्तुति र विश्लेषण गरिएको छ ।

### ३.७ अनुसन्धानकर्ताले ख्याल गर्नुपर्ने नैतिक मूल्य मान्यता

हरेक शोध अनुसन्धानमा नैतिक मूल्य मान्यताको ठूलो महत्व हुने गर्दछ । हरेक समाजका आफ्नै किसिमका मूल्य मान्यताहरू हुने गर्दछन् । कतिपय पक्षहरू गोपनियता कायम गर्नुपर्ने हुन सक्दछन् । यस शोध अध्ययनमा नैतिक मूल्य मान्यताको ख्याल राख्दै पक्षपातबाट टाढै रहेर गोप्यताका कुराहरूलाई असर नपर्ने गरी अनुसन्धान कार्य अघि बढाइएको छ । जस्तै :

१. यस शोध अध्ययनमा उत्तरदाताहरूलाई उद्देश्य स्पष्ट पारेर आपसी समझदारीका आधारमा मात्र प्रश्नहरू सोधिएको छ ।

२. प्रस्तुत शोध अध्ययनमा उत्तरदाताहरूको वैयक्तिक गोपनियताका कुराहरूलाई उल्लेख गरिएको छैन । जुन कुराले उत्तरदाताहरूको भावनामा चोट पुग्न जानेछ ।

३. कुनै पनि तथ्याङ्कहरूलाई तोडमोड गरिएको छैन । उत्तरदाताहरूले जे जस्तो सूचना दिएका छन् ती सबैलाई वैज्ञानिक पद्धतिद्वारा व्यवस्थित क्रममा राखिएको छ ।

४. उत्तरदाताहरूलाई उद्देश्य बताएर आदर सम्मान गर्दै उत्प्रेरित गरेर सूचना लिइएको छ । जबर्जस्ती सूचना दिन कर लगाइएको छैन ।

### ३.८ अध्ययनको सीमाहरू

हरेक अध्यायको अध्ययन सीमाहरू हुने गर्दछन् । अध्ययन क्षेत्रको अवस्था समय सीमा प्राप्त स्रोत साधन, तथ्याङ्कहरूको प्रकृति, अनुसन्धानकर्ता र सूचनादाता बीचको भाषिक तदाम्यता आदिले पनि अध्ययन अनुसन्धानका प्रभाव पार्ने गर्दछ । कुनै एक स्थानमा एउटा जाति, धर्म, संस्कार आदिका बारेमा गरिएको अध्ययनले सम्पूर्ण स्थानमा बसोवास गर्ने जातीय समुदाय, धर्म, संस्कार आदिको प्रतिनिधित्व नगर्न पनि सक्दछ । यस अध्ययनले सम्पूर्ण देशको नेवारहरूको प्रतिनिधित्व गर्न सक्दैन किनकि यसले सानो क्षेत्रलाई मात्र ओगटेको छ । यो अध्ययन अनुसन्धानकर्ताले आफ्नो डिग्री प्राप्त गर्नको लागि गरेको हुँदा यसको आफ्नै सीमितता छन् । यस अध्ययनको मुख्य क्षेत्र भनेकै नेवार जातिको सामाजिक, सांस्कृतिक, आर्थिक अवस्था, विवाह संस्कार र यसमा आफ्ना परिवर्तनलाई मात्र पत्ता लगाउनु हो । यस शोध अध्ययनका सीमाहरूलाई बुँदागत रूपमा यसरी प्रष्ट पार्न सकिन्छ ।

१. अध्ययन सीमित उद्देश्य राखी गरिने हुनाले सानो पक्षलाई मात्र समेट्ने छ ।

२. यस विषयको अध्ययन धेरै विधिबाट गर्न सकिने भए तापनि समय, स्रोत साधनको कारण सीमित विधिलाई मात्र अनुसन्धानमा प्रयोग गरिएको छ ।

३. यसले अध्ययनले मुख्यतः तारकेश्वर नगरपालिका वडा नं.१९ मा बस्ने नेवार समुदायको सामाजिक, सांस्कृतिक, आर्थिक अवस्था, विवाह संस्कार र यसमा आएको परिवर्तनलाई मात्र समेट्ने छ ।

४. यस अध्ययनले सम्पूर्ण नेवार समुदायको प्रतिनिधित्व नगर्न सक्छ ।

# अध्याय : चार

# उत्तरदाताहरूको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था

समाजभित्र विभिन्न जाति, जनजाति, दलित, धनी, गरिव, धर्म, लिङ्ग, वर्ण, उमेर समूहका मानिसहरू अन्तर्क्रियात्मक सम्बन्ध स्थापित गरेर बसेका हुन्छन् । समाजमा तीन विविध विशेषता भएका सदस्यहरू समाजभित्रका विभिन्न संस्थामा सहभागी हुने गर्दछ । जस्तै : आर्थिक, पारिवारिक, शैक्षिक, राजनीतिक, धार्मिक आदि । समाजमा यी सदस्यहरूको आर्थिक हैसियत उमेरगत तह विभाजन आदिको समग्र अवस्थालाई सामाजिक अवस्था भनिन्छ । समाज विकासका सदस्यहरूलाई दैनिक आवश्यक पर्ने गाँस, वास, कपासको परिपूर्ति गर्ने मात्र होइन मानिसका सुख सुविधामा वृद्धि गर्न, रोग व्याधीको उपचार गर्न र संस्कारगत कार्यका समेत आर्थिक पक्षले ठूलो प्रभाव पार्ने गर्दछ । आय नभए खर्च गर्न सकिँदैन, खर्च गर्न नसकिए अवसर प्राप्त गर्न सकिँदैन । यसकारण आम्दानी यस्तो साधन हो जसले मानिसको क्षमता बढाउन सहयोग गर्दछ (मानव विकास प्रतिवेदन, १९९८) ।

### ४.१ उत्तरदाताहरूको सामाजिक तथा जनसाङ्ख्कीय विवरण

समाज भनेको विभिन्न जाति, जनजाति, धर्म, वर्ण, लिङ्ग तथा उमेर समूहका मानिसहरू अन्तर्क्रियात्मक सम्बन्ध स्थापित गरेर बसेका हुन्छन् । समाजका ती सदस्यहरू समाजका विभिन्न सामाजिक संस्थामा आबद्ध भएर रहेका हुन्छन् । जस्तै : आर्थिक अवस्था, पारिवारिक संरचना, शैक्षिक स्तर, धार्मिक विविधता संस्कारगत पद्धति, उमेरगत स्थिति आदि समग्र पक्षको अवस्थालाई सामाजिक अवस्था भनिन्छ । बोध अध्ययनको यस खण्डमा नमुना छनोट परेका उत्तरदाताहरूको जातीय अवस्था, धर्म, शिक्षा, वैवाहिक स्थिति, परिवारको प्रकार आदिको बारेमा विश्लेषण गरिएको छ ।

### ४.१.१ जाति/जनजाति

जात एउटा बन्द वर्ग हो । कुनै पनि समाजमा जातको आधारमा विभिन्न जातिको चालचलन, संस्कार, खानपान, विहेवारी, पेसा, व्यवसाय र सम्बन्ध निर्धारण गरिन्छ भने त्यस्तो व्यवस्थालाई जाति व्यवस्था भनिन्छ । जातीय व्यवस्थाले कुनै पनि व्यक्तिको सामाजिक स्थिति वा भूमिकाबारे जन्मना साथ निश्चित गरिएको हुन्छ । नेपालमा राजा

जयस्थिति मल्लले जात व्यवस्था लागु गरको थिए । वि.सं.२०५८ को राष्ट्रिय जनगणनाको तथ्याङ्कअनुसार नेपालमा हिन्दु धर्म मान्नेको सङ्ख्या ८० प्रतिशत रहेको पाइन्छ । यसबाट बुझ्न सकिन्छ कि नेपालमा जाति व्यवस्थाको प्रभाव निकै रहेको छ । यो एउटा सामाजिक अवधारणा पनि हो जसको कुनै छुट्टै नाम हुन्छ, परम्परा हुन्छ, पेसा व्यवसाय फरक किसिमले स्तरीकरण गरिएको हुन्छ र उनीहरूले आफ्नो जातीय समूहका बारेमा फरक धारणा राख्ने गर्छन् ।

जनजातीय समूह भन्नाले आफ्नो मौलिक परम्परागत जीवनशैली एवम् संस्कृति भएका मानिसहरूको सदस्यतालाई जनाउँछ (समाजशास्त्रीय शब्दकोष १९८९) । हिन्दु वर्ण व्यवस्थाभित्र नपर्ने, अलग परम्परागत जीवनपद्धति अँगाल्ने मानिसहरूको वर्ग तथा समूह जुन अन्य वर्गबाट भाषिक, सांस्कृतिक, धार्मिक तथा प्रजातीय रूपले फरक तर एउटै भौगोलिक क्षेत्रमा बसोवास गर्ने आफ्नै नै परम्परागत मूल्य मान्यता आदि विशेषता भएका समूहलाई जनजातीय समूह भनिन्छ । सामाजिक सम्बन्ध र संरचनाभित्र भने विभिन्न जाति एवम् जनजाति समावेश भएका हुन्छन् । यो शोध अध्ययनका उत्तरदाताहरूमा सम्पूर्ण नेवार जातिका रहेका छन् । जुन जातीय समूहहरू परम्परादेखि नै काठमाडौँ उपत्यका लगायत उपत्यका वरिपरिका जिल्लाहरू बसोवास गर्दै आएका छन् । यस अध्ययन क्षेत्रका नेवारहरू परम्परादेखि नै काठामडौँ जिल्लाको मनमैजु नगरपालिका वडा नं.१९ मा बसोवास गर्दै आएको देखिन्छ ।

### ४.१.२ उमेर

समाजमा बसोवास गर्ने मानिसहरूको सामाजिक स्तरीकरणको एउटा महत्वपूर्ण तत्व उमेरगत विभाजन हो । यो एउटा जैविकीय तत्व पनि हो । समाजमा बसोवास गर्ने हरेक मानिसहरू विभिन्न उमेर समूहका विभाजन भएर रहेका हुन्छन् र उमेरगत विभाजनसँगै उनीहरूले समाजमा निर्वाह गर्नुपर्ने भूमिका, दायित्व, कर्तव्य र सीमाहरू समाजले नै निश्चित गरिएको हुन्छ । राज्यले पनि  उमेरका आधारमा उत्पादनशील र परिनिर्भर जनशक्ति भनेर विभाजन गरेको हुन्छ । उमेरगत रूपमा समाजका फरक-फरक धारणाहरू हुनाले यस शोध अध्ययनका पनि फरक-फरक उमेर समूहका उत्तरदाताहरू छनोटमा परेको पाइन्छ । जसलाई तालिकामा निम्नअनुसार उल्लेख गर्न सकिन्छ ।

## तालिका नं.१

## उमेर समूहका आधारमा उत्तरदाताहरूको विवरण

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १८-२८ वर्षसम्म | गहद्धद्धज | २० |
| २. | २९-३८ वर्षसम्म | १४ | २५ |
| ३. | ३९-४८ वर्षसम्म | १६ | २८ |
| ४. | ४९-५८ वर्षसम्म | १० | १८ |
| ५. | ५९ भन्दा माथि | ५ | ९ |
| | जम्मा | ५६ | १०० |

स्रोत : स्थलगत भ्रमण, २०७४ ।

तालिकाअनुसार १८-२८ वर्ष उमेर समूहका २० प्रतिशत, २९-३८ वर्ष उमेर समूहका २५ प्रतिशत, ३९-४८ वर्ष उमेर समूहका सबैभन्दा बढी २८ प्रतिशत, ४९-५८ वर्ष उमेर समूहका १८ प्रतिशतसम्म र ५९ वर्षभन्दा माथिका ९ प्रतिशत उत्तरदाताहरू रहेका छन् ।

१५ देखि ५९ वर्ष उमेर समूहका मानिसलाई सक्रिय जनशक्तिको रूपमा लिने गरिन्छ । नागरिकता ऐन २०५३ ले पनि नेपाली नागरिकताको प्रमाण पत्र लिनका लागि १६ वर्ष उमेर पुगेको हुनुपर्दछ भनेको छ । यस उमेर समूहका मानिसले आफ्नो व्यक्तिगत जीवनस्तर राम्रो बनाउने मात्र होइन समाज र राष्ट्रको लागि पनि महत्वपूर्ण योगदान पुऱ्याउने गर्दछन् । यस शोध अध्ययनमा योग्यता क्षमता र ज्ञानका हिसाबले १८ वर्षदेखि ५९ वर्ष समूहका अत्यधिक उत्तरदाताको रूपमा छनोट गरिएको छ । यसरी सम्भव भएसम्म सबै उमेर समूहका भावना तथा विचारहरूलाई समेट्ने प्रयास गरिएको छ ।

### ४.१.३ लिङ्ग

समाजशास्त्रीय परिभाषाअनुसार समाजमा कि त पुरूष कि त महिला भएर जन्मन्छ । लिङ्ग जैविकीय विशेषता हो । समाजमा महिला र पुरूष एउटै रथका दुई पांग्रा जस्तै हुन् । समाज विकासका लागि महिला पुरूषको समान सहभागिताविना सम्भव छैन । समाजमा सामाजिक नियमको परिधिभित्र रहेर दुवैले आफ्नो उत्तरदायित्व बहन गर्ने सन्दर्भमा मात्रै समाज विकासको प्रक्रिया अघि बढ्ने गर्दछ । यो शोध अध्ययनमा पनि नेवार जातिको विवाह संस्कार र त्यसमा आएको परिवर्तन बारेमा तथ्याङ्कहरूलाई सङ्कलन गर्न महिला र पुरूष दुवैका विचार र भावनाहरूलाई समेट्नका लागि महिला र पुरूष दुवैलाई उत्तरदाताको रूपमा लिइएको छ । जसलाई तालिकामा यसरी उल्लेख गर्न सकिन्छ ।

**तालिका नं.२**

**लैङ्गिक आधारमा उत्तरदाताहरूको विवरण**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | महिला | १० | १८ |
| २. | पुरूष | ४६ | ८२ |
| | जम्मा | ५६ | १०० |

स्रोत : स्थलगत भ्रमण, २०७४ ।

तालिकाअनुसार उत्तरदाताहरूको लैङ्गिक अवस्थालाई हेर्दा महिलाहरू १८ प्रतिशत र पुरूषहरू ८२ प्रतिशत रहेका छन् । यस अध्ययनबाट के देखिन्छ भने हरेक कार्यहरूमा लैङ्गिक समानता भनिएका पनि शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रका महिलाहरू अलि पछि परेको नै देखिन्छ र त्यस क्षेत्रमा पुरूषको तुलनामा महिलाहरू कमजोर नै देखिन्छन् । यस कारणले पनि बढी उत्तरदाताहरू पुरूष समावेश गरिएको हो ।

### ४.१.४ धर्म

धर्म अलौकिक शक्तिप्रतिको विश्वास हो । धर्मले समाजलाई नियन्त्रण र निर्देशन गरेर सही दिशा प्रदान गर्दछ । समाजका हरेक व्यक्तिहरू कुनै न कुनै धार्मिक सम्प्रदायमा आबद्ध भएका हुन्छन् । जन्मदेखि मृत्युसम्मका हरेक संस्कारहरू धार्मिक नियमका आधारमा नै सम्पन्न गरिन्छन् । धर्मलाई हरेक मानिसले अनुभूति गरेका हुन्छन् र आत्म सन्तुष्टिको रूपमा लिने गर्दछन् । मानिसका व्यवहार र क्रियाकलाप धर्मले ठूलो प्रभाव गर्ने गर्दछ । समाजशास्त्रमा धर्मलाई एउटा सामाजिक संस्थाको रूपमा लिने गर्दछ ।

नेपालमा परम्परादेखि नै हिन्दु धर्मलाई प्रश्रय र प्राथमिकता दिइएको हुनाले यहाँको सामाजिक, आर्थिक, राजनीतिक क्षेत्रमा हिन्दु धर्मको गहिरो प्रभाव रहेको पाइन्छ । विगतमा राज्यले हिन्दु धर्मलाई राष्ट्रको धर्म मानेका कारण पनि हिन्दुहरूले राज्यले प्रदान गरेका सेवा सुविधा, रोजगारका क्षेत्रमा आफ्नो वर्चस्व कायम गरेर बसेका छन् । यस शोध अध्ययनमा परेका उत्तरदाताहरूले धार्मिक अवस्थालाई तालिकामा यसरी उल्लेख गर्न सकिन्छ ।

**तालिका नं.३**

**धार्मिक आधारमा उत्तरदाताहरूको विवरण**

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | हिन्दु | ३४ | ६१ |
| २. | क्रिश्चियन | २२ | ३९ |
| | जम्मा | ५६ | १०० |

स्रोत : स्थलगत भ्रमण, २०७४ ।

तालिकाअनुसार उत्तरदाताहरूको धार्मिक अवस्थालाई हेर्दा हिन्दु धर्मावलम्बीहरूको सङ्ख्या ६१ प्रतिशत र क्रिश्चियन धर्मावलम्बीहरूको सङ्ख्या ३९ प्रतिशत रहेको पाइन्छ । यस अध्ययनबाट के देखिन्छ भने प्रारम्भिक अवस्थामा सबै नेवार जातिहरूले हिन्दु धर्म माने

तापनि पछिल्लो समयमा क्रिश्चियन धर्मावलम्बीहरूसँग सम्पर्क भएसँगै धर्म परिवर्तन गरेर क्रिश्चियन धर्म अँगाल्न थालेको पाइन्छ ।

### ४.१.५ पारिवारिक संरचना

परिवार हरेक समाजमा पाइनै एउटा सामाजिक संस्था हो । यसलाई मानिसको संगम स्थलको रूपमा लिने गरिन्छ । जहाँ रगत र विवाहका आधारमा सम्बन्ध स्थापना हुने गर्दछ । त्यहाँ सन्तान उत्पादन, परिवारका सदस्यहरूको आवश्यकताको परिपूर्ति र संरक्षण हुने गर्दछ । समाजशास्त्रको कोलिन्स शब्दकोषमा भनिएको छ परिवार मानिसहरूको त्यो समूह हो जहाँ मानिसहरू नातेदारी वा त्यस्तै प्रकारका अन्य घनिष्ठ सम्बन्धद्वारा बाँधिएका हुन्छन् र जहाँ मानिसहरू नातेदारी वा त्यस्तै प्रकारका अन्य घनिष्ठ समबन्धद्वारा बाँधिएका हुन्छन् र जहाँ वयस्क मानिसहरू उनीहरूद्वारा जन्माईएका वा ग्रहण गरिएका बाल बच्चाहरूको हेरचाह र हुर्काउने कार्यमा सरिक हुने गर्दछन् । यस शोध अध्ययनमा नमुना छनोटमा परेका उत्तरदाताहरूको पारिवारिक संरचनालाई तालिकामा निम्नअनुसार उल्लेख गर्न सकिन्छ ।

**तालिका नं.४**

**पारिवारिक संरचनाका आधारमा उत्तरदाताहरूको विवरण**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | एकल परिवार | २० | ३६ |
| २. | संयुक्त परिवार | २६ | ४६ |
| ३. | बृहत् परिवार | १० | १८ |
| | जम्मा | ५६ | १०० |

स्रोत : स्थलगत भ्रमण, २०७४ ।

तालिकाअनुसार यस शोध अध्ययनमा नमुना छनोटमा परेका उत्तरदाताहरूमध्ये एकल परिवारमा रहेको ३६ प्रतिशत, संयुक्त परिवारमा बसोवास गर्ने ४६ प्रतिशत, बृहत् परिवारमा बसोवास गर्ने उत्तरदाताहरू १८ प्रतिशत रहेका छन् ।

समाजका आधुनिकीकरणको प्राभव, शिक्षा, रोजगार लगायत हरेक पक्षहरूले समाजलाई प्रभाव पारिरहेको हुन्छ । आजका हरेक परिवारहरू संयुक्त परिवारबाट एकल परिवार तर्फ उनमुख हुँदै गएका छन् । पारिवारिक सुख सुविधा मनोरञ्जन आदिले पनि एकल परिवारमा नै बस्न रूचाउँछन् । यी सीप अध्ययन नेवार जातिसँग सम्बन्धी भएकोले यिनीहरू प्रायः संयुक्त परिवारमा बसोवास गर्दछन् । केही हदसम्म एकल परिवारको अभ्यास पनि भएको पाइन्छ ।

### ४.१.६ वैवाहिक अवस्था

मानिसले आफ्नो अस्तित्वलाई कायम राख्नको लागि विभिन्न संस्कृतिको अभ्यास गरेको पाइन्छ । जसमा विवाह संस्कार एउटा महत्वपूर्ण संस्कृति हो । यसबाट परिवार र नातेदारी विस्तार हुन्छ । विवाह भनेको निश्चित उमेर समूहमा महिला र पुरूष बीच सम्बन्ध स्थापित गर्ने सामाजिक संस्था हो । विवाह सम्बन्ध स्थापित गर्ने माध्यम भएको हुँदा समाजमा यसको अति नै महत्व छ । समाज विवाहको प्रारम्भिक चरणदेखि नै विवाहको प्रचलन रहेको पाइन्छ । विवाहको माध्यमद्वारा नै समाजको निरन्तरता कायम हुने, यौन आवश्यकताको परिपूर्ति हुने सम्पत्ति र वंशको उत्तराधिकारी कायम हुने गर्दछ । नाता सम्बन्धको कारणबाट नै समाज सञ्चालनको प्रक्रिया सहज र सरल हुने गर्दछ । समाजका सदस्यहरूलाई निश्चित पद्धतिभित्र अड्याउने काम पनि विवाहले गरेको हुन्छ । यस शोध अध्ययन नेवार जातिहरूको विवा हसंस्कार सम्बन्धी अध्ययन गरेको हुनाले सम्पूर्ण उत्तरदाताहरू विवाहित रहेका छन् । हिन्दु धर्ममा विवाह एउटा संस्कार हो । विवाहपछि मात्र मानिस पूर्ण भएको मानिन्छ । त्यसकारण अधिकांश हिन्दु धर्मावलम्बी रहेको हाम्रो समाजमा धार्मिक संस्कार पूरा गर्न र सन्तानका लागि विवाह बन्धनमा बाधिन्छन् ।

### ४.१.७ शिक्षा

शिक्षलाई मानिसको ज्ञानको ज्योतिको रूपमा लिने गरिन्छ । शैक्षिक ज्ञानविना समाज विकासको प्रक्रिया अघि बढाउन सकिँदैन । शिक्षाले समाजलाई सही मार्गमा हिँड्न

निदेशन गर्दछ । यसका साथै मानिसका आधारभूत आवश्यकता सहज परिपूर्ति हुने, उन्नत तथा सहज जीवनयापन हुने समृद्ध समाज र राष्ट्रको निर्माण गर्न समेत योगदान पुऱ्याई रहेको हुन्छ । शिक्षाविना मानिसले जीवनका धेरै अवसरहरूबाट वञ्चित हुनुपर्दछ । एउटा व्यक्ति समाज र राष्ट्र कति विकसित अवस्था छ भन्ने कुरा त्यहाँको शैक्षिक प्रणालमिा निर्भर रहन्छ । घरायसी, आर्थिक अवस्था, परिवारमा अग्रजहरूको शैक्षिक अवस्था, सामाजिकीकरणले प्रक्रिया जस्ता विविध पक्षहरूले शिक्षामा प्रभाव पारेको हुन्छ । यस शोध अध्ययनमा नमुना छनोटमा परेका उत्तरदाताहरूको शैक्षिक ज्ञान वा तहको अवस्थालाई तालिकामा यसरी उल्लेख गर्न सकिन्छ ।

**तालिका नं.५**

**शैक्षिक आधारमा उत्तरदाताहरूको विवरण**

| **क्र.सं.** | **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १. | निरक्षर | १५ | २७ |
| २. | साक्षर | १६ | २९ |
| ३. | प्रा.वि. तहसम्म | १२ | २१ |
| ४. | निमावि तहसम्म | ८ | १५ |
| ५. | मावि तहसम्म | ३ | ५ |
| ६( | उच्च मावि तहसम्म | २ | ३ |
| | जम्मा | ५६ | १०० |

स्रोत : स्थलगत भ्रमण, २०७४ ।

तालिकाअनुसार यस शोध अध्ययनमा नमुना छनोटमा परेका उत्तरदाताहरूमध्ये निरक्षर २७ प्रतिशत, सामान्य साक्षर उत्तरदाताहरू २९ प्रतिशत, प्रा.वि तहसम्म अध्ययन गर्ने २१ प्रतिशत, निमावि तहसम्म अध्ययन गर्ने १५ प्रतिशत, मावि तहसम्म अध्ययन गर्ने ५ प्रतिशत र उच्च मावि तहसम्म अध्ययन गर्ने ३ प्रतिशत उत्तरदाताहरू रहेका छन् । अध्ययनबाट के देखिन्छ भने सहर केन्द्रित भई बसोवास गर्ने नेवारी समुदाय शिक्षाको क्षेत्रमा त्यति अग्रसर रहेको पाइएन ।

### ४.१.८ नारीको स्थान

हिन्दु धर्मशास्त्रले नारीको स्थान र महिमाको प्रशंसा गरेको पाइन्छ । नारीलाई देवीको रूपमा चिनाउन खोजको छ । तर व्यवहारमा नारीहरू पुरूषको दासको रूपमा रहेका छन् । अन्य नेवार समाज झैँ मैनमैजुका नेवारहरू पनि पुरूष प्रधान समाजमा हुर्किएको पाइन्छ । त्यसैले परिवारमा पुरूषको हैकमवाद चल्नु स्वाभाविकै हो । अन्य नेपाली समाजका महिलाहरू झैँ नेवार महिलाहरू पनि जीवनमा आफूलाई स्वतन्त्र महसुस गर्न नसक्ने कुराहरू प्रकट गर्दछन् । किनकि सानोमा बाबुको रेखदेखमा, यौवन अवस्थामा पतिको र बुढेसकालमा छोराको अधीनमा रहनु पर्ने कुरा उल्लखे गरेको पाइन्छ । यस नेवार समाजमा घरमुली घरका बुढापाका नै रहेको छ । पारिवारिक सम्पत्ति र घर खर्च घरमूलीबाट नै सञ्चालित भएको देखिन्छ । अहिले नेवार समाजमा छोराछोरी बराबर ठान्ने गरे तापनि उनीहरूको मानसिकतामा खासै परिवर्तन हुन सकेको देखिँदैन । किनकि नेवार महिलाहरू हरेक क्रियाकलापमा नै पिछडिएको देखिन्छ । शैक्षिक स्तरमा हेर्ने हो भने छोरीभन्दा छोरालाई बढी शिक्षा हासिल गराएको देखिन्छ । छोरोछारी दुवैलाई समान शिक्षा दिए पनि पढ्ने स्कुल भने फरक फरक रहेको देखिन्छ । छोरालाई प्राइभेट स्कुलमा पढाउँछन् भने छोरीलाई सरकारी स्कुलमा भर्ना गरिदिने गरेको पाइएको देखिन्छ ।

पैतृक सम्पत्तिमा पनि छोराको अधिकार हुनु, दाजुभाइ र हकवाला नभएमा मात्र पैतृक सम्पत्ति छोरीले पाउने, नेवार महिलाहरू पतिको खुट्टा ढोगेर पतिलाई खुवाईसकेपछि समात्र खाने गर्दछ र पतिको हरतरहले सेवा गर्दछन् । पत्नीले पतिको हरेक काममा सहयोग गर्ने गर्दछन् भने पतिले त्यस्तो गर्दैन ।

यस समाजमा छोरी चेलीको विवाह गर्दा छोरीसँग सल्लाह लिएर अथवा चित्त बुझाएर गर्ने चलन छैन जब कि छोराको चित्त बुझाएर गरिन्छ । विवाह पश्चात सम्बन्ध विच्छेद भएमा माइतीमा कुनै अधिकार नहुने । पतिको पश्चात पतिको अंश छुट्टिएर बस्न गाह्रो हुने, पतिले बहुविवाह गरे पनि केही नुहने र पत्नीले गरेमा समाजमा निन्दित भएर बस्नु पर्ने कुरा पनि महिलाहरूले बताए । पुरूषले पत्नीको मृत्यु पश्चात दोस्रो विवाह गरे पनि छुट हुने र महिलाले विधवा विवाह गर्न कुनै छुट नभएको भन्ने पनि देखियो । विधवा महिलाले कुनै पनि धार्मिक तथा सामाजिक संस्कारमा थकाली (मूली) भएर काम गर्ने नपाउने तर विधुर पुरूषलाई यसमा कुनै किसिमको बन्देज नभएको भन्ने कुरा पनि पाइयो । यस समुदायका महिलाहरू प्रायःजसो घरायसी धन्दामा नै सीमित रहेको देखिन्छ भने पुरूषहरू प्रायःजसो सबै घरबाट बाहिर गई काम गरेको देखिन्छ । यस समुदायमा जुनसुकै संस्कार गर्नुपर्ने भए पनि पुरूषहरू नै थकालीको रूपमा कार्य गर्ने गर्दछन् । विशेष गरी यस किसिमका संस्कारहरू बढी मात्रामा ग्रामीण परिवेश भई बस्ने नेवार समुदायमा देखिन्छ तर अहिले प्रायःजसो सहर केन्द्रित भई बसोवास गर्ने र बाहिरी संसारलाई बुझ्न मौका पाएसँगै यस समुदायका महिलाहरू पनि घर बाहिर गई काम गर्न थालेको देखिन्छ । यसले गर्दा नारीको स्थानमा पनि सुधार हुँदै आएको छ । छोरीले पनि छोरा सरह शिक्षा हासिल गर्नुपर्छ भन्ने भावना समयको परिवर्तनसँग यस जातिमा पनि बढेको छ ।

## ४.२ उत्तरदाताको सांस्कृतिक अवस्था

मानव समाजलाई चिनाउने आधार नै उसले निर्माण गरेको संस्कृति हो । संस्कृतिको निर्माण जर्गेना र पालनाले नै मानव सभ्यता विकसित हुँदै जान्छ । वास्तवमा भन्ने हो भने संस्कृति भनेको सिकिने व्यवहार हो । समाज पिच्छे संस्कृति फरक फरक रूपमा विकास हुँदै जान्छ । मानसि जन्मेदेखि मृत्युसम्म उनीहरूले गर्ने हरेक रीतिरिवाजहरूमा सांस्कृतिक अभ्यास लुकेको हुन्छ । संस्कृतिमा मानव जीवनका अमूर्त नमुनाहरू हुन्छन् । त्यस्ता अमूर्तताहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सामाजिक प्रतिक्रियामा जान्न सकिन्छ । संस्कृति जीवन्त हुन्छ, समाज सँगसँगै संस्कृति विकसित र परिवर्तित हुँदै जान्छन् ।

मनमैजु नगरपालिकाका नेवारहरूको रहनसहन सामान्य छ । उनीहरूका जीवनस्तर एकदम सरल देखिन्छ । उनीहरूको आफ्नै मान्यता र धारणाको अवलम्बन गर्दै आएको छ । यसैले उनीहरू दैनिक जीवन प्रक्रियालाई सरल, सुगम र व्यवहारिक बनाउन सफल भएको

देखिन्छ । उनीहरूको सामाजिक, सांस्कृतिक पक्षले उनीहरूको संसकृति संस्कार र परम्पराबारे कस्तो छ भन्ने कुरा स्पष्ट झल्किन्छ ।

यस नगरपालिकाका नेवार जाति अधिकांश पेसा खेती गर्ने भएकाले सहरको सर्म्पकले गर्दा त्यस गाउँको केही जान्ने बुझ्ने युवा पिँढीहरू सहरी जीवनबाट प्रभावित भएको देखिन्छ । काठमाडौँ राजधानीबाट नजिक भएको गाउँ भएर पनि त्यति खास विकास भएको देखिँदैन । मानिसहरू शिक्षत भईसकेको छैन । शिक्षाको कमी र अज्ञानताले गर्दा परम्परागत रूढीवादी र अन्धविश्वासमा नै भर पर्दथ्यो किनकि त्यस गाउँका कुनै पनि मानिस बिरामी पर्दा डाक्टर देखाउने चलन छैन र पहिला देवी देवताको पूजा गर्ने धामी झाँक्री देखाउने अनि वैद्यकहाँ लाने गरेको देखिन्छ ।

संसारमा मानिसको जन्म भएपछि समाजमा उसले आफ्नो कार्य गर्दै आएको हुन्छ । त्यसैले मानिस एक सामाजिक प्राणी हो । तसर्थ मानिसले समाजले दिएको मूल्य र मान्यताको परिधिभित्र रही आफ्नो दैनिक कार्य सञ्चालन गरिरहेको हुन्छ । मानिसले जन्मदेखि मृत्यु पर्यन्त पनि सामाजिक संस्कारहरू मान्नुपर्दछ तर सबैको आ-आफ्नै संस्कारहरू हुन्छन् । जुन संस्कारहरू एक जाति समुदायको अर्को जाति समुदायसँग मेल नखान पनि सक्छन् । मानिस सामाजिक प्राणी भएकोले उसको जीवनमा संस्कारको ठूलो प्रभाव पारेको हुन्छ । मानिस उक्त संस्कारको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अवलम्बन गर्दै आएको पाइन्छ । यसरी बाँचुञ्जेल व्यक्तिको व्यक्तित्व विकास गर्न र मरेपछि स्वर्गको स्थान प्राप्त गर्न सहायता गर्ने हुनाले हिन्दु संस्कारहरू जीवनका आवश्यक महत्वपूर्ण अङ्ग मानी आजसम्म सम्पन्न गर्दै आएका छन् ।

### ४.२.१ जीवन चक्र

संसारमा मानिसको जन्म भएपछि समाजमा उसले आफ्नो कार्य गर्दै आएको हुन्छ । त्यसैले मानिस एक सामाजिक प्राणी हो । तसर्थ मानिसले समाजले दिएको मूल्य र मान्यताको परिधिभित्र रही आफ्नो दैनिक कार्य सञ्चालन गरिरहेको हुन्छ । मानिसले जन्मेदेखि मृत्यु पर्यन्त पनि सामाजिक संस्कारहरू मान्नुपर्दछ । तर सबैको आ-आफ्ना संस्कारहरू हुन्छ । जनु संस्कारहरू एक जाति समुदायको अर्को जाति समुदायसँग मेल नखान पनि सक्छन् ।

मानिस सामाजिक प्राणी भएकोले उसको जीवनमा संस्कारको ठूलो प्रभाव पारेको हुन्छ । मानिस उक्त संस्कारको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अवलम्बन गर्दै आएको पाइन्छ । यसरी बाँचुन्जेल व्यक्तिको व्यक्तित्व विकास गर्न र मरेपछि स्वर्गको स्थान प्राप्त गर्न सहायता गर्ने हुनाले हिन्दु संस्कारहरू जीवनका आवश्यक महत्वपूर्ण अङ्ग मानी आजसम्म सम्पन्न गर्दै आएका छन् ।

यस्तै किसिमले नेवारहरूका पनि आफ्नै किसिमका सामाजिक संस्कारहरू छन् । हुन त नेवारी समाजमा अन्य हिन्दु नेवार समाजमा मानिदै आएका सामाजिक संस्कारहरू पाइन्छन् । तापनि यिनीहरूको सामाजिक संस्कार गर्ने तरिका आफ्नै किसिमको छ । नेवारी समाजमा आफ्नै किसिमको मोलिकता भएको थरी थरी किसिमका संस्कार र संस्कृति अहिलेसम्म पनि मान्दै आइरहको छ । कुनै कुनै संस्कृति र संस्कार बौद्ध धर्मको बज्रयानी सिद्धान्त किसिमले समेटदै आइरहेको नेवार वर्गको अरु अरु समुदायको नेवारहरूको संस्कारसँग धेरैजसो मिलेको देखिन्छ (ज्यापु मञ्च) ।

यसरी नै मनमैजुका नेवार समुदायको विषयमा पनि केही जानकारी दिन प्रयास गरिन्छ । यस गाउँमा अधिकांश नेवार रहेको हुनाले यहाँ नेवारहरूको संस्कार प्रधानता छ । यहाँका नेवारहरू खास गरी सामाजिक संस्कार गराउन ब्राम्हणको सट्टा गुभाजुलाई बोलाउँछन् तर अहिले कसै कसैले ब्राम्हणद्वारा पनि गराउन थालेका छन् । तापनि अझै गुभाजु अर्थात् बज्राचार्यलाई पहिलो प्राथमिकता दिइन्छ । नेवारहरूका मुख्य-मुख्य सामाजिक संस्कारहरूको निम्न किसिमले वर्णन गरिन्छ ।

**(क) जन्म**

संसारमा मानिसको जीवन चक्र भनेको जन्मेदेखि सुरु भई अन्तसम्ममा हुन्छ । यसैगरी सामाजिक संस्कारहरू पनि जन्मदेखि नै सुरु हुन्छ । नेवार समुदायमा सुत्केरी महिलाले आराम गर्नुपर्छ भन्ने छैन । माइतमा सुत्केरी हुन दिन हुन्न भन्ने धारणा पाइन्छ । महिला गर्भिणी भएको थाहा पाउने बित्तिकै लोग्नेले कुनै पनि मारकाट गर्नु हुँदैन भन्ने धारणा छ । सबभन्दा पहिले महिला गर्भिणी हुँदा बच्चा जन्मनु केही दिन अगाडि माइत बोलाएर 'धौ बजी नकेग' भनी मीठो मीठो खानेकुरा खुवाउने चलन छ । त्यसमा दही चिउरा र योमरी र अन्य मनपर्ने खानाहरू समेत राखेर खुवाउने चलन छ ।

त्यस्तै मनमैजुका नेवारी समुदायमा पनि दही चिउरा खुवाउने चलन छ । तर छोरीचेलीलाई घरमा बोलाएर खुवाउने होइन कि छोरीचेलीको घरमा गएर खुवाउने चलन छ । योमरी राखेर लाने चलन भने छैन । त्यस्तै साधारण धौ बजी (दही चिउरा) खुवाउने भन्ने चलन छ । यो अनिवार्य पनि छैन । दही चिउरा खाइसकेपछि गर्भिणी महिला माइतमा रात बस्न हुन्न भन्ने पनि धारणा छ । किनकि माइतमा बच्चा जन्माउनु हुन्न भन्ने धारणा छ ।

यस समुदायमा महिला सुत्केरी भएपछि सुत्केरी भएको घरमा र उसको माइतमा मौखिक रूपमा खबर गर्दा पनि हुन्छ । जुन दिन सुत्केरी भएदेखि सुत्केरी भएको घरहरू उसका दाजुभाइलाई सुतक लाग्दछ । उनीहरूले सुत्केरी नचोख्याएसम्म पूजा गर्नु हुँदैन र घर र शरीर शुद्ध नभएको भन्ने चलन छ । सुत्केरी भएको दुई तीनपछि माइत खलकले घ्यूमा चिउरा भुतेर चाकु राखेर खुवाउने चलन छ । यस चलनलाई 'घ्य बजि नके वनेगु' भन्ने चलन छ । यस समुदायमा नेवारका सुत्केरी भएको महिलाको माइत खलकले न्वारनको समयमा बच्चा र सुत्केरी र उसका सासु ससुराहरूलाई लुगा र नेवारी भोजका सामानहरू नपकाईकन लिएर आउने चलन रहेको छ ।

**(ख) सुतक स्नान**

बच्चा जन्मेको ६ वा १० दिन भएपछि सुत्केरी चोख्याउँछ । छोरा भएमा १० दिनमा र छोरी भए ६ दिनमा यो सुतक स्नान गरिन्छ । सुत्केरी चोख्याने दिन माइतीतिरबाट सबै सामान राखी सुतकेरी चोख्याउने पठाउँछ । सुत्केरी सामानहरू पठाउँदा पहिलो पटक छोरा पाएको भए सिँगै राँगाको टाउको राखेर पठाउने चलन छ र पहिलो पटक छोरी भए आधा टाउको राखेर पठाउने चलन छ तर यो चलन करकापले होइन । खाली रमाइलो गर्ने मात्र हो । माइतीतिरको सुत्केरी चोख्याउने सामानहरू आईपुगेपछि चोख्याउने काम अजिले छवासः अजिमा (दोबाटोको देउता) पूजा गरी आगः च्वचा आँगन देवतालाई चढाउने चलन छ । सुत्केरी चोख्याउने दिन घरको परिवार र दाजुभाइ खलकका केटाहरूले कपाल खौरिन्छ । सुत्केरी भएको १२ दिन १५ दिन भएदेखि माइतमा पाल्न नगएसम्म लोग्ने घरको नजिकको आफन्तहरू र माइतीतिरका नजिकको आफन्तहरू बच्चालाई चढाउन चामल, दक्षिणा, तेल, लुगा र सुतकेरीलाई खुवाउन चिउरा, मासु, जाँड, रोटी लिएर सुत्केरी हेर्ने आउने चलन छ । आलभोलि कुखुराको मासु र रोटी लाने चलन छ तर यो आवश्यक

होइन । यसरी सुत्केरी भएको १५/२० दिन भएपछि माइत खलकले 'ख्वाः स्ववनेगु' भनि भन्दछन् । सुत्केरी भएको एक महिना भएपछि सुत्केरी माइतमा पाल्न जान्छ ।

तर मनमैजुको नेवार समुदायमा यस किसिमको जन्म संस्कारमा केही फरक देखिन्छ । मनमैजुको नेवार समाजमा छोरा जन्मे पनि छोरी जन्मे पनि चार दिनमा नै चोख्याउने काम गर्दछ । सुत्केरी भएको तीन दिन भएपछि बच्चाको नाल काट्ने गर्दछन् । निकि धेरैजसो सुत्केरी घरमा नै बच्चा जन्मउने गर्दछ । त्यसैले तीन दिनपछि नाल काट्ने गर्दथ्यो तर अहिले पहिलेको तुलनामा धेरै नै परिवर्तन भएको जनाकारी यस समुदायका नेवारहरू बताउँछन् र प्रायः जसो अहिले सुतकेरी अस्पतालमा गराउने गर्दछन् । सुत्केरी आमा चोख्याउने दिनमा सुत्केरीको घरमा जान्छ । सासु चाहिँ र अजि मिलेर सुत्केरी चोख्याउने र चोख्याउने बेलामा पूजाआजा गरेर सिद्धाएर पठाउने काम गर्दछ । अरु नेवार सुमदाय जस्तै मनमैजुका नेवारी समुदायमा चोख्याउने बेला माइती खलकबाट राँगाको टाउको राखेर समानहरू वठाउनु पर्दैन । तर साधारण सामानहरू मात्रै पठाउने गर्दछ (स्थलगत अध्ययन, २०७४) ।

### (ग) पास्नी

बच्च जन्मेपछि करिब तीन महिना कानमा प्वाल पार्ने कुनै नेवारमा छ भने कुनैमा छैन । नेवार समुदायमा पनि बच्चाको पास्नी गर्ने चलन रहेको छ । पास्नीमा बच्चालाई कानमा गहना लगाई दिने चलन छ । त्यसैले बच्चाको कान दुई महिना वा तीन महिनामा कान छेड्ने गर्दछ । पास्नी गर्ने चलनलाई नेवार समुदायले 'मचा जंकु' भन्दछन् । जन्मेको बच्चा छोरी भएमा ५ महिनामा र छोरा भएमा ६ महिनामा भात खुवाउने चलन छ । केही गरेर ५ महिनामा पास्नी गर्न पाएन भने ७ महिना अथवा ९ महिनामा गरिन्छ भने छोरो बच्चालाई भने ६ महिनामा पास्नी गर्न पाएन भने आठ महिना वा १० महिनामा गरिन्छ । तर पास्नी गर्न बच्चाको मुखमा दाँत आउन हुन्न भन्ने चलन छ । पास्नी गर्दा बच्चालाई तासको लुगा, तासको टोपी, खुट्टामा चाँदकिो कल्ली हातमा पञ्चरत्नको चुरा र कानमा सुनको यारलिङबाट बच्चालाई सिँगारी पूजा गरी बच्चालाई एउटा किस्तीमा किताब, कलम उक्त गहनाहरूलाई एउटा किस्तीमा राखेर बच्चालाई देखाउने चलन छ । त्यसपछि बच्चाले त्यस सामानहरूमध्ये कुन चाहिँ सामान लिएको हो त्यही अनुसारको भविष्यवाणी गर्ने चलन पनि छ । यस कार्यक्रम सकेपछि गणेश स्थानमा लगेर पूजा गर्न जान्छ । गणेशकहाँ चढाएर

झिकेको लड्डु प्रसाद पहिला बच्चालाई खुवाउने गर्दछन् । त्यसपछि घरमा ल्याएर थायभु अथवा थालमा थरी थरीको भोजनको सामान राखेर साथै रोटी, दही, दूध इत्यादि खुवाउने चलन छ । कसै कसैले चाँदीको थालमा दूध भात (खीर) राखेर सनुको वा चाँदीको दामले झिकेर सबैले बच्चालाई खुवाउने चलन छ । परम्परादेखि हेर्ने हो भने यति गर्दा नै बच्चालाई भात खुवाउने कार्य सकिन्छ । आजभोलि बच्चाको पास्नी गर्दा आफन्तहरूलाई भोज बोलाउने चलन छ । यसरी पास्नीको भोज बोलाउन आफन्तहरूले इष्टमित्रहरू सबैले लुगा, खेलौना, सगुन लिएर जाने चलन छ । बच्चालाई उपहार दिने गर्दछ तर यो परम्परादेखि चल्दै चलन होइन । खाली रमाइलोको लागि मात्र हो ।

मनमैजुमा नेवार समुदायको संस्कार पनि अन्य समुदायका नेवाहरूको जस्तै संस्कार रहेको छ । यस समुदायका नेवारहरूको पनि आफ्नो बच्चाको पास्नी गर्ने चलन रहेको छ ।

**(घ) छेवार (चुडाकर्म)**

छेवार अथवा चुडाकर्म भन्ने नेवारहरूको सामाजिक संस्कार हो । यस अन्न प्राशन अथवा पास्नीपछि व्रतबन्ध अघि गरिने सामाजिक संस्कार हो । यो संस्कार अन्य हिन्दुहरू झैं मनमैजुका नेवाहरूले पनि गर्दछन् । नेवारहरू यसलाई नै वस्को पनि भन्दछन् । वस्काको अर्थ हो आमाको गर्भस्थानदेखि नै बच्चाको टाउको कपाल काट्नेलाई वस्काः अथवा छेवर भनिछ । मनमैजु गाउँका नेवार समुदायमा छोरा मान्छेको चुडाकर्म अथवा छेवा गर्न बालकको कपाल ५ वर्षसम्म नकाटीकन पालेका हुन्छ । ५ वर्ष पूरा भएपछि छेवार गर्न केटाको मामाले कपाल काट्ने चलन छ । चुडाकर्मको लागि यस गाउँको छुट्टै चलन छ । खासगरी यो कार्य श्री पञ्चमीको दिन र अर्को दिन चैत्र महिनामा पर्ने अक्षय तृतीयाको दिन गर्ने चलन छ ।

यस चुडाकर्म संस्कारमा मामा घरको ठूलो भूमिका हुन्छ । चुडाकर्म गर्ने बेलामा बच्चाको मामा घरमा चोखो चुडा कर्म र देवर गर्ने बालकलाई एक दिन अगाडि मामाले सुनको र चाँदीको औंठी लगाई दुवै थरी औंठी राखी बाँधेर आउनु पर्दछ । भोलिपल्ट मामाले कपला काटी नुहाई धुवाई गराउँछ । अनि कापल काट्न कपाल भुईमा नपर्ने गरिकन पितलको थाल अथवा काँचको थालमा फुपूलाई लुगा दिन राखी फुपूले कपाल थाप्ने चलन छ । कपाल काटिसकेपछि बालकलाई नयाँ टोपी लुगा मामाले लगाई दिन्छ । थालमा थापेको

कपाल कसैले नकुल्चने ठाउाम अथवा खोलामा बगाइन्छ । यसरी छोराको चुडाकर्म गर्ने चलन छ ।

**(ङ) व्रतबन्ध**

यो व्रतबन्ध नेवार समुदायको एक सामाजिक संस्कार हो । चुडाकर्मपछि गरिने संस्कार हो । नेवारहरू यसलाई 'कयेता पूजा' भन्दछन् । व्रतबन्ध गर्दा छोराको उमेर बेजोड पारेर गर्ने चलन छ । व्रतबन्ध ५/६ वर्षको उमेरदेखि विवाहको १ दिन अगाडिसमम पनि गर्ने चलन छ । तर नेवारी समाजमा यो संस्कार १२ वर्षभित्र गर्ने चलन छ । यस व्रतबन्धमा एकदिन अगाडि मामा हुनेले व्रतबन्ध गर्ने केटोको घरमा चाँदी र सुनको ख्वोचा (केश काट्ने सामान) केटोको टुपीमा बाँधेर आउने चलन छ । भोलिपल्ट नौ (नापित) ले कपाल काट्छन् । नौ, नैनीको यस संस्कारमा नभई हुँदैन । मामा चाहिने त्यस सुन चाँदीको ख्वोचाले टाउकोमा कपाल काट्ने भावना गर्दछ । त्यसपछि नौ नैनीले कपाल काट्न सुरु हुन्छ । यसरी केश काट्दा टुपी अलिकति मात्र बाँकी राखी सबै सफा गरी काट्छ र उक्त व्रतबन्ध गर्ने केटोको फुपूले कपाल भुईमा नपर्ने गरी थाप्दछन् । उक्त केश थापी थाल फुपूले एक जोर लुगा वा एउटा कपडा पनि राखी दिने चलन छ ।

त्यसपछि उक्त काटेको केश खोलामा बगाईदिन्छ । यसरी केश काटेपछि र घरमा गर्नुपर्ने काम गरिसकेपछि कुल देवताकहाँ गएर देवालीको थकाली वा गुरूजुले पूजा गरी व्रतबन्ध गर्दछन् । यसरी व्रतबन्ध गर्दा पहिला व्रतबन्ध गर्ने केटालाई कुल देवताकहाँ भित्र्याउनुपर्दछ । कुल देवताकहाँ भित्र्याउँदा कुल देवताको ढोका काठको पाथीले लसकुस गरी भित्र्याउँछ र अनि देवताकहाा राखेर विधिपूर्वक पुजा गरी केटालाई सात रङ्गको सात टुक्रा कपडा गाँसको लगौटी बाँधेर व्रतबन्ध गरिन्छ तर आजभोलि पहिलो पिताम्बरको धोती बाँधेर पनि व्रतबन्ध गर्ने चलन छ । यसरी गर्दा वत्रबन्ध गर्ने केटाको काँधमा छालाको धनुष, लठी, थैली राखी बाँधेर राख्ने र तामाको पात्र एक किसिमको कचौरा सबै आफन्तहरूले भिक्षा दिने चलन र सबभन्दा पछि बाबु र आमाले नरिवल राखेर भिक्षा दिने चलन भिक्षा दिनेमा फूल, चामल, फलफूल, अबिर, पान र लावा राखेको हुन्छ । यसरी भिक्षा दिने चलन सकेपछि त्यस वाण र धनुष इत्यादि लिएर देवताको मूलढोका अथवा आफ्नै चोकमा खाली थान पात सातमा राखी त्यसमा सिँगो सुपारी, ल्वाङ र फूल राखेर व्रतबन्ध गरेको केटालाई त्यही पातमा पाइला हिँडाएर भगाउँछ । त्यसरी भगाउने बेलामा

भागेको खण्डमा मामा हुनेले समात्नु पर्दछ । यदि धेरै टाढासम्म भागेको खण्डमा मामा चाहिले समातेर फकाउने र आफ्नो गच्छेअनुसार व्रतबन्ध गरेको केटालाई पैसा दिने चलन छ । त्यसपछि घरमा ल्याएर केटालाई सबै परिवारले दाजुभाइ नजिकका आफन्तहरूले सगुन दिई केटालाई टोपी, लुगा उपहार दिन्छ । मामाको तर्फबाट पनि सगुन लुगाहरू ल्याउने चलन छ । पूजामा कुनै देवताकहाँ बोका काट्छ भने आफन्त दाजुभाइ बसी भोज खाई सि का भन्ने भनी भोज खाने चलन छ । कसै कसैको देवाली स्थानमा नै नगईकन घरैमा व्रतबन्ध सकाएको पाइन्छ ।

त्यसै गरी ममभैजुका नेवार समुदायमा पनि छोराको व्रतबन्ध गर्ने चलन रहेको छ । यस समुदायमा आफ्नो गच्छेअनुसार व्रतबन्ध के कसरी गर्ने भन्ने रहेको छ । यस समुदायका नेवारहरूले पनि कुनै एउटा गणेश मन्दिर गई व्रतबन्ध गर्ने गर्दछ र कसैले धुमधामसँग गर्दछन् भने कसैले साधारण तरिकाले गर्ने चलन रहेको छ ।

### ४.२.२ भेषभुषा र गरगहना

यस मनमैजु गाउँका बासिन्दाहरू प्रायः जसो नेवाहरू भएकाले यस गाउँमा नेवारी संस्कृति झल्केको पाइन्छ । यस गाउामा जनता धेरै प्रतिशत नेवाहरू भएको गाउँमै बुनेको कालो साडीमा रातो बोडर भएको साडी (हाकुपटासी) चौबन्दी चोलो, पटका महिलाहरूले र पुरूषहरूले भोटो सुरुवाल, मिज, सुरुवाल लगाउने गरेको देखिन्छ । जाडोमा महिलाहरू खास्टो (भुलायग) ओढ्ने र पुरूषहरूले स्वेटर लाउने गर्दछन् । सानो सानो केटीहरू र तरूनीहरूले आजकालका शहरी फेसनमा किसिमको फ्रक, कुर्ता सुरुवाल लगाउने गरेका देखिन्छ । भने २० वर्षभन्दा माथिका केटीहरू सारी लगाउने गर्दछन् । त्यस्तै जान्ने सुन्ने युवा युवती पिँढीहरूले कमिज, पाइन्ट पनि लगाउने गरेको देखिन्छ ।

त्यस गाउँका बुढी महिलाहरूले सुनको माकसी (एक किसिमको सुनको डल्लो खालको यार्लिङ) कानमा लगाएको देखिन्छ । त्यस्तै टप, औंठी, सिक्री, चुरी आदि लगाएको हुन्छ । घाँटीमा चाँदीको मोटो मोटो सिक्री र खुट्टामा चाँदीको मोटो मोटो कल्ली लगाएको देखिन्छ ।

त्यस्तै गरी अधवैसे तथा तरूनीहरू आफ्नो हातको पाखुरा र खुट्टाका छालामा बुट्टा कोरेको र बनाएको पनि त्यत्तिकै देखिन्छ । यस विषयमा त्यस गाउँका महिलाहरू प्रति प्रश्न गर्दा राम्रो पार्नको लागि भनि जवाफ दिएको थिइन् ।

### ४.२.३ भोजन

मानव जातिलाई बाँच्नको लागि मुख्य तीन कुराको आवश्यक हुन्छ । ती हुन् - गाँस, वास र कपास । हाम्रो देशमा ठाउँ अनुसारको विभिन्न हावापानी र विभिन्न उब्जनी भएकोले ठाउँ अनुसारका समुदायमा मानिसले प्रयोगमा ल्याउने खाद्य पदार्थ पनि बेग्ला बेग्लै हुन सक्छन् । त्यस्तै मनमैजु गाउँमा पनि उत्पादन हुने बालीहरू धान, गहुँ, मकै, आलु, तोरी, घैया, खुर्सानी, तरकारीहरू आीद हुन् । उत्पादनअुनसार प्रायः यिनै उपजहरूलाई आफ्नो खानाको रूपमा प्रयोग गर्दछन् । उत्पादनअनुसार प्रायः यिनै उपजहरूलाई आफ्नो खानाको रूपमा प्रयोग गर्दछन् । अर्थात् यस गाउँका मुख्य खाना भात, दाल, तरकारी हुन् । कहिले गहुँरोटी, मकैको रोटी आदि खाने पनि गर्दछन् । गाउँघरमा गाई, भैंसी पालेको हुन्छ जसले गर्दा दूध दही खाने गरेको यस गाउँको बासिन्दा पनि पाइएको छ किनकि यस गाउँमा करिब १५० जति घरमा गाई, भैंसी, बाख्रा पालेको छ भनी गाउँलेहरूको भनाई छ तर यस शोधपत्रमा ५६ घर सङ्ख्या मात्र लिइएकोले यसबाट प्राप्त तथ्याङ्कअनुसार आफ्नो खेतमा मल प्रयोगको लागि मात्र केही केही बाख्रा पालेको देखिन्छ । यसरी पशु पालेकोले मासु खानमा पनि सहयोग पुगेको देखिन्छ । यस गाउँका बासिन्दाहरूले दिनको चार छाक खाने गरेको देखिन्छ । कोही कोही विहान खाना खाएपछि दिउँसो ५/६ बजेतिर खाजा खाने गर्दछ । त्यसमा चिउरा, मासु, रक्सी र तरकारी खाने गर्दछन् । अलि शिक्षित व्यक्तिले चिया, दूध, बिस्कुट पनि खाने गर्दछन् । कुनै कुनै परिवारले भात र तरकारी मात्र पनि खाने गरेको देखिन्छ । कोही कोही दिउँसो खाजामा चिउरा, गेडागेडी जस्तै : बकुल्ला, बोडी, चना, राजमा इत्यादि र गेडागुडी उसिनेर पनि खाने गर्दछ ।

## ४.३ उत्तरदाताको आर्थिक अवस्था

आर्थिक पक्षलाई जीवनयापनको प्रमुख स्रोत मानिन्छ । समाज विकासका सदस्यहरूलाई दैनिक आवश्यक पर्ने गाँस, वास, कपासको परिपूर्ति गर्ने मात्र होइन मानिसका सुख सुविधामा वृद्धि गर्न, रोग व्यासीको उपचार गर्न र संस्कारगत कार्यमा समेत

आर्थिक पक्षले ठूलो प्रभाव पार्ने गर्दछ । यसकारण आम्दानी यस्तो साधन हो जसले मानिसको क्षमता बढाउन सहयोग गर्दछ (मानव विकास प्रतिवेदन, १९९८) । आर्थिक रूपले अभाव र तनावमा बाँचेका मिासनहरूले आफ्ना सन्तानहरूलाई पोषणयुक्त खाना खुवाउन, स्वस्थकर आवासमा बस्न, उचित शिक्षा प्रदान गर्न सक्दैनन् त्यसकारण उनीहरू सधैँ प्रतिस्पर्धामा पछाडि पर्ने गर्दछन् । पारिवारिक आय राम्रो भएको घरमा छोरा र छोरीले समान अवसर प्राप्त गर्दछन् । आर्थिक पक्षले समाजका अन्य पक्षहरू जस्तै : सामाजिक, सांस्कृतिक, राजनीतिक, धार्मिक, मूल्य मान्यता तथा संस्कारगत पद्धति लाई पनि प्रभाव पार्ने गर्दछ । आर्थिक अन्तर्गत मानिसलाई जीवनयापन गर्न आवश्यक पर्ने स्रोतहरू भूमि, पुँजी, रोजगार, पेसा, व्यवसाय जस्ता पक्षहरू पर्दछन् । यी पक्षहरू समाजमा बसोवास गर्ने सबै मानिसहरूको समान हुँदैन । यही असमानताका कारण समाजमा वर्गीय स्थितिको सिर्जना हुने गर्दछन् । यस शोध अध्ययनका नमुना छनोटमा परेका उत्तरदाताहरूको आर्थिक अवस्थालाई बुँदागत रूपमा यसरी उल्लेख गरिएको छ ( मानव विकास प्रतिवेदन, १९९८) ।

### ४.३.१ भू-स्वामित्व

भूमि वा जमिनलाई व्यक्ति र राज्यको स्वामित्वमा रहने अचल सम्पत्तिको रूपमा लिने गरिन्छ । मानिसका लागि वास बस्ने र बाँच्ने आधार भनेको नै जमिन हो । मानिसलाई आवश्यक पर्ने सम्पूर्ण वस्तुहरू जमिनकै माध्यमद्वारा उपलब्ध हुने गर्दछ । जमिनको प्रयोग र स्वामित्वका आधारमा फेरबदल गर्न सकिँदैन । सम्पूर्ण मानव जीवन नै जमिन माथि निर्भर रहने गर्दछ । प्रकृतिको उपहारको रूपमा प्राप्त वस्तुहरू र मानव निर्मित हरेक वस्तुहरू जमिनबाट नै प्राप्त हुने गर्दछन् । स्वयम् जमिन पनि प्रकृतिकै उपहारका रूपमा लिने गरिन्छ । यस शोध अध्ययनमा नमुना छनोटमा परेका उत्तरदाताहरूको भू-स्वामित्वको अवस्थालाई यसरी प्रस्तुत गरिएको छ ।

**तालिका नं.६**

**भू-स्वामित्वका आधारमा उत्तरदाताहरूको विवरण**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | भूमिविहीन | ६ | १० |
| २. | २ कठ्ठासम्म हुने | ८ | १५ |
| ३. | ३ कठ्ठा-५ कठ्ठासम्म हुने | १६ | २९ |
| ४. | ६ कठ्ठा-८ कठ्ठामा हुने | १२ | २१ |
| ५. | ९ कठ्ठाभन्दा माथि हुने | १४ | ३६ |
| | जम्म | ५६ | १०० |

स्रोत : स्थलगत भ्रमण, २०७४ ।

तालिकाअनुसार यस शोध अध्ययनमा नमुना छनोटमा परेका उत्तरदाताहरूले पारिवारिक भू-स्वामित्वको अवस्थालाई हेर्दा भूमीविहीन १० प्रतिशत, २ कठ्ठासम्म हुने १५ प्रतिशत, ३ कठ्ठा-५ कठ्ठासम्म हुने १६ प्रतिशत, ६ कठ्ठा-८ कठ्ठासम्म जमिन हुने २१ प्रतिशत, त्यसैगरी ९ कठ्ठाभन्दा माथि जमिन हुने १४ प्रतिशत रहेका छन् । नेवार समुदायहरूको अहिलेसम्म हेर्दा भूमिविहीन कम नै देखिन्छ र आफ्नै भू-स्वामित्व रहेको देखिन्छ ।

### ४.३.२ आम्दानीको स्रोत

यस मनमैजु नगरपालिकाका बासिन्दाहरूको आम्दानीको स्रोतले विश्लेषण गर्दा मुख्य रूपमा कृषि व्यवसाय नै देखिएको छ । उत्तरदाताहरूले मुख्य पेसा कृषि भएको कारण कृषि कार्यबाट नै उनीहरूको जीवनयापन हुने गरेको पाइन्छ । आम्दानीको मुख्य स्रोत कृषि भए

पनि उब्जाउशील जमिनको कमीले कृषिबाट कम मात्र उत्पादन हुने गरेको छ । सानातिना उद्योग र परम्परागत कृषि प्रणालमिा लाग्नेहरूको सङ्ख्या धेरै छ । त्यस बाहेक ज्यालादारी, व्यापारी, प्राविधिज्ञ, सकारी जागिदार आदि अनेक काम गरेर जीवन निर्वाह गर्नेहरू पनि छन । कृषि प्रणाली भने मौसमी हुनुपर्ने बाध्यता, सिंचाई सुविधाको विकास उचित रूपमा नहुनाले गर्दा हो । र कृषि प्रणालीमा आधुनिकतापन आए तापनि त्यस ठाउँमा भने व्यवहारमा पर्ने लागु भएको देखिँदैन त्यसकारण कृषिमा आधुनिकपन भने देखिँदैन त्यसैले परम्परागत शैलीबाट नै खेती गर्ने चलन छ । यसले गर्दा दुई तीन पाली लगाउने चलन विकसित भईसकेको छैन । काठको कामहरू गर्ने, कार्पेट बुन्ने, ऊनी धागो काट्ने, कपडा बुन्ने जस्ता कार्यहरू गरी जीवन निर्वाह गर्ने केही परिवार पनि छन् ।

**तालिका नं.७**

**पेसागत आधारमा उत्तरदाताहरूको विवरण**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | २० | ३६ |
| २. | ज्याला मजदुरी | १८ | ३२ |
| ३. | नोकरी | १० | १८ |
| ४. | वैदेशिक रोजगार | ८ | १४ |
| | जम्मा | ५६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

### ४.३.३ खाद्यान्नको स्थिति

अध्ययन गरिएको ५६ घर नेवार परिवारको खाद्यान्नको स्थितिको विश्लेषण गर्दा अधिकांश परिवारलाई आफ्नो जग्गाबाट उत्पादित अन्नले ९ महिनाभन्दा कमै मात्र खान पुग्न देखिएको छ । यसबाट उत्तरदाताहरूले आर्थिक अवस्था कमजोर छ भन्ने कुराको सङ्केत गर्दछ । जग्गा जमिन भए तापनि कृषि प्रणाली आएको आधुनिकपन सदुपयोग राम्रोसँग गर्न नपाएका कारण कृषि व्यवसाय त्यति राम्रो भएको देखिँदैन । उब्जाउ भूमि भए तापनि पानीको सुविधा प्रशस्त मात्रामा नहुनाले जमिन सुख्खा भएकोले कारण लगानकिो अनुपातमा खाद्यान्नको उत्पादन कम हुने गरेको छ । उत्तरदाताहरूको खाद्यान्नको उत्पादन अनुपातलाई तलको तालिकाले प्रष्ट पारेको छ ।

**तालिका नं.८**

**उत्तरदाताहरूलाई खान पुग्ने र नपुगेको विवरण**

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ६ महिनाभन्दा कम खान पुग्ने परिवार | १९ | ३४ |
| २. | ६ महिनासम्म खान पुग्ने परिवार | १६ | २९ |
| ३. | ९ महिनासम्म खा नपुग्ने परिवार | १२ | २१ |
| ४. | १२ महिनासम्म खान पुग्ने परिवार | ९ | १६ |
| | जम्मा | ५६ | १०० |

स्रोत : स्थलगत भ्रमण, २०७४ ।

तालिकाअनुसार यस शोध अध्ययनमा नमुना छनोटमा परेका उत्तरदाताहरूको विवरणबाट के देखिन्छ भने आफ्नो आम्दानीबाट गुजारा चलाउने मध्येका ५६ घरपरिवार उत्तरदातामध्ये ३४ प्रतिशतलाई ६ महिनासम्म पनि खान पुग्दैन भने २९ प्रतिशतलाई आफ्नो जग्गाबाट उत्पादित अन्नले ६ महिनासम्म खान पुग्दछ, २१ प्रतिशतलाई उत्पादित अन्न ९ महिनासम्म खान पुग्ने देखिन्छ भने १६ प्रतिशतलाई घर परिवार नेवार

जातिहरूमध्ये वर्ष दिनसम्म नै आफ्नो खेतबारीबाट उत्पादित अन्नले खान पुग्ने देखिन्छ । यसरी आफ्नो जीवन धान्न खेतमिा मात्र भर नपरी अन्य कामहरू पनि गर्ने गर्दछ र नपुगेको खण्डमा किनेर खाने गर्दछन् । नेवार जातिहरू आफ्नो जीवन चलाउन कृषि लगायत व्यापार व्यवसाय र युवा पिँढीहरू वैदेशिक रोजगारमा रहेको देखिन्छ ।

### ४.३.४ पेसा/रोजगार

पेसा पनि मानिसको जिविकोपार्जनको महतवपूर्ण आधार हो । समाजका हरेक मानिसहरू कुनै कुनै पेसा व्यवसायमा सामेल भएर जिविकोपार्जन गरेका हुन्छन् । पेसा व्यवसायकै माध्यमबाट मानिसलाई आर्थिक लाभ हुने, सामाजिक प्रतिष्ठा कायम हुने, आधारभूत आवश्यकता पूरा हुने र उच्च स्तरको जीवनयापनमा सहयोग गर्दछ । यदि समाजले कुनै पनि मानिस कुनै पेसा व्यवसायमा समावेश छैन भने आधारभूत आवश्यकता पूरा गर्न कठिन हुने मात्र होइन । समय बिताउन र दिमागलाई नियन्त्रण गर्न समेत कठिन हुने गर्दछ । यस शोध अध्ययनमा नमुना छनोटमा परेका उत्तरदाताहरूको पेसागत स्थितिलाई तालिकामा यसरी उल्लेख गर्न सकिन्छ ।

**तालिका नं.९**

**पेसागत आधारमा उत्तरदाताहरूको विवरण**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि | २० | ३६ |
| २. | ज्याला मजदुरी | १८ | ३२ |
| ३. | नोकरी | १० | १८ |
| ४. | वैदेशिक रोजगार | ८ | १४ |
| | जम्मा | ५६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

तालिकाअनुसार कृषि पेसालाई जीवन निर्वाहको आधार माने उत्तरदाताहरू ३६ प्रतिशत, ज्याला मजुदरी गर्ने उत्तरदाताहरू ३२ प्रतिशत र नोकरी गर्नेहरू १८ प्रतिशत र त्यसैगरी वैदेशिक रोजगारका लागि जानेहरू १४ प्रतिशत रहेका छन् । यस अध्ययनबाट के निष्कर्ष निकाल्न सकिन्छ भने नेवार जातिहरू पछिल्लो समयमा कृषि पेसामा मात्र अवलम्बन नरहेर जिविकोपार्जनको लागि अन्य पेसामा पनि पनि आबद्ध रहेको देखिन्छ ।

### ४.३.५ ऋण

ऋण भनेको कुनै पनि व्यक्ति वा संस्थासँग लिएको रकम हो जसलाई ब्याज सहित फिर्ता गर्ने सर्तमा लिएको हुन्छ । नेवार जातिले आफ्नो विभिन्न क्रियाकलापहरू लागि ऋण लिने गर्दछन् ।

**तालिका नं.१०**

**उत्तरदाताहरूको ऋण सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | ऋण नलिने परिवार सङ्ख्या | ५ | ९ |
| २. | इष्टमित्रबाट ऋण लिने परिवार सङ्ख्या | २१ | ३८ |
| ३. | बैंकबाट ऋण लिने परिवार सङ्ख्या | १२ | २१ |
| ४. | अन्य बचत समूह | १८ | ३२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

तालिकाअनुसार इष्टमित्रहरूबाट ऋण लिने उत्तरदाताहरू ३८ प्रतिशत, बैंकबाट ऋण लिने परिवार सङ्ख्या २१ प्रतिशत रहको छन् भने अन्य बचत समूहबाट ऋण लिने

परिवार सङ्ख्या ३२ प्रतिशत रहेको देखिन्छ । अध्ययन गरिएको ५६ घर नेवार परिवारमध्ये ९ प्रतिशतले कुनै पनि स्रोतबाट ऋण नलिएको बताएका छन् ।

### ४.३.६ ऋण लिनुको उद्देश्य

मानिसले ऋण लिँदा विभिन्न उद्देश्यले लिएको हुन्छ । कसैले आफ्नो आधारभूत आवश्यकता पूर्ति गर्न भने कसैले अतिरिक्त आवश्यकता परिपूर्ति गर्नका लागि ऋण लिएको हुन्छ । नेवारहरूले निम्न आवश्यकताको लागि ऋण लिएको देखिन्छ ।

**तालिका नं.११**

**ऋण लिनुको उद्देश्य सम्बन्धी विवरण**

| क.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | अन्न खरिद गर्ने | २० | ३६ |
| २. | चाडपर्व मनाउने | १२ | २१ |
| ३. | विवाह गर्नको लागि | ८ | १४ |
| ४. | विरामी हुँदा उपचार गर्न | १० | १८ |
| ५. | कृषि कार्यको लागि | ६ | गहद्वद्वज |
| | जम्मा | ५६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका अनुसार तारकेश्वर नगरपालिका वडा नं.१९ मनमैजुमा रहेका नेवाहरूमध्ये अध्ययन गरिएका ५६ घरपरिवार नेवाहरूको ऋण लिनुको विभिन्न उद्देश्यहरू रहेको पाइयो । जसअनुसार सबैभन्दा बढी ऋण अन्न खरिद  गर्न ३६ प्रतिशतले लिने गरेको देखिन्छ । चाडपर्व मनाउनको लागि भनेर ऋण लिनेहरू २१ प्रतिशत, विवाह गर्नको लागि ऋण

लिनेहरू १४ प्रतिशत रहको छन् । त्यस्तै कृषि कार्यको लागि आवश्यक पर्ने मल, बीउख रिद पनृको लागि भनेर ऋण लिने घर परिवार ११ प्रतिशत, विरामी हुँदा उपचार गर्न भनेर ऋण लिनेहरू १८ प्रतिशत रहेको पाइयो ।

# अध्याय : पाँच

# नेवार जातिको विवाह संस्कार र परिवर्तन

## ५.१ उत्तरदाताहरूका विवाह संस्कार

नेवार जातिको आफ्नै संस्कृति, संस्कारहरू भएको पाइएको छ । विभिन्न संस्कारहरूमध्ये विवाह एक महत्वपूर्ण संस्कार हो । यस नेवार जातिको आफ्नै मौलिकता भएको जुन कसैसँग नमिल्ने जातिया गौरवताअनुसार चल्दै आएको छ । नेवार जातीय परम्पराअनुसार विवाह हुने किसिमहरू :

### ५.१.१ बेल विवाह

नेवार जातिको विवाह संस्कारमध्ये इहीः एक हो । यो नेवार जातीयको मौलिकता भएको जुन कसैसँग नमिल्ने जातीय गौरवताअनुसार चल्दै आएको एक मुख्य संस्कार हो । यो इही संस्कार नेवार जातीय बाहेक अरु कुनै पनि जातिले यस संस्कारलाई मान्दै आएको देखिँदैन । नेवार जातीयमा पनि धार्मिक सम्प्रदायतिरबाट हेर्ने हो भने दुई थरीको देखिन्छ । (१) बज्राचार्य (गुभाजु) पुरोहित मानी राख्ने बौद्ध धर्मावलम्बीहरू र (२) बर्मु द्यः बाजे पुरोहित मानी राख्ने हिन्दु धर्मावलम्बीहरू हुन् । यी दुवै थरीका धर्मावलम्बीहरूले केटीलाई ५ वर्षदेखि ८ वर्षसम्ममा इहि नगरी हुँदैन । इहिको अर्थ केटी तन्नेरी हुन अघि कन्यालाई बेलसित विवाह गर्नु हो । ननेवार जातिमा इहि नगरी हुँदैन भन्ने भए तापनि कुनै कुनै नेवारी जातिमा इहि नगर्ने चलन पनि पाइएको छ । राजोपाध्याय जातिले इहि गर्ने कार्यमा पुरोहित भएर काम गरे तापनि उनीहरूको समुदायमा इहि गर्ने चलन छैन । त्यस्तै नेवार समुदायमा भए पनि राजवाहक, नगरकोटी, कपाली, खड्गी, धोबी, जोगी, पोडे, कुशले आदि जातिको इहि गर्ने चलन छैन । इहि संस्कारमा तीन चार दिनको कार्यक्रम हुनछ । पहिले दिन धुस्व हुन्छ । जुन दिन (बर्मु) बाजे अथवा बज्राचार्यले आफ्नो आफ्नै परम्परागत देउताको मण्डप बनाई त्यहाँ विभिन्न देउताहरूको आराधना गर्दछन् । इहि गर्दा केटीहरूको पक्षबाट एउटा पाला माटोको पालामा आफ्नै बेल एउटा गरी र पूजाको भाडा ल्याउने चलन छ । इहि गर्ने कम्तीमा पाँचजनासम्मको इहि गर्ने चलन छ । यसरी जनही एक वटा बेल र पाला राखेर पहिलो दिनमा बाजेले हिन्दु संस्कारअनुसार देउताको आराधना गरी होम गरी सकेपछि

इहि गर्ने केटीहरूलाई नङ काट्नको लागि एउटा मालिचा (बाँसको सानो प्वाल धकी मा धान चामल अलि राखि दिने र सो मालिचा नङ काट्ने दिदीलाई दिई नङ काट्न थताल्दछ । नङ काट्दा खेरी केटीको फुपू हुने चाहिने एउटा काँच वा धलौटीको थालमा नङ थाप्ने गर्दछ । यसरी नङ थाप्ने फुपूलाई आफ्नो अवस्थाअनुसार एक जोर लुगा राखी दिने चलन छ । यसरी नङ थापेको नङ नदीमा बगाइन्छ । त्यस नङ काट्ने काम सकेपछि नुहाईधुहाई गरी नयाँ लुगा लगाई मुलीले ती इहि गर्ने केटीहरूलाई लस्करै गरी देउता स्थापना गरेको नजिकमा पहिलो, दोस्रो गरी लाइनमा राखिन्छ । पहिलो, दोस्रो, तेस्रो वर्ष अनुसारको राखिन्छ । सबभन्दा जेठोलाई पहिलो गरी पन्ती वधु गरी राखिन्छ । यसरी राखी सकेपछि उनीहरूलाई देउता स्थापना गरेको ठाउँ बाजे अथवा गुरूबाले भेडापछि पूजा गराइन्छ । पूजा गरी सकेपछि इहि गर्ने केटीहरूले चोखो गरी पकाइएको भात,  दाल, तरकारी सबै थोक एउटै थालमा रक्सी, दूध, जाड गरी सबै थोक हुने गरी राखेर सज खुवाउने गर्दछ । त्यो पनि इहि गर्ने केटीहरूलाई एकैचोटी सवज खुवाइन्छ । जुन पछिको इहि गर्ने केटीहरूले खान्छन् । ती केटीहरूले खान नसकेका खानेकुरा दोबाटोमा फालिन्छ । यो दिन इहि गर्ने केटहिरूले सवज नखुवाउञ्जेल भोकै बस्नुपर्छ ।

त्यसको भोलिपल्ट दोस्रो दिनमा इहि गर्ने केटीहरू इहिको विधि नसिद्धिएसम्म भोकै बस्नुपर्दछ । त्यो दिन पहिलो दिन जस्तै नुहाई धुवाई गरी राम्रो लुगा लगाएर अथवा पातको लुगा लगाई इहि धोती (एक किसिमको सानो धोती, रातो खालको धर्को धर्को भएको धोती) लगाई हातखुट्टा धुलाई थकालीले लसकुस गरी लाइनमा बजाई देउता स्थापना गरको ठाउामा विधिअनुसार पूजा गराइन्छ । त्यसपछि पहिलेदेखि केटीको वेल पनि चाहिने । त्यस दिन अघिल्लो दिनमा पालामा वेल राखेर स्थापना गरेको सामानहरू त्यो पाला, वेल र पहेँलो धागो एउटा एउटा इहि गर्ने कटीहरूको अगाडि राख्दछ । अनि बाजेले पाठ पढेर टाउकोदेखि खुट्टासम्म धागोले एकाइस सुते लगाई दिन्छ । त्यसपछि त्यो धागो विधिअनुसार झिकी बेल हातमा राखी त्यही धागोले बाँधी राखिन्छ । त्यसपछि इहि गर्ने केटीको बाबुको काखमा इहि गर्ने केटी राखिन्छ । इहि गर्ने केटीहरू सबैलाई यसै गरी राखिन्छ । पछि मुल बाजेले स्तोत्र पढ्छ र बाजेको हातमा बेल र धागो राखी दिन्छ । यसलाई बेलविवाहको कन्यादान भन्दछन् । यसरी सबै इहि गर्ने केटीहरूलाई बाजेले स्तोत्र पढी एक एक कुस हातमा राख्दछ । बाजेले पनि यो बेल लिई उनीहरूको पालामा नै राखिदिन्छ । पछि पूजा गरिन्छ । त्यो दिन नुन खुवाउनु हुँदैन । थाःभु नकेगु काम हुन्छ । थाः भु भनेको काँचको थाल

त्रिकुतिमाथि राखी केटकिो अगाडि राखिन्छ । त्यस थालमा रोटी, दूध आदि खुवाउन राखिन्छ । सबै केटीहरूलाई एक एक गरी राखी दिन्छ । आफ्नो नाता कुटुम्बले रोटी दूध थालमा राखी खुवाउने चलन छ ।

यसरी खुवाई सकेपछि आफ्नो आफ्नो पाला र वेल आफ्नो अगाडि राखिन्छ । अनि घरबाट धान, चामल र लुगा ल्याएर त्यो इहि गर्ने केटीले दुई हात थापी धान, चामल र कपडा तीन पटक हातमा दिइन्छ । आफन्तहरूले पनि लुगा अथवा कपडा एक टुक्रा राखी धान, चामल राखी दिनुपर्छ । इहि मुकेगु इहि गर्ने घरबाट इहि गर्ने केटीहरूलाई नै कपडा एक र धान चामल दिने चलन छ । यति गरिसकेपछि त्यो कपडा धान चामल, पाला र वेल धागो सबै सामान आ-आफ्नो घरमा लैजान्छन् ।

तेस्रो दिनमा आफ्नो घरमा सगुन जोडी आ-आफ्नो कुल देउताकहाँ गई सगुन राखी पूजा गरी त्यो वेल धागो र पाला सबै देउतालाई चढाई प्रसाद लिइन्छ । त्यस आ-आफ्नो घरबाट गएको मान्छेले त्यही कुल देउताकहाँ बसी इहि गर्ने केटीलाई सगुन दिने चलन छ । त्यसपछि इहि गर्ने विधि सिद्धिन्छ । नेवारी जातिमा इहि नगरी हुँदैन भन्ने भए तापनि कुनै कुनै नेवार जातिमा इहि गर्ने चलन नभएको देखिन्छ । राजोपाध्याय जातिले इहि गर्ने कार्यमा पुरोहित भएर काम गरे तापनि उनीहरूको समुदायमा इहि गर्ने चलन छैन । त्यस्तै नेवार समुदाय भएपनि राजवाहक, नगरकोटी, कपाली (जुगी), खड्गी (कसाई), धोबी, पोडे, कुशले आदि जातिमा इहि गर्ने चलन छैन ।

### ५.१.२ बाह्रा तयेगु अथवा बाह्रा तयेगु (गुफा राख्ने/सूर्य दर्शन)

बाह्र दिनसम्म कोठामा राख्ने भएकोले बाह्रा तयेगु भन्ने चलन छ । धेरै जसो नेवार समुदायमा महिलाहरू रजस्वला हुने उमेर पुगेपछि र पहिलो पटक रजस्वाला हुना साथ महिलाहरूलाई अँध्यारो कोठामा बाह्र दिनसम्म राख्ने चलन छ । यसलाय सूर्य दर्शन अथवा बाह्रा तयेगु वा गुफा राख्ने भन्ने गर्दछ । पहिलो पल्ट रजस्वाला भएपछि मात्र गुफा राख्ने चलन छ । यसरी गुफा राख्ने बेलामा केटीलाई अँध्यारो कोठामा घाम पनि नछिर्ने गरी राख्दछ । गुफा राख्ने केटीलाई चार दिनसम्म नुन खुवाउनु हुादैन । चार दिनको दिनमा विहान सबेरै नुहाई धुवाई त्यही अँध्यारो कोठा पनि सफा गरी कोठामा नै राखिन्छ । र कोः चिकं साइके गर्दछ । कोः चिकं साइके गर्ने भन्दो कोः को अर्थ वुकुवा, नुन, चालमको धुलो

र जौको धुलो मिलाउर बनाएको हुन्छ । चिकं भनेको तेल हो जुन कपडा इत्यादि सामान राखी पूजा गरिन्छ अथवा घरको मूलीले केटीलाई दही चामलको टीका लगाई वुकुवा पनि लगाई दिने गर्दछन् । त्यसपछि एउटा बाह्रा ख्याः भन्ने एउटा अलगै ठाउँमा राखिन्छ जसलाई कपासको माध्यमबाट बनाई राखेको हुन्छ । त्यस दिनदेखि गुफा राख्ने केटीले जे खायो त्यो सम्पूर्ण चिज पहिले बाह्रा ख्याःलाई चढाउनु पर्दछ अनि मात्र केटीले खाने गर्दछ । त्यस दिनदेखि नुन खुवाउने चलन छ । यसरी कार्य नगरेको बेलामा नेवारी समुदायमा केटीको मामाघरबाट दूध, चाकु, चिउरा, घ्यू ल्याउनुपर्दछ । रजस्वला हुनुभन्दा अघि १२ वर्ष नभएको बेला गुफा राख्ने चलन पनि छ । गुफा राख्नलाई ज्योतिषबाट साइत देखाएर उपयुक्त साइत पारी घामको उज्यालो नपस्ने कोठाभित्र राख्ने चलन छ । गुफा राखेको महिलालाई कुनै पनि पुरूष जातिले हेर्न नहुने चलन छ । गुफा राख्दा गुफा राखेको घर र दाजुभाइ खलकहरू समेत अशुद्ध हुने हुनाले यस खयविली मागु भन्ने चलन छ । गुफा ननिकालेसम्म पूजाआजा चल्दैन । यसरी बाह्र दिनसम्म गुफा राख्दा बाह्र दिनभित्र आफ्नो नजिकको आफन्तहरूले छुस्याः मुस्याः खुवाउने भनि मकै, भटमास, गहुँ, केराउ, चना, सबै भुटेर ल्याउने र रोटी, फलफूलहरू दही, घ्यू पनि लिएर आउने चलन छ । गुफा राखेको ११ दिनसम्म गुफा कोठामा गुफा राखेको केटकिो साथीहरू आई नाचगान गरी खेल्ने र गट्टा पनि खेल्ने गरिन्छ । कान कान पिच्छा पनि खेल्ने गर्दछ । कोही कोहीले क्यारिम बोर्ड र लुडो पा खेल्ने गरिन्छ । गुफा राखेको बाह्र दिनको दिन गुफा निकाल्ने गरिन्छ । सो दिन सबै दाजुभाइले चोख्याउनु पर्दछ । गुफा निकाल्ने दिन गुफा रखेको केटीलाई दाजुभाइ खलक मुलीले (थकाली नकी) पूजाआजा गराई मु खछोपेर कौसमिा लगी ब्राम्हण बाजेले उसलाई पूजाआजा गराई पहिले सूर्यको दर्शन गर्न लगाउँछ । अनि बाबुको मुख देखाउँछ । अनि यसलाई सूर्य विवाह पनि भनिन्छ । यसरी पूजाआजा गरिसकेपछि विभिन्न किसिमको खाना, थकालीले केटीको टाउकोमा सिन्दुर राखी दिनुपर्दछ । अरु नकि कार्य हुन्छ । यतिसकेपछि त्यो विभिन्न किसिमका खाना चार दोबाटोमा लगी खन्याउन लैजान्छ । त्यसपछि माथिको कार्य सकिन्छ । त्यसपछि सिन्हभू, ज्वलान्हाकं सिन्हभू (सिन्दुर राख्ने भाडा, ज्वलान्हाकं (ऐना) समाउन लगाएर गणेश स्थान लगी पूजा गराई विर्सजन गर्ने चलन छ । साँझतिर गुफा कोठामा आउने साथीहरू, आफन्तहरूलाई भोज खुवाएँछ । ती आउनेहरूले नै गुफा राख्ने केटीहरूलाई लुगा कपडा ल्याउने चलन छ । यसरी रजस्वला हुने उमेर पुगेपछि गुफा

राख्नेलाई बाह्र तयेगु भनिन्छ भने पहिलो पटक रजस्वला भएर गुफा राख्नुलाई बाह्र च्वंगु भनिन्छ । यी दुवै चलन नेवारी समुदायमा रहेको छ ।

गुफा निकाल्ने दिनमा विवाह गर्ने बेलामा लगाउने लुगा लगाई मुख छोपी माथि कौसीमा लगिन्छ । त्यस बेला नयाँ अथवा चोखो लुगा एक जोर पनि सगुनमा दिँदा खेरी राखी दिनुपर्दछ ।

मनमैजु गाउँका नेवार समुदायमा पनि केटी बाह्र अथवा तेह्र वर्षको भयो कि गुफा राख्ने चलन छ । कसै कसैले भने ९ देखि १२ वर्षको भित्र पनि राख्ने चलन रहेको रहेछ । उनीहरूको गुफ राख्दा नुन बार्ने चलन छैन । बरु गुफा राखेको चार दिनपछि गुफा रखेको केटीलाई घरको परिवार कोही नउठेको बेलामा अथवा विहान सबेरै नुहार्य धुवाई गराउने चलन छ । १२ दिनको दिना गुफा निकाल्छ र त्यस समुदायमा घरको आँगनमा एउटा मण्डप बनाई त्यही पूजाआजा गर्ने चलन रहेको छ र त्यस समुदायमा पूजाआजाको हरेक कार्य नीनी (फुपू) ले गर्ने चलन रहेको छ र त्यसपछि घर नजिकैको गणेश मन्दिर लगी पूजाआजा गराई त्यहाँबट रूद्रायणी मा कहाँ पूजा गरी घर फर्कन्छ । घर फर्किसकेपछि आफ्ना आफन्तहरूले सगुनहरू दिएर लुगा कपडाहरू दिने गर्दछन् । यसरी नै साधारण तरिकाले मैनमैजुका नेवार समुदायमा गुफाको कार्य विर्सजन गरिन्छ ।

### ५.१.३ विवाह

संसार मानव जातिको भएदेखि नै दुईजनाबाट नै संसार उत्पत्ति भईरहेको छ । यसैले मानव जातिका विवाह जातिमा विवाह एक महत्वपूर्ण संस्कार हो । विवाहबाट नै परिवारको निर्माण हुन्छ । परिवार मिलेर समाज बन्दछ भने समाज मिलेर शहर बन्दछ । प्रत्येक समुदायको आ-आफ्नै किसिमको विवाह संस्कार हुन्छ । नेवार जातिको विवाह स ंस्कार विवाह विधि आफ्नो तरिकाको हुन्छ ।

नेवार जातिमा विवाह गर्न पहिले लमीले केटाको उमेर २० वर्ष र केटीको उमेर १८ वर्ष हुनुपर्दछ भनी नियम निकालेको थिए । पहिले त केटा र केटी साने उमेरमा विवाह गरिदिने चलन थियो । समय परिवर्तन हुँदै गयो विवाहको उमेर पनि बढ्दै गएको पाइएको छ । पहिले लमीले केटीको फोटो चिना हेरेर गर्नेले चिनाको नक्कल दिएर केटाको चिनासँगै देखाएर केटाको चिनासँग मिल्छ या मिल्दैन भनी देखाउँछ । यदि विवाह गर्नलाई केटीको

चिना केटाको चिनासँग मिल्दछ भने केही पट्टी कुरा गर्न अथवा केटालाई केटी देखाउने लमीले कुरा मिलाउँछ । केटातर्फ आमा, बाबु, अथवा साथी लिएर केटी हेर्न एक ठाउँमा जाने गर्दछ । केटी पट्टीका आमाबाबु केटा हेर्न आउँछ । त्यसै केटा पट्टीको पनि आमाबाबु केटी हेर्न आउँछ । त्यसै केटा हेरी सकेपछि केटालाई केटी र केटीले केटालाई चित्त बुझ्यो अथवा मन परायो भने विवाहको कुरा चलाउनलाई लमीलाई पठाइन्छ । त्यसपछि कुरा पकका गर्न अथवा कहिले सुपारी पठाउने, कहिले स्वयम्बर गर्ने, कहिले जन्ती अथवा वरियात जाने कहिले मुख हेर्ने कुराको छिनो गर्न केटा पट्टीबाट साइत केटीको चिनो देखाई साइत पक्का गरी विवाहको तालिका बनाइन्छ । त्यसपछि लमीले केटीको घरमा गई यो दिन पक्का गर्ने खबर पठाइन्छ । त्यो दिनमा केटाको घरबाट आमाबाब, बाजे, मामा र नातेदार गरी जम्मा भई सबैजना केटकिो घरमा जान्छ । केटी बाबु बाजे र नातेदारहरू र केटीपट्टिबाट गएको मान्छेहरूले कुरा गरी सुपारी लिने, स्वयम्बर, जन्ती र मुख हेर्ने इत्यादि बारेमा कुराकानी गर्दछ । यसरी कुरा गरी जन्त, स्वयम्बर इत्यादिको दिन तोकी कुराकानी गर्दछ । त्यसपछि केटाबाट गएका मानिसहरूलाई भोज खुवाई पठाइन्छ । विवाह हाडनाता रगत नातासँग विवाह गर्ने चलन छै न। यसरी गरिसकेपछि सुपारी लाने दिनमा आफ्नो नातेदारहरू सबै बोलाउनुपर्दछ । त्यो सुपारी लाने बेलामा विभिन्न किसिमको रोटी लाखामरी, चतार पाँच गरीको रोटी, विभिन्न किसिमको फलफूल, मूल्य जाने एकजोर लुगा, सिँगो सुपारी, सजाएको १२ वटा चाँदीको प्लेटमा राखी गहना एकजोर, मेकअपको सामानहरू इत्यादि साइत पाला राखी केटीको घरमा पठाइन्छ । केटीको घरमा पनि आफ्नो नातेदारहरू र हाडनाताहरू बोलाइएको हुन्छ । घरको मुलीले त्यस सुपारी ल्याएकोम ापूजाको भाडाले केटीलाई सगुन दिने चलन छ । आजकाल त्यसमा केक पनि रखोको हुन्छ । केक काट्न लगायन्छ । केक केटीले खाई अरुलाई बाँडदछ । तर फलफूल र रोटी एक दुईवटा झिकी केटी हुनेलाई दिइन्छ । उक्त नचलाइकन राखिन्छ । यसरी सुपारी लैजाने कार्यक्रमको समाप्त हुन्छ ।

त्यसपछि स्वयम्वरको दिनमा जन्ती लाने गर्दछ । त्यो स्वयम्वर धेरै जसो अथवा बेलुका लिने गरिन्छ । त्यो दिन कहल्या न्हाकेगु गर्नलाई विभिन्न किसिमको रोटी र फलफूल राखी र एउटा माटाको भाडालाई सजाएर त्यसभित्र लाखामरीको ठूलो बनाएर ३०/४० वटा डल्लो राखिन्छ र त्यसमा अबिर राखी त्यस भाडाको मुख नेपाली कागजबाट मोडेको हुन्छ । र सुनको बाला एउटा गुभाजुले लिएर ती सबै कुरा लिएर विहान जान्छ । यसरी गुभाजुले

विवाह गर्ने केटीलाई पूजा गराएर त्यो सुनको वाला लगाई दिने गर्दछ । त्यो भाडा केटीले त्यो भाडामा रहेको लड्डु पहिले देउताहरूको नाममा एउटा भाडामा राखिन्छ । त्यसपछि मुलीदेखि लिएर केटीको हाडनाताहरूलाई ती लड्डु एक एक गरी दने चलन छ । त्यसपछि गुभाजुलाई भोज खुवाईसकेपछि केटीको चिना एक किस्ती रोटी राखेर केटाको घरमा पठाइन्छ । यता विवाह गर्ने केटाले त्यो चिना नलाइएसम्म भोकै बस्ने गर्दछ । चिना ल्याएपछि त्यो चिना राखी केटालाई हातमा राखिन्छ त्यसपछि मात्र केटाले खानेकुरा खान्दछ तर आजकल वाल्या न्हाकेगु चलन धैरैजसोले गर्दैन । यसरी लोप हुँदै गयो भने विवाह छोटकरीमा गर्दछन् । त्यही दिन बेलुका जन्त जाने चलन छ । जन्तमा नातेदार र हाडनाता र आफ्नो घरका केटाहरू र केटीहरू सम्मिलित हुन्छन् । जन्त जाने बेलामा पान मसला दिने गर्दछ । त्यसै दिनमा भोज खुवाउने चलन छ । जन्त गएपछि केटाको घरमा काम हुँदैन । उता केटीको घरमा जन्तलाई अन्माउन छ । अन्माउन पहिले दुलहा भएको मोटरमा पुरोहितले पूजा गराउँछ । केटी पट्टिको घरमुलीले पूजा गरी सकेपछि ज्वाइँ हुनेको हात समाती घरभित्र लैजान्छ । अनि स्वयम्वरको साइतमा स्वयम्वर गर्ने केटी र केटालाई सँगै राखी पुरोहितले पूजाआजा गरी स्वयम्वर गराउन तजविज गराउछ । केटालाई पहिले पूजा गराइन्छ । केटीलाई पनि सरसजाई राम्रो लुगा लगाई मेकअप गराई मुख छोपी केटा भएको ठाउाम बसाइन्छ । अनि बाजेले त्यहाँ देउताको आराधना गरेको ठाउँमा पूजा गरी स्वयम्वर कार्य सुरु गर्दछ । स्वयम्वरमा पहिले केटीले केटालाई फूलमाला लगाई दिन्छ । आजकाल केटीले केटालाई घडी, सिक्री, फूलमाला, औंठी र वाला दिने गर्दछ । यसरी स्वयम्वरको कार्य सकिएपछि केटाले त्यहाँ राखेको चाँदीको बट्टा जसमा सिन्दुर राखिएको हुन्छ लिई राम्रो टुक्रा कपडाले बाजेले केटीको निधारमा सो राम्रो टुक्राको कपडा निधारमा राखी आँखा छोपी सिन्दुर लगाउन बाजेले पठाइन्छ । अनि केटाले सिन्दुर केटकिो निधारको दायाबट बायाँ र बायाँबाट फर्केर केटीको सिउँदोमा सिन्दुर राखी दिन्छ । यसरी तीनचोटी राखिसकेपछि त्यो कपडा विस्तारै झिकी सिन्दुर भएको चाँदीको बट्टा र कपडा सबै केटकिो हात राखी दिन्छ । तर कसै कसैले सिन्दुर केटाको घरमा लगेर हाल्ने चलन पनि रहेको छ । यसरी स्वयम्वरको कार्य सिद्धिन्त । त्यसपछि जन्त फर्कने कार्य सुरु गर्दछ । एकचोटी त्यस ठाउँबाट उठाई खान दिन गराउँछ । जन्त आउनेहरूलाई पनि खानपिन गरी पान मसला दिई बिदा गर्द छ। केटी जन्त दुहालासँगै फर्कने गर्दछ । जब केटी नयाँ घरमा पुग्छिन् त्यस बेला उनलाई सत्कार गर्न घरको ढोकामा कलस राखिन्छ र ढोका प्रवेश गर्दा पुरोहितले वैदिक पाठ

पढ्छन् र भित्र पसी सकेपछि माथि पूजा गर्ने ठाउाम लगी घरको परिवार र आफन्तले सिँगो साना सुपारी दसवटा हरेक एक जनाले दिने र सुपारी दिईसकेपछि ढोग्ने कार्य गरिन्छ । र समय बजी खुवाउने कार्य गरिन्छ । त्यसपछि त्यो दिनको कार्य सिद्धिन्छ । भोलिपल्ट सत्पाके कार्य गर्दछ । यसमा दुलहीको घरबाट साइपाटाका सामानहरू एउटा किस्तीमा फलफूल, एक किस्ती रोटी, माटोको भाडामा सजाएको र भित्रमा डल्लो कलिमरी रोटी ३०/४० वटा राखी मुखमा कागजले छोपेको हुन्छ । अनि छुस्या मुस्या, लाभा, मकै भुटेको, चना कुटेको, गहुँ भुटेको इत्यादि राखी एउटा भाडा तमकः एक किसिमको भाडामा राखिएको हुन्छ । दुलहीलाई लुगा एकजोर एउटा एउटा थालमा सिन्हभू ज्वलान्हाकं कसैले चाँदीको बनाएको हुन्छ । कसैको धलौटको बनाएको हुन्छ । यस सामान दुलहीको घरबाट ल्याउँछ । त्यसपछि बाजे अथवा पुरोहितले मन्त्र पढी सम्प्या गर्ने सुरु हुन्छ । त्यसबेला दुलहा हुनेले दुलहीलाई सिधारबाट गरी दिने कार्य गरी सकेपछि त्यो माटोको माझमा रोटी दुलहा हुनेले झिकी, दुलही हुनेले छुस्याःमुस्या झिकी एउटा एउटा चढाइन्छ । पछि आफ्नो घरको परिवारलाई पनि दिन लगाइन्छ । यसरी कार्य सकेपछि कोठामा लैजान्छ । यसपछि उनीहरूलाई खुवाउने कार्य गरिन्छ । यस दिन भोकै सम्याके गर्दछ । कोही कोहीले त्यही दिनमा अथवा भोलिपल्ट मुख हेर्ने कार्य गर्दछ । त्यही दिन रातितिर गर्दछ । यसमा पनि दुलहीको घरबाट विभिन्न किसिमको चार किस्ती रोटी, लाखामारी, चार पाँच किसिमको पाँच छ वटा लाखामारी राखिएको हुन्छ । ६ थरीको फलफूलको किस्ती अलग राखिन्छ । सिँगारिएको माछा दुईवटा राखिन्छ । सिँगारिएको माछा इत्यादि राखी जुन बेला सुपारी साइत पाता लगेको सामान इत्यादि राखिएको हुन्छ र बेहुलीलाई एक जोर लुगा राखेर ल्याउँछ र घरको लोग्ने मानिस सबै र आफन्तहरू र नातेदारहरू सबै मुख हेर्न जान्छन् । त्यहाँ माइतीको बाबुले केटीलाई लुगा लगाई दिन्छन् र बाबु हुनेले सुनको गहना लगार्य पैसा हातमा राखी दिन्छ । त्यसरी राखी दिँदा बेहुलीले ढोग्नु पर्दछ । त्यसपछि अन्य नातेदारहरूले पनि आफ्नो-आफ्नो गच्छेअनुसार पैसा राखिन्छ । बेहुलीभन्दा कान्छो छ भने कान्छो हुनेले बेहुलीलाई ढोग्नुपर्दछ । यसरी यो सकेपछि दुलही हुनेलाई घरमुलीबाट घरको सबैजा तथा आफन्तहरूलाई चिनाउँदछ र सबैलाई सुपारी दिई ढोग्नु पर्दछ । सबैजनालाई चिनजान गराई सकेपछि सगुन दिने कार्य गर्दछ र सगुनको रूपमा रक्सी, माछा, अण्डा राखिएको हुन्छ जुन दुलहीले आ-आफ्ना चिनजानको आफन्तहरूलाई दिनु पर्दछ र ढोग्नु पर्दछ । दुलहीको हातबाट सगुन लिईसकेपछि सबै कार्यहरू सकिन्छ । यसरी नै नेवारी

समाजमा विवाह गर्ने चलन छ । र नेवारी समुदायमा कहिले पनि केटी पक्षले विवाहको कुरा राख्दैन र केटाले केटी हेर्ने चलन छैन । सबै कुरा लमीले नै मिलाउने गर्दछ ।

यसरी नेवारी समुदायमा विवाहको तरिका र विधि भए पनि मनमैजुको नेवारी समुदायमा भिन्दै तरिका छन् । मनमैजुका नेवारी समाजमा विवाह प्रायः युवावस्थामा नै गर्ने चलन छ । पुरूषहरू सालाखाला १९/२० वर्षमा विवाह गर्छन् भने महिलाहरू १५/१६ वर्षमा गर्दछन् । साथै ढिलो विवाह पनि त्यति प्रचलित छैन । यस जातिको पुरूष तथा महिला प्रायः १५ देखि २० वर्षको उमेरमा विवाह गर्ने गर्दछन् । मनमैजुको नेवार जातिका विवाह गर्दाको उमेर तल लेखिए बमोजिम देखिएको छ ।

**तालिका नं.१२**

**नेवार समाजमा विवाह गर्दाको उमेरको स्थिति**

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | १५-२० वर्ष | ३८ | ६८ |
| २. | २०-२५ वर्ष | १० | १८ |
| ३. | २५ भन्दा माथि | ८ | १४ |
| | जम्मा | ५६ | १०० |

स्रोत : स्थलगत भ्रमण, २०७४ ।

## ५.२ नेवार जातिको विवाह संस्कारमा आएको परिवर्तन

समाजका सदस्यहरूका मूल्य, मान्यता, प्रथा, परम्परा, रीति, रिवाज, सामाजिक, संस्था, संरचना प्रणालीहरूमा समय सापेक्ष परिवर्तन भईरहन्छन् । यी कुराहरूको परिवर्तन भएसँगै सामाजिक संस्थामा परिवर्तन हुने गर्दछ । विवा हपनि एउटा सूक्ष्म सामाजिक संस्था हो । साथै संस्कारगत अभ्यास पनि हो । विवाद्वारा नै सन्तानको उत्पत्ति हुने, यौन

सम्बन्धको नियन्त्रण हुने, परिवारको विकास हुने र समाजको निरन्तरता हुने गर्दछ । अमेरिकन मानवशास्त्री टेविस हेनरी मोर्गानले विवाहको उत्पत्तिलाई जोडेर समाज विकासले क्रममा विवाहको विभिन्न तरिकाहरू विकास हुँदै आएको हो भनेका छन् । जस अनुसार समाज विकासको पहिलो चरणमा एउटै बाबु आमाका सन्तान, दाजुभाइ तथा दिदी बहिनी बीच हुने हाडनातामा आधातिर विवाह प्रचलन थियो । दोस्रो चरणमा गोत्र बाहिरका दाजुभाइ र दिदी बहिनीहरू बीच हुने सामूहिक विवाहकाके सुरुवात भयो । तेस्रो चरणमा युगल विवाह गर्ने प्रचलन विकास भएको हो । जहाँ एक पुरूषले एउटै स्त्रीसँग मात्र विवाह गर्ने तर स्त्रीका सम्पूर्ण दिदी बहिनीसँग शारीरिक सम्पर्क राख्न पाउन प्रचलन थियो । त्यसपछि चौंथो चरणमा एउटा पुरूषले धेरै महिलासँग विवाह गर्ने र तिनीहरूबाट जन्मेका सन्तानले सम्पत्तिको उत्तराधिकारी हुने किसिमको एकल विवाहको विकास भएको छ जुन आजको समाजमा पनि विद्यमान छ (मोर्गान, १८७७) । विशेषगरी परम्परागत विावह संस्कारमा परिवार हुँदै आउनुमा औद्योगीकरण, सहरीकरण, शिक्षाको विकास, विभिन्न राष्ट्रहरू बीचको सांस्कृतिक आदान प्रदान, राजनीतिक परिवर्तन विभिन्न समयमा भएका महिला आन्दोलन तथा नारी स्वतन्त्रताका धारणाहरूले विवाहमा परिवर्तन हुँदै आएको देख्न सकिन्छ ।

नेपाली समाजमा परापूर्वकालदेखि नै पूर्वमा मेची र पश्चिममा महाकालीसम्म फैलिएर बसोवास गर्दै आएको जाति नेवार जाति हो । जुन समुदाय प्रायः जसो शहर केन्द्रित भई बसोवास गर्ने गरेको देखिन्छ । यिनीहरूको मुख्य बसोवासको क्षेत्र भन्नुपर्दा काठमाडौं उपत्यका र उपत्यका वरिपरि जिल्लाहरू रहेको छ । अरु जातिहरूभन्दा नेवार जातिहरूको विशिषता फरक देखिन्छ । संस्कृतिकै हिसाबले हेर्ने हो भने पनि नेवारहरूको संस्कृति विश्वकै संस्कृतिभन्दा अगाडि देखिन्छ । यी जातिहरूको परम्परागत विवाह पद्धति नेपालका अन्य जातीय समूहको भन्दा फरक रहेको देखिन्छ । आफ्नै परम्परा र संस्कृतिमा रहेर मानी आएको संस्कारलाई आफ्नै मूल्य मान्यताअनुसार सम्पन्न गर्दछन् । यस समुदायमा प्रायः जसो मागी विवाहको नै प्रचलन रही आएको देखिन्छ र विवाहमा पुरोहित रूपमा गुभाजुद्वारा संस्थाहरू सम्पन्न गर्ने गर्दछन् । यस समुदाय छोरीलाई दाइजोको रूपमा अनिवार्य तामाको घ्याम्पो दिने प्रचलन रही आएको देखिन्छ । यस जातिमा प्रारम्भमा १५-१६ वर्षमा नै छोरीको विवाह गर्ने प्रचलन थियो भने क्रमशः यसलाई परिमार्जन गर्दै अन्य जातिको तुलनामा नेवारी जातिमा ढिला विवाह गर्ने प्रचलनको विकास भएको देखिन्छ ।

समयको परिवर्तन र शिक्षाको विकाससँगै विवाह लगायत हरेक संस्कारहरूमा परिवर्तन हुँदै आएको देख्न सकिन्छ । अध्ययन क्षेत्र मनमैजु १९ का नेवार जातिको विवाहमा आएको परिवर्तनलाई केही बुँदागत रूपमा यसरी उल्लेख गर्न सकिन्छ ।

### ५.२.१ विवाहको उमेरमा आएको परिवर्तन

शारीरिक र मानसिक रूपमा सक्षम भएपछि मात्र कुनै पनि युवायुवतीहरूको विवाह गर्नु राम्रो मानिनछ । कतिपय परम्परालाई हेर्दा बालविवाह गर्ने प्रचलन पनि देखिन्छ । अझैसम्म तराईका केही स्थानहरूमा बालविवाहको प्रचलन भेट्न सकिन्छ । हिन्दु समाजमा सन्तान प्राप्त नभई स्वर्गको ढोका नखुल्ने रूढीवादी मान्यताअनुसार बढी उमेरका पुरूषले कम उमेरका युवतीसँग विवाह गर्ने चलन थियो । राज्यद्वारा निर्मित कानुनमा महिला र पुरूषको उमेर संरक्षकको मञ्जुरी भए १८ वर्ष र मञ्जुरी नभए २० वर्ष (मुलुकी ऐन विवाहवारी महलको २ नं.) ले तोकेको छ, त्यो भन्दा फरक पर्न गएमा दण्डनीय मानेको छ । आधुनिक समाजमा पनि शिक्षाको विकास, एकल परिवारको चाहना, यौन सम्पर्क प्रतकिो मान्यतामा आएको परिवर्तनका कारण २० वर्षपछि विवाह गर्ने प्रचलनको विकास भएको देखिन्छ ।

अध्ययन क्षेत्रका नेवार जातिमा पनि १५ र १६ वर्षमा नै छोरीको विवाह गर्ने प्रचलन थियो । त्यसैगरी नेवार समुदायमा पनि विभिन्न थरका नेवाहरू छन् जसमध्ये बलामी जातिमा छोरीहरूको विवाह ५ र ६ वर्षमा नै गरिदिने चलन थियो । सानो उमेरमा कन्यादान गरिदिएमा स्वर्ग जान पाइन्छ भन्ने अन्धविश्वासका कारण सानै उमेरमा आफ्ना छोराछोरीहरूको विवाह गरिदिने गर्थ्यो तर अहिले समय परिवर्तन, सांस्कृतिककरण, शिक्षाको विकास, धर्ममा आएको परिविर्तनका कारण आफ्ना छोरा छोरीहरूको विवाह उमेर पुगेपछि मात्र गर्ने गर्दछन् । उमेर पुगेर विवाह गर्दा आफ्नो सन्तान शारीरिक, मानसिक रूपमा पनि सक्रिय हुन्छन् जसले गर्दा उनीहरू कुनै पनि काममा पछाडि पर्दैन भन्ने मानसिकताले विकास भएको देखिन्छ ।

### ५.२.२ जीवन साथीको रोजाइमा आएको परिवर्तन

नेवार जातिमा सानै उमेरमा विवाह गर्ने विगतको प्रचलनमा अभिभावकले नै युवा युवतीको विवाहको कुरा सम्पन्न गर्दथे । यहाँ जसले विवा हगर्ने उनीहरूलाई आफ्नो जीवन

साथी रोज्ने प्रावधान हुँदैन थियो । समय परिवर्तन सँगै नेवारी समुदायमा विशेष गरी अरु जातिको तुलनामा ढिलो विवाह गर्ने प्रचलन रही आए पनि विवाहका उमेर पुगेका केटाकेटी आफ्नो जीवनसाथी रोज्न पाउँदैन थियो । प्रयाः जसो मागी विवाह नै गर्ने गर्थ्यो । अभिभावकको रोजार्यलाई नै समर्थन गर्ने गरिन्थ्यो तर अहिले समाजमा आएको परिवर्तन, बढी उमेरमा विवाह गर्ने प्रथाको विकास, शिक्षाको विकास र बाहिरी संसारमा स्वतन्त्र रूपले हिड्न पाउने समयको विकास सँगै आफैंले जीवनसाथी रोज्ने गर्दछन् । र त्यस रोजाईमा अभिभावकको भूमिकामा पनि परिवर्तन आएको देखिन्छ । आफ्नो छोराछोरकिो रोजाईलाई पनि अभिभावकहरूले समर्थन गर्ने प्रचलनको विकास हुँदै आएको छ ।

### ५.२.३ दाइजो प्रथामा आएको परिवर्तन

आजको पुँजीवादी समाजमा विवाह संस्कारमा प्रतिस्पर्धात्मक रूपले दाइजो दिने प्रचलन बढ्दै गएको पाइन्छ । तराईका धेरै जसो जातीय समुदायमा दाइजो प्रथाकै कारण छोरी जन्मनुलाई राम्रो मानिँदैन । दाइजो नल्याएका वा दाइजो थोरै भएका कारण बुहारीको हत्या हुने गरको घटनाहरू पनि छन् । अन्य जातिहरूको भन्दा नेवार जातिको दाइजो प्रथा अलिक फरक देखिन्छ । यस समुदायमा छोरीलाई दाइजोको रूपमा अनिवार्य तामाको घ्याम्पो दिनुपर्दछ जुन तामाको घ्याम्पो मामाघरको पक्षले ल्याउनुपर्दछ । जति जना मामा हुनुहुन्छ सबैले घ्याम्पा नै दिनुपर्दछ । यस जातिमा तामाको घ्याम्पा दिनुको महत्व भन्नु पर्दा त्यसमा सधैं जति सकिन्छ त्यति पैसा जम्मा गर्ने गर्दछ । र मामाघर पक्षले सक्नेले अरु दाइजो पनि दिने गर्दछ । र मामाघर पक्षले सक्नेले अरु दाइजो पनि दिने गर्दछ । त्यसैगरी कोटासेट पनि अनिवार्य रूपमा दिने गर्दछ र सँगसँगै अरु उपहारहरू पनि दिने गर्दछन् । दाइजो प्रथा संस्कार मात्र नभएर जिविकोपार्जनसँग जोडिएको आर्थिक पक्ष पनि हो । नेवार जातिमा संस्कृतिकरण सँगै यस समुदायमा पनि दाइजो प्रथामा परिवर्तन आएको देखिन्छ । अहिले जिन्सी सामान नदिएर नगद दिने प्रचलन चलि आएको देखिन्छ र एक अर्काको देखासिकी गरी दाइजो दिने प्रचलन हट्दै गएको देखिन्छ । अहिले विवाह गर्दा केटीलाई केटाले एक सरो गहना दिए पुग्छ । पहिला केटी पक्षले केटा पक्षमा गहना माग्ने प्रचलन थियो भने अहिले विस्तारै हट्दै गएको छ र आफ्नो इच्छाअनुसार गहना दिने प्रचलन चलि आएको छ । यसरी केटा पक्षले पनि केहीको पनि माग गर्दैनन् । यो पक्ष भनेको दाइजोमा आएको परिवर्तन हो ।

### ५.२.४ अभिभावकको भूमिकामा आएको परिवर्तन

नेवार जातिको परमपरागत विवाह प्रथामा छोराछोरीको उमेर पुगेपछि बुबाआमा, नातागोताले नै विवाह गरिदिने दायित्व हुने गर्दथ्यो र बुबाआमा र नातागोताले हेरेको वा रोजेको व्यक्तिसँग विवाह गर्ने गर्दथ्यो । केटा वा केटीका तर्फबाट मान्यजन तथा बुढापाकाहरू सरसल्लाह गरेर केटा केटी दुवैको चिना जुराएर मात्र विधिपूर्वक विवाह कार्य सम्पन्न गरिदिने प्रचलन थियो । विवाह गर्ने केटाकेटीको गोत्र र थर नमिलेमा कुरा अगाडि बढाउँदैन थियो र नेवार जात भित्रको नै आफूभन्दा सानो जातिसँग विवाह गर्ने प्रचलन थिएन तर अहिले त्यस्तो परम्परा तथा संस्कारमा परिवर्तन आएको देखिन्छ । उमेर पुगेका केटीकेटी बीच मन मिलेपछि दुवैतर्फका अभिभावकहरूले त्यस सम्बन्धलाई स्वीकार गर्ने परम्पराको विकास भएको देखिन्छ । यस्तो हुँदा विवाहको लागि खर्च पनि कम हुने र दुवै तर्फ बीच सहमतिमा कुरा अगाडि बढाई सामान्य तरिकाबाट पनि विवाह सम्पन्न गर्ने परम्पराको विकास भएको देखिन्छ र अभिभावकहरूले पनि आफ्नो उमेर पुगेका केटाकेटको लागि केटी मागेर वा खोजेर हिँड्ने झन्झट पनि हुँदैन र खर्चको जोहो गर्नुपर्ने झन्झटबाट पनि छुटकारा मिल्छ ।

### ५.२.५ विवाहको विधिमा आएको परिवर्तन

हरेक समाज र संस्कृतिका आफ्नै विधि र पद्धतिहरू हुने गर्दछन् । समाज परिवर्तन हुँदै जाँदा परम्परागत विधि र पद्धतिहरू झन्झटिला लाग्दै जाँदा समय सापेक्ष परिवर्तन गर्दै लाने गरिन्छ । विगतदेखि वर्तमानसम्म आईपुग्दा विवाह संस्कारका परम्परागत विधिमा परिवर्तन हुँदै आएको पाइन्छ । हिन्दु धमृमा परम्रागत विवाहका गुप्रै विधिहरू छन् । जसलाई समय सापेक्ष परिवर्तन गर्दै लगेको देखिन्छ । नेवार जातिमा पनि आफ्नै किसिमका विवाह संस्कार छन् । विश्वव्यापी रूपमा नै हेर्ने हो भने नेवार जातिको संस्कृतिमा पृथक्ता पाइन्छ । यिनीहरूको आफ्नै किसिमका रहनसहन, रीतिरिवाज, मूल्य मान्यता, भाषा र संस्कृतिहरू रहेका छन् त्यही संस्कृतिभित्र रहेर हरेक संस्कारहरू गर्ने गर्दछन् । समयको परिवर्तन सँगै यस जातिका संस्कारहरू पनि परिवर्तन हुँदै गएको देखिन्छ । यस जातिमा केटीहरूको साने उमेरमा गरिने संस्कारहरू जस्तै : बेल विवाह र सूर्य दर्शन जसमा पहिलेको तुलनामा निकै परिवर्तन आइसकेको छ । वेल विवाह ५-६ वर्षभित्र गरिन्थ्यो भने अहिले गुफा राख्ने १ हप्ता अगाडि वेल विवाह गरी ९-१० वर्षको भित्रमा गुफा राख्ने

गर्दछन् र विविधहरूमा पनि धेरै नै परिवर्तन आएको देखिन्छ । समयलाई मध्यनजर गर्दै विविधहरू पनि छोटो हुँदै गएको देखिन्छ । त्यसैगरी विवाहमा केही माग्नेदेखि लिएर विवाहको अनेक संस्कारहरूमा परिवर्तन भएको देखिन्छ । पहिला रात समयमा मात्र विवाह गरिन्थ्यो भने अहिले जुनसुकै समयमा पनि विवाह सम्पन्न गरिन्छ र विवाहको भोजमा नेवारी भोज मात्र नगरेर अन्य जाति समुदायले गर्ने जस्तै भोज गर्न थालिसकेको छन् । केटाकेटीको चिना जुराएर मात्र विवाह गरिन्थ्यो भने अहिले चिना जुराई रहनु पर्दैन । दुईतर्फी बीच कुरा मिलेमा विवाह सम्पन्न गरी हाल्दछन् । विवाहमा केही पक्षले गहनाले माग गर्ने, साइपाटाको माग गर्ने र सुपारी नसमातेसम्म विवाह पक्का हुँदैन थियो तर अहिले यी सबै प्रचलनहरूमा परिवर्तन हुँदै गएको देखिन्छ । सुपारी पनि विवाहको दिनको एक दुई घण्टा अगाडि समात्ने प्रचलनको विकास भएको देखिन्छ । दाइजोको रूपमा पनि जिन्सी सामान दिनुपर्छ भन्ने छैन आफूलाई जे इच्छा लाग्छ त्यही दिँदा हुन्छ । विवाहको हरेक संस्कारहरू छुट्टाछुट्टै दिनका सम्पन्न गर्ने प्रचलन थियो भने अहिले एकै दिनमा सम्पन्न गर्ने देखिन्छ । त्यसैगरी क्रिश्चियन धर्म अँगालेका नेवारहरूले क्रिश्चियन विधिअनुसार नै विवाह सम्पन्न गरेको देखिन्छ । यसरी विवाहको विधिमा परिवर्तन आएको देख्न सकिन्छ ।

# अध्याय : छ

# अध्ययनको सारांश र निष्कर्ष

## ६.१ अध्ययनको सारांश

नेपालको अन्य जाति तथा समुदायका मानिसहरूको भन्दा नेवार जातिहरूको समुदायका मानिसहरूको आर्थिक एवम् सामाजिक पक्ष तुलनात्मक रूपमा सबल नै देखिन्छ तर ग्रामीण भेग भई बसोवास गर्ने समुदायको कमजोर देखिन्छ । शहर केन्द्रित भई बसोवास गर्नेको तुलनामा ग्रामीण भेगमा बसोवास गर्नेहरू आधारभूत आवश्यकताबाट पिछडिएको देखिन्छ । यिनीहरू अन्य आदिवासी र जनजातिहरूमध्ये उन्नत जनजातिभित्र पर्ने भए तापनि सामाजिक तथा आर्थिक अवस्था शहरी क्षेत्र भई बसोवास गर्ने र ग्रामीण क्षेत्र भई बसोवास गर्नेमा फरक फरक रहने देखिन्छ । नेपाल भूमिमा परापूर्वकालदेखि बसोवास गर्दै आएका विभिन्न जातिहरूमध्ये नेवार जाति पहाडी र तराई जातिभन्दा केही फरक नपर्ला । यी जातिहरूको मुख्य बसोवास नेपालको पूर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्म फैलिएर रहेको पाइन्छ । कुनै पनि जातिको जातीय यीतहास क्रमबद्ध रूपले स्थिर गर्न वंशावली, अभिलेख, ऐतिहासिक विवरण जस्ता प्रमाणिक लेखौटहरू आवश्यक पर्दछ । यस समुदायका बारेमा विभिन्न लेख रचनाहरू प्रशस्त पाइन्छ तर पनि अझ त्यसलाई नयाँ र विस्तृत ढङ्बाट प्रस्तुत गर्ने आवश्यक देखिन्छ ।

नेपालमा बसोवास गर्ने प्राचीन जातिहरू नेवार जाति पनि एक हो । अरु जातिहरूभन्दा नेवार जातिहरूको विशेषता फरक देखिन्छ । संस्कृतिकै हिसाबले हेर्ने हो भने पनि नेवारहरूको संस्कृति विश्वकै संस्कृतिभन्दा अगाडि देखिन्छ । नेपालको संस्कृति रूपी भावनामा नेवार जातिहरू खम्बाको रूपमा रहेको मान्न सकिन्छ । यिनीहरूको सामाजिक संस्कारमा हेर्दा छोरालाई न्वारन, पास्नी, छेवार, व्रतबन्ध र विवाह गर्दछन् भने छोरीलाई न्वारान, पास्नी, इहि, गुफा र विवाह गर्दछन् । बुढाबुढीलाई पनि भीमराथारोहण गर्ने गर्दछन् ।

नेवारहरू हिन्दु तथा बौद्ध धर्म दुवै मान्छन् । धर्ममा उनीहरू ज्यादै विश्वास गर्दछन् । त्यसैले पूजाआजा, चाडपर्व, जात्रा आीदमा परिवर्तन चाहँदैन । नेवारहरू सामाजिक, सांस्कृतिक, धार्मिक, चाडपर्व, जात्राहरूमा धनी छन् । यस्ता चाडपर्व, जात्राहरूले

गर्दा यिनीहरू ऋणग्रस्त पनि छन् । नेवार समाज पितृसत्तात्मक समाज हो । यिनीहरूमा पहिले संयुक्त परिवारको परम्परा थियो भने अचेल नयाँ पुस्ताका युवाहरूमा एकात्मक वा सानो परिवारको चाहना बढी भएको पनि देखिन्छ । नारीको अवस्था र नारी शिक्षाको स्थिति ज्यादै नाजुक देखिन्छ । सामाजिक विधि व्यवहार तथा दैनिक कार्य प्रणालमिा महिलाको असमान प्रतित हुन्छ । हिन्दु समाजमा महिलाको स्थान उच्च भए तापनि नेवार समाजमा नेवारी महिलाहरूको अवस्था सन्तोषजनक मान्न सकिँदैन । नेवार महिलाहरू पनि अन्य समुदायका झैँ हिन्दु समाजमा महिलाको थान उच्च भए तापनि नेवार समाजमा नेवार महिलाहरूको अवस्था सन्तोषजनक मान्न सकिँदैन । नेवार महिलाहरू पनि अन्य समुदायका महिलाहरू झैँ आफ्नो जीवनकालमा कुनै पनि अवस्थामा आफूलाई स्वतन्त्र भएको महसुस गर्न सकेको पाइँदैन । घरमुली घरका बुढापाका लोग्ने मानिसले नै हुने गर्दछ । पैतृक सम्पत्तिमा छोराको अधिकार हुनु, पुरूषहरूले बहु विवाह गरे पनि हुने र महिलाले गरेमा नराम्रो मान्नु, विधवा विवाहलाई सामाजिक मान्यता नदिनु एकै खाले काममा पनि पुरूषलाई भन्दा महिलालाई कम ज्याला दिनु आदि कारणले पुरूषको तुलनामा महिलाहरूको अवस्था अलि खस्केको अनुभव गर्न सकिन्छ । त्यस्तै महिलाहरूको स्वास्थ प्रति सचेत नहुनु र आफ्नो अधिकार प्रति बढी सचेत नहुनु आदि कारणले गर्दा नेवार समाजमा नेवार महिलाहरूको अवस्था पुरूषहरूको तुलनामा राम्रो मान्न सकिँदैन छोरीलाई शिक्षा दिलाउनु पर्छ भन्ने चेतना भए तापनि घरको गरिबीले गर्दा बढी शिक्षा प्रदान गर्न असमर्थ देखिएका छन् ।

मनमैजुका नेवार समाजमा शिक्षाको विकास त्यति हुन सकेको छैन । अधिकांश नेवार बालबालिकाहरू दैनिक घरेलु धन्दामा लागेका हुन्छन् । स्वास्थ्य सुविधा, नयाँ धारणा आदिबाट टाढा रहको छन् । उनीहरूको रहनसहन, भेषभुषा साधारण खालको छ । शहरबाट नजिकको नगरपालिका भए तापनि उनीहरूको प्रभाव त्यति राम्रो छैन । समग्रमा भन्दा आर्थिक र शैक्षिक कारणले नै नेवारहरू परम्परागत रूपमा समस्याग्रस्त छन् भन्ने महसुस हुन्छ । यी नेवारहरू आर्थिक दृष्टिले ज्यादै पछाडि परेका छन् । यिनीहरू धेरै जसो कृषि र घरेलु काममा जीवनयापन गर्दछन् । यिनीहरूको कृषिपद्धति र घरेलु उद्योगमा आधुनिकताले प्रभाव पार्न नसकेकोले यिनीहरू आीर्थक स्थितिमा ज्यादै पछाडि परेक ाछन् । यिनीहरू मनाउने चाडपर्वहरूमा गडेमंगल, इन्द्रजात्रा, तिहार, धान्य पूर्णिमा माघे संक्रान्ति, सिठी नखः, जनै पूर्णिमा, जात्रा गुठी देवाली आदि मानाउने गर्दछन् ।

## ६.२ अध्ययनको निष्कर्ष

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक मुलुक भएकोले यो जाति बहुल राष्ट्र हो । याहँ विभिन्न आर्थिक, सामाजिक र सांस्कृतिक विवधिता भएका मानिस बसोवास गर्छन् । यी मध्ये नेवजा जाति पनि एक हो । यिनीहरूको बसोवासको क्षेत्र हेर्ने हो भने शहर केन्द्रित भई बसोवास गर्दै आएका देखिन्छ । यस जातिको मूल बसोवास काठमाडौं उपत्यकाका विभिन्न ठाउँहरू लगायत भक्तपुर, ललितपुर, साखु आदि रहेको छ । यिनीहरू शहर केन्द्रित मात्र भएर बसोवास नगरी विभिन्न जिल्लाको ग्रामीण भेगमा पनि बसोवास गर्दै आएको पाइन्छ । काठमाडौं जिलल तारकेश्वर नगरपालिका १९ मनमैजुका नेवार जातिको सामाजिक, सांस्कृतिक तथा आीर्थक अवस्था, परम्परागत विवाह संस्कार र विवाह संस्कारमा आएका परिवर्तनका बारेमा गरिएको यस अध्ययनका निम्नि निष्कर्ष निकाल्न सकिन्छ ।

काठामडौं उपत्यका र उपत्यका वरिपरिका जिल्लाहरू जसलाई नेपाल मण्डल भनिन्छ त्यहाँका आदिवासी या मुख्य वासिन्दा नेवाहरू हुन् । यिनीहरू प्रायः जसो शहर केन्द्रित भई बसोवास गर्ने गर्दछन् । अरु जातिहरूभन्दा नेवार जातिहरूको विशेषता फरक देखिन्छ । संस्कृतिकै हिसाबले हेर्ने हो भने पनि नेवारहरूको संस्कृति विश्वकै संस्कृतिभन्दा अगाडि देखिन्छ । नेवार जातिको आफ्नै मौलिक भाषा भईकन नेपाली भाषा पनि बोल्ने गर्दछन् ।

मनमैजुका नेवारहरूको सामाजिक, सांस्कृतिक अध्ययन गर्दा उनीहरूको उत्पत्ति ऐतिहासिक कालदेखि नै भएको मान्न सकिन्छ । प्रायः जसो शहर केन्द्रित भई बसोवास गरे तापनि अन्धविश्वास र रूढीवादी विचारधाराबाट प्रभावित भएको भन्ने बुझिन्छ । नेवार समाजमा आधुनिकताले प्रवेश गरेको हुँदा अव युवा पुस्ता  वृद्ध पुस्ता दुई वर्गमा विभाजित गर्न सकिन्छ । युवा पुस्ता सचेत भई विकास गर्न तर्फ प्रयत्नरत छन् भने पुरानो पुसता आफ्नो मोलिक संस्कार र परम्परागत धारणको लोप हुन लागेको मा चिन्तित देखिन्छन् ।

मुख्य पेसा कृषि भए तापनि कृषिबाट वर्ष दिन गुजारा नचल्ने हुँदा अधिकांश नेवाहरू वैकल्पिक पेसाको रूपमा उनीहरूकै परम्परागत पेसा घरेलु तथा कुटीर उद्योग,

ज्याला मजदुरी, नगन्य रूपमा सरकारी नोकरी र व्यापार व्यवसाय, सिकर्मी आदिमा लागेर जीवन विनर्वाह गरेका छन् ।

नेवारहरूको आफ्ना छुट्टै भाषा, संस्कृति र सामाजिक परम्प्रा भएको र आफ्नै मौलिक बाजा जस्ता पर्वहरू भएको हुँदा यिनीहरू आफैँ पूर्ण देखिन्छन् । यिनीहरूमा वचत गर्ने बानी छैन । विभिन्न चाडवाड, सामाजिक संस्कार, जात्रामा आफ्नो गच्छेले नभ्याउमा ऋण लिएर भए पनि खर्च गर्ने गर्दछन् । फलस्वरूप उनीहरूको आीर्थक अवस्था माथि उठ्न सकेको छैन । आजको २१ औं शताब्दीमा आएर पनि पुारना रूढीवादी र संस्कार रहन्छन् । अहिले उनीहरू विरामी हुँदा धामी झाँक्रीभन्दा वैद्यकहाँ बढी उपचार गराएको देखिन्छ । समयको परिवर्तन सँगै यिनीहरूमा पनि आफ्नो सामाजिक परम्परामा परिवर्तन आएको देखिन्छ ।

नेवार जातिमा विगतमा हिन्दु धर्म संस्कारअनुसार सानेमा विवाह गर्ने प्रचलन थियो । विवाहमा घरको मुली, गोत्रका वरिष्ठ सदस्यको भूमिका निर्णायक हुने गर्दथ्यो । यस समुदायमा केटी माग्न जाँदा फलफूल र केटीको लागि सौभग्यको सामान लिएर जानु पर्दथ्यो । विवाहको कुरा लमी मार्फत गरिन्थ्यो । यस जातिमा विवाह गर्दा केटाकेटी चिना जुराएर मात्र विवाह गरिन्थ्यो । यदि केटाकेटीको चिना नजुरेमा विवाहको कुरा अगाडि बढाउँदैन थियो र गोत्र पनि एउटै हुनुपर्दछ । परम्परागत रूपमा मागी विवाह, प्रेम विवाह, बहुविवाह प्रचलनमा रहेको देखिन्छ । विवाहमा मामा पक्षले दाइजोको रूपमा अनिवार्य तामाको घ्याम्पो दिने प्रचलन रहेको देखिन्छ र सक्ने दाइजोको रूपमा अरु जिन्सी सामान पनि दिने प्रचलन रहेको देखिन्छ । क्रिश्चियन धर्ममा रहेका नेवार जातिले क्रिश्चियन विधिअनुसार नै विवाह सम्पन्न गर्ने गरेको छ ।

समयको परिवर्तन, शिक्षाको विकास, धर्मको परिवर्तन, बाहिरी अन्य समाज सँगको सम्बन्ध आदिले नेवार जातिको विवाह संस्कारमा परिवर्तन हुँदै गएको देखिन्छ । जस अन्तर्गत विगतमा १५-१६ वर्षको उमेरमा गरिने विवाह अहिले ढिलो विवाहमा परिणत भएको छ । अहिले आफ्नो केटाकेटीको इच्छा विपरीत विवाह गर्ने प्रचलन हराएर गएको देखिन्छ । जीवन साथीको रोजाईमा युवा युवतीको भूमिका बढ्दै गएको छ भने विगतका हिन्दु संस्कारमा पूरा गर्नुपर्ने विवाहका रीतहरूमा सरलीकरण हुँद गएको छ । विवाहको विधिमा पनि समय छोटो हुँदै गएको देखिन्छ । विवाहमा नेवारी संस्कार अनुसारको नेवारी

भोज नै खुवाउने र विवाह रातको समयमा मात्र गर्ने प्रचलन थियो भने त्यसमा पनि अहिले परिवर्तन भएको देखिन्छ । भोज भतेरमा पनि अनिवार्य रूपमा मद्यपान राख्ने चलन थियो भने त्यो चलन पनि हट्दै गएको देखिन्छ र भोज भतेरमा गरिने खर्चमा कमी हुँदै आएको छ । अन्य संस्कारहरूलाई पनि छिटो छटो विधिबाट सम्पन्न गर्ने प्रचलनको विकास भएको देखिन्छ । यसरी विवाह संस्कारमा क्रमिक रूपमा परिवर्तन हुँदै आएको देखिन्छ ।

## सन्दर्भ सामग्रीहरू

आचार्य, बाबुराम (२००९) नेवारी भाषा र नेवारी संस्कृति, काठमाडौं ।

एन्गेल्स फ्रेडरिक (सन् १९८६), परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति, प्रगति प्रकाशन काठमाडौँ (नेपाली संस्करण) ।

खत्री, प्रेमकुमार (२०४४) नेपाली समाज र संस्कृति, काठमाडौँ साझा प्रकाशन,

डंगोल रामबहादुर (२०३८) काठमाडौँ उपत्यकामा नेवारी समुदायले मनाउने मुख्य चाडपर्वहरू, शोधपत्र ।

तथ्याङ्क विभाग (सन् २००१), राष्ट्रिय जनगणना, श्री ५ को सरकार केन्द्रीय तथ्याङ्क विभाग काठमाडौँ ।

पाण्डे मधुसुदन (२०६५) नेपालका विभिन्न जनजातिहरू, पैरवी प्रकाशन, काठमाडौँ ।

बज्राचार्य रत्नकाजी (२०४६) नेवाः संस्कार संस्कृतिमा ता.चा.ने.सं.११०९ ।

मिश्र, चैतन्य (२०६७), "विवाहको अर्थ राजनिति" काठमाण्डौं :साझा प्रकाशन,

मुल्याङ्कन ।

रिट्जर, उत्तरदार्ता (सन् २०००), समाजशास्त्रीय सिद्धान्त, म्याकग्रीहिल न्यूर्योक । नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान (२०५२) नेपाली बृहत् शब्दकोष, काठमाडौँ ।

राई, प्रकाश कुमार (२०७१), "नेपाली समाज र संस्कृतिका उपागमहरु"

किर्तिपुर एकेडेमिक बक सेन्टर त्रि.वि. ।

रेग्मी, जगदीश चन्द्र (२०३५) नेवारी संस्कृतिको रूपरेखा, काठमाडौं ।

सूचना विभाग (२०३१) मेचीदेखि महाकालीसम्म, काठमाडौँ, भाग-३ ।

विष्ट डोरबहादुर (२०३०) सबै जातको फूलबारी, काठमाडौँ साझा प्राकशन ।

शर्मा जनकलाल (२०४९) हाम्रो समाज एक अध्ययन, प्रतिवेदन - पश्चिमाञ्चल विकास क्षेत्रमा विकासका प्रयासहरू

Bista Dor Bahadur - People of Nepal Kathmandu, 1966.

Bhattachan, K.B and Mishra Chaitanya(2000),"Development

Gurung, Harka (2003),"Social Demogrphy Of Nepal

2001" Kathamandu: Himal Book

## अन्तर्वार्ता अनुसूची

## अध्ययनको क्रममा प्रयोग गरिएको प्रश्नावली

| | |
|---|---|
| नाम : | पेसा : |
| ठेगाना : | लिङ्ग : |
| उमेर : | मिति : |
| नगरपालिका : | वडा नं. : |

१. तपाईको घर परिवारका सदस्यहरूमा छोरा वा छोरी वर्गको शैक्षिक स्थितिको सङ्ख्यात्मक स्थिति कस्तो छ ?

| शैक्षिक स्तर | शैक्षिक सङ्ख्या |
|---|---|
| (क) निरक्षर | छोरा वर्ग/छोरी वर्ग |
| (ख) साक्षर | २/२ |
| (ग) प्राथमिक | |
| (घ) निम्न माध्यमिक | |
| (ङ) माध्यमिक विद्यालय | |
| (च) क्याम्पस | |

२. छोरा सरह छोरीलाई पनि पठाउन समान प्रयास गर्नु भएको छ ?

(क) छ (ख) छैन

३. तपाईंको परिवारमा छोरा जन्मियोस् या छोरी २ वटा हुने बित्तिकै नियोजन गर्ने प्रयास गर्नु हुन्छ वा गर्नु हुन्न ?

(क) गर्छौं (ख) गर्दैनौ

४. यदि परिवार नियोजन गर्नुहुन्छ भने धेरै जसो महिला वर्गको कि पुरूषको ?

(क) महिला (ख) पुरूष

५. यदि तपाईंको घरमा कसैलाई सुत्केरी गराउनु पर्‍यो भने सामान्य रूपमा कहाँ लग्नु हुन्छ अथवा के गर्नुहुन्छ ?

(क) हस्पिटल (ख) सुढेनी (ग) घरैमा सुत्केरी गराउने

६. तपाईंको समाजमा महिलाहरूलाई कुन उमेरसम्म विवाह गर्न उपयुक्त ठान्नुहुन्छ ?

(क) पर सर्न सुरु हुनु अगावै (ख) पर सर्न सुरु हुनु पछाडि

७. तपाईंको घर परिवारमा कोही विरामी भएमा सुरुमा कस्तो उपचार विधि अपनाउनु हुन्छ ?

(क) डाक्टर अथवा वैद्य जँचाउने

(ख) धामी झाक्रीमा देखाउने

(ग) देवी देवताको पूजा गर्ने

(घ) बली चढाउने

(ङ) अन्य

८. तपाईंले कस्तो किसिमको परिवारलाई बढी ग्राहर्स्यता दिनुहुन्छ ?

(क) सानो परिवार (ख) संयुक्त परिवार

९. घरको कुनै पनि काममा निर्णय गर्दा धेरैजसो निर्णायक भूमिका कसको हुन्छ ?

(क) महिलाको (ख) पुरूषको (ग) दुवैको अपासी समझादरी

१०. तपाईंको घरमा टि.भि. प्रयोग छ/छैन भए महिला सम्बन्धी कार्यक्रम कत्तिको हेर्नुहुन्छ ?

(क) नियमित  (ख) आक्कल झुक्कल

११. तपाईंको घर परिवारमा व्यक्तिहरू सामुदायिक कार्यक्रममा सहभागी हुन कत्तिको इच्छुक हुनुहुन्छ ?

(क) पटक्कै इच्छुक नहुने

(ख) अलि अलि हुने

(ग) अक्सर हुने

१२. तपाईं कुनै पनि सामाजिक कार्यक्रममा भाग लिँदा त्यसमा संलग्न रहन कुनै समस्या पर्ने गर्दछ ?

(क) घरायसी कामले

(ख) परिवारको कुनै समस्याले गर्दा

(ग) त्यस्तो कार्यक्रममा भाग लिने बानी बसी नसकेकोले

१३. तपाईं आफ्नो समयलाई बढी के मा बिताउनु हुन्छ ? (घरको मुली महिलालाई मात्र)

(क) आफ्नो मुख्य पेसाको कार्यमा

(ख) आफ्नो घरको कार्यमा

(ग) दुवैमा समान रूपले

१४. तपाईं आफ्नो पेसाको लागि सालाखाला दिनको कति घण्टा काम गर्नुहुन्छ ?

(क) एकछिन मात्र

(ख) एक विहान वा आधा दिन

(ग) दिनभरि नै

१५. महिला र पुरूषले खेतबारीमा बढी कसले काम गर्दछ ?

(क) महिला (ख) पुरूष (ग) सालाखाला बराबरी

१६. तपाईंको पेसा खेती गर्ने हो भने उक्त खेती गर्ने जग्गा मोहियानी हो या आफ्नै रैकर ?

(क) मोहियानी (ख) रैकर

१७. खेती उब्जनीको खाद्यान्न पर्याप्तता कस्तो छ ?

(क) छ महिनाभन्दा कम पुग्छ ।

(ख) पूरै वर्षलाई पुग्छ

(ग) बचत भएर बेच्न समेत पुग्छ

१८. तपाईंको घरका मुख्य आर्थिक स्रोत के-के हुन् ?

(क) खेती उब्जनीको बेचविखन

(ख) व्यापार व्यवसाय

(ग) ज्यामा काम गरेर

(घ) ऊनी धागो काटेर

(ङ) अन्य

१९. तपाईंको घर परिवारमा सरकारी/ऋण लिएर कुनै कार्य गर्नु भएको छ कि छैन ?

(क) छ (ख) छैन

२०. छ भने त्यस्तो ऋण के के लागि लिएको ?

(क) खेतीको लागि (ख) घरायसी खचृको लागि

(ग) पारिवारिक चाडपर्वको लागि (घ) औषधी उपचारको लागि

२१. अहिलेको समाजले माग गरे बमोजिम छोरीलाई पनि छोरा सरह अंश दिनुपर्छ भन्ने कुरामा तपाईंको के विचार छ ?

(क) दिनुपर्छ (ख) पर्दैन

२२. तपाईंको रीतिरिवाजहरू परम्परागत ढङ्गबाट नै मान्दै आउने चलन अझै यथावतै चलेको छ कि छै न?

(क) छ (ख) छैन

२३. तपाईंको समाजमा महिलाको अवस्था कस्तो छ ?

(क) ठीक छ

२४. जग्गाको स्वामित्व, क्षेत्रफल रोपनीमा

(क) खेत १५ (ख) बारी ४

(ग) आफ्नो आफैले कमाएको (घ) आफ्नो अरुलाई दिइएको

(ङ) अरुको कमाएको

२५. तपाईंको जग्गा कस्तो किसिमको छ ?

(क) सम्म परेको (ख) पाखो

(ग) बारी (घ) भिरालो

२६. बालीहरू बढी कुन छन् ?

(क) खाद्यान्न बाली (ख) नगदे बाली

२७. तपाईंको समुदायमा कति प्रकारको विवाह प्रचलित छन् ?

(क) .............

(ख) ..............

(ग) ...............

२८. विवाहमा पुरोहितको रूपमा कसले कार्य गर्दछ ?

.............................................................

२९. विवाहमा दाइजो प्रथा छ कि छैन ?

(क) छ (ख) छैन

३०. छ भने दाइजोमा के के दिनुहुन्छ ?

..................................................................

३१. तपाईंहरूका विवाह प्रकार अनुसारको विश्लेषण गरिदिनु होस् ।

(क)

(ख)

(ग)

३२. छोरा र छोरीको विवाह कति वर्षमा गर्नुहुन्छ ?

(क) छोराको ....... वर्षमा

(ख) छोरीको ....... वर्षमा

३३. विवाह संस्कारमा पहिले र अहिले भिन्नता छ कि छैन ?

(क) छ (ख) छैन (ग) थाहा छैन

३४. यदि परिवर्तन भएको छ भने के-के कुराहरूमा, कसरी परिवर्तन भएको छ बताई दिनुहोस् ।

.............................................................

..............................................................

३५. विवाहमा कस्तो प्रकारको लुगा र गरगहना अनिवार्य हुन्छ ?

.......................................................................

३६. विवाहको लागि कस्तो प्रकारको भोजन तयार पारिन्छ ?

.......................................................................

३७. विवाह संस्कारमा सुधार गर्नुपर्ने केही कुरा छन् कि छैनन् ?

(क) छन्  (ख) छैनन  (ग) थाहा छैन

३८. यदि छ भने के-के कुराहरूमा सुधार गर्नुपर्छ जस्तो लाग्छ ?

.........................................................................................